# पहिलो अध्याय

## शोध परिचय

### १.१ विषय परिचय

सेती अञ्चलको सबैभन्दा उत्तरमा पर्ने पहाडी जिल्ला बझाङ भूगोल र अवसरका दृष्टिले कठिन जीवन भएको जिल्ला हो । बझाङ जिल्ला ३४२२ वर्ग कि.मि. क्षेत्रफल भएको जिल्ला हो । यस जिल्लाको उत्तरमा जुम्ला र चीनको स्वसाशित क्षेत्र तिब्बत, पूर्वमा बाजुरा, दक्षिणमा डोटी र पशिचममा बैतडी र डडेल्धुरा रहेको छ। यस जिल्लामा ४७ गा. वि. स. रहेका छन् ।

एउटा कालो ढुंगो (बज्र) लाई महादेवको अङ्ग मानिएकोले यसलाई व्रजेश्वर महादेव भनी पुजा गरिएको र यही नाम अपभ्रंश भएर बझाङ बनेको मानिन्छ । यहाँको कोट (किल्ला) मा ब्रजेश्वर महादेवको नाथ पनि छ । बाइसे चौबिसे राज्य रहेका बेला जुम्लापछिको ठूलो राज्य बझाङ लाई मानिन्थ्यो ।[1]

बझाङ जिल्लामा प्रचलनमा रहेका लोककथा स्थानीय जीवनसँग सम्बन्धित रहेको पाइन्छ । कृषि, पशुपालनको कार्य प्रमुख रूपमा हुने हुँदा खेतीपातीको समयमा लोककथा भन्ने सुनाउने प्रवृत्तिले मौखिक श्रुतिपरम्परामा लोककथा जीवित रहेको पाइन्छ ।

लोक साहित्यका अन्य विधाहरूमा जस्तै लोककथामा पनि लोक जीवनको चित्र आएको हुन्छ । लोककथाहरू प्रायः न्यायको पक्षमा उभिएका पाइन्छन् । सुखान्त हुनु लोककथाको मूल धर्म हो । केही कथाहरू भने दुःखान्त नै हुन्छन् । बझाङी लोककथामा पनि कुनै सुखान्त र कुनै दुःखान्त भएको पाइन्छ ।

लोककथाका विषयहरूको सीमा बाँध्न गाह्रो छ । तिनमा इतिहास, पुराण, धर्म-संस्कृति, समाज, प्रेम, साहसिकता, अलौकिकता आदि विभिन्न कुराहरूले स्थान पाएका हुन्छन् । कतिपय लोककथाका बिचमा लयात्मक स्वर वा श्लोक घुसाउने परम्परा पनि पाइन्छ । आकारका दृष्टिले कुनै लोककथा ज्यादै छोटा पनि हुन्छन् भने कुनै चाँहि व्यक्त हुने क्रममा केही घण्टाको समय लिन सक्छन् । मौखिक परम्पराले गर्दा ठाँउ-ठाँउमा एउटै लोककथाका अनेक पाठ-भेदहरू फेला पर्नु कुनै अनौठो कुरा मानिदैन । लोककथाको अध्ययन सङ्कलनलाई हेर्दा बझाङ जिल्लाका लोककथाहरूको अध्ययन कार्य भएको देखिदैन ।

### १.२ समस्या कथन

बझाङ जिल्लाका प्रचलित लोककथामा स्थानीय जन जीवनका विभिन्न पक्षहरू समेटिएका छन् । प्रस्तुत अनुसन्धान निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ ।

क) बझाङ जिल्लामा के कस्ता लोककथाहरू प्रचलित छन् ?

ख) बझाङ जिल्लामा प्रचलित लोककथालाई के कसरी वर्गीकरण गर्न सकिन्छ ?

ग) बझाङ जिल्लामा प्रचलित लोककथाहरू कथा तत्त्वका दृष्टिले के कस्ता रहेका छन् ?

### १.३ शोधको उद्देश्य

बझाङ जिल्लामा प्रचलित लोककथाको अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) बझाङ जिल्लाका लोककथाहरूको सङ्कलन गर्ने ।

[1] ज्ञानेश्वर भट्टराई, **बृहत् ज्ञानकोश,** ( काठमाडौं : आषिश पुस्तक भण्डार, २०६५), पृ.२४८ ।

ख) बझाङ जिल्लामा प्रचलित लोककथाहरूको वर्गीकरण गर्ने ।

ग) बझाङ जिल्लामा प्रचलित लोककथाहरूलाई कथातत्त्वका आधारमा विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

बझाङ जिल्लाका लोककथाका बारेमा हालसम्म विस्तृत अध्ययन हुन सकेको छैन । बझाङी लोकसाहित्यको बारेमा केही अनुसन्धान भएका छन् । ती अध्ययनलाई पूर्वकार्यको समीक्षाका रूपमा समयक्रमानुसार यस प्रकार छ ।

रामप्रसाद उपाध्याय २०५७) ले **बझाङी देउणा गीतको अध्ययन** (स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभाग, मा बझाङका देउणाको अध्ययन गरेका छन् । उनले आफ्नो अध्ययनमा लोककथाको अध्ययन भने गरेको पाइँदैन ।

देवीप्रसाद ओझा (**२०६०**) ले **सुदूर पश्चिमाञ्चलमा साहित्य र साहित्यकारहरू** पुस्तकमा बझाङको साहित्य र साहित्यकारको अध्ययन गरेका छन् ।उक्त पुस्तकमा लोकसाहित्य बारेमा अध्ययन गरिएको छैन ।

यज्ञराज यात्री र अन्य (**२०६०**) ले **साहित्यकार परिचय कोश** मा बझाङका केही साहित्य र साहित्यकारको बारेमा चर्चा गरेका छन् । लोकसाहित्य र लोककथाको बारेमा चर्चा गरिएको छैन ।

हितराज जोशी (२०६१)ले **बझाङी संस्कृतिमा भुओगीतको अध्ययन** (स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभागमा बझाङका भुओगीतको अध्ययन गरेका छन् । लोककथाको अध्ययन भएको भने पाइँदैन ।

विश्वराज सोती (२०६२) ले **बझाङी माँगलहरूको अध्ययन** (स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभागमा बझाङका माँगलहरूको अध्ययन गरेका छन् । लोककथाको अध्ययन शोधमा समाविष्ट छैन ।

धन गिरी (२०६५) ले **बझाङी गाउँखाने कथाको अध्ययन** (स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभागमा बझाङका गाउँखाने कथाको अध्ययन गरेका छन् । उनले लोककथाको बारेमा अध्ययन गरेका छैनन् ।

पुष्करराज भट्ट (२०६५)ले **सुदूर पश्चिमाञ्चलमा मातृभाषा साहित्य** पुस्तकमा बझाङी भाषा र साहित्यको बारेमा अध्ययन गरेका छन् । बझाङी लोकसाहित्य र लोककथा सम्बन्धमा उनको अध्ययन केन्द्रित छैन ।

विष्णु बहादुर दौल्याल (२०६५) ले **बझाङ थली नौबिसमा प्रचलित माङ्गलहरूको अध्ययन** ( स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभागमा बझाङका माङ्गलको अध्ययन गरेका छन् । उनले बझाङी लोककथाको अध्ययन भने गरेको पाइँदैन ।

विष्णु बहादुर दहनी (२०६५) ले **बझाङ जिल्लाको बाह्रमासे गीतको अध्ययन** (स्नात्तकोत्तर नेपाली शोधपत्र, नेपाली केन्द्रीय विभागमा बझाङका बाह्रमासे गीतको अध्ययन गरेका छन् । लोककथा तर्फ उनको अनुसन्धान पुगेको देखिँदैन् ।

यस बाहेक त्रिभुवन विश्व विद्यालयमा शोधपत्र तयार पार्ने क्रममा विभिन्न शोधार्थीले स्थानगत आधारमा बझाङ जिल्लाको लोकसाहित्यको सङ्कलन गरे तापनि बझाङ जिल्लाका लोककथाहरूको सङ्कलन र विश्लेषणका लागि कुनै अनुसन्धान कार्य नगरेकोले यस अवस्थामा प्रस्तुत शोधको महत्व देखिन्छ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

बझाङ जिल्लामा प्रचलित लोककथा बारे अध्ययन भएको छैन । लोककथाहरूको चर्चा भएको अवस्था पनि छैन । त्यसैले यस अध्ययनको औचित्य र महत्त्व स्वतः पुष्टि हुन्छ । समाज विकासका क्रममा लोककथाहरू क्रमशः लोप हुँदै जान थालेको अवस्थामा त्यहाँका लोककथाका बारेमा विस्तृत रूपमा अध्ययन गरी यस भेगको लोक संस्कृतिलाई संरक्षण गर्न आवश्यक देखिन्छ । मौखिक रूपमा बाँचिरहेका बझाङी लोककथालाई केही मात्रमा लिपिबद्ध रूपमा जोगाउने कार्यमा यो शोधकार्य उपयोगी रहने छ । यसले भावी पुस्तालाई लोक परम्परासँग साक्षात्कार गराउनुका साथै बझाङी लोकसाहित्यको संरक्षण र सम्वर्द्धनमा थप योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यसका अतिरिक्त नेपालका सुदुर पश्चिम क्षेत्रको विकट पहाडी जिल्ला बझाङको लोक साहित्यको अध्ययन अनुसन्धानका दृष्टिले पनि प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ ।

## १.६ अध्ययनको सीमाङ्कन

यस अध्ययनमा बझाङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन गरिएको छ । लोक साहित्य अन्तर्गत लोककथाको क्षेत्र व्यापक भए तापनि यस शोधमा शीर्षक अनुसार बझाङ जिल्लाको सदरमुकाम नजिकको क्षेत्रका गा. वि. स. लाई नै प्रमुख कार्यक्षेत्र बनाएर लोककथाको सङ्कलन गरिएको छ । लोककथाको वर्गीकरण विश्लेषण विभिन्न आधारमा गर्न सकिने भए तापनि यहाँ वर्गीकरणका लागि विषयवस्तुलाई र विश्लेषणका लागि कथातत्त्वलाई मात्र आधार बनाइएको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत शोधपत्रका निम्ति सम्बन्धित जिल्लामा गई क्षेत्रीय अध्ययन कार्यका आधारमा सामग्री सङ्कलन गरिएको छ । त्यसैले यसमा क्षेत्रीय अध्ययन पद्धतिलाई अँगालिएको छ । यस क्रममा बझाङ जिल्लामा प्रचलित लोककथाहरू समुदायका विभिन्न व्यक्तिहरूलाई भन्न लगाई लिपिबद्ध गरिएको छ । सम्बन्धित ठाउँका बुढाबुढी, युवा युवती, साक्षर निरक्षर र बालबालिकासँग भेट गरी सामग्री सङ्कलन गरिएको छ साथै बझाङी भाषाका विज्ञहरूसँग भेटघाट, अन्तर्क्रिया एवम् अन्तर्वार्ताका आधारमा यिनको प्रामाणिकता पनि परीक्षण गरिएको छ । लोककथाको सैद्धान्तिक अध्ययनको विश्लेषणका निम्ति विश्लेषणात्मक विधालाई अँगालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित ढङ्गबाट पूरा गर्न निम्न लिखित मूल शीर्षक र आवश्यकता अनुसार उपशीर्षक समेत राखी अध्ययन गरिएको छ ।

१. पहिलो परिच्छेद – शोधपरिचय

२. दोस्रो परिच्छेद – लोककथा सिद्धान्त

३. तेस्रो परिच्छेद – बझाङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन

४. चौथो परिच्छेद – बझाङ जिल्लामा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

४. पाँचौं परिच्छेद – उपसंहार

# दोस्रो परिच्छेद

## लोककथाको परिचय र सिद्धान्त

### २.१ लोककथा सिद्धान्त

लोककथा लोकसाहित्यको प्रमुख विधा हो । नेपाली लोकसाहित्यका क्षेत्रमा लोककथाको अध्ययन गर्ने परम्परा निरन्तर रूपमा चल्दै आएको पाइन्छ । नेपाली लोककथा बारेमा थाहा पाउन यसको सिद्धान्तको बारेमा थाहा पाउनु आवश्यक हुन्छ ।

### २.१.१ लोककथाको परिचय

लोककथा लोक साहित्यको महत्त्वपूर्ण र समृद्ध विधा हो । 'सामान्यतः लोक जीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्त्वहरूको मिश्रण गरी लोक समुदायद्वारा रचना गरिएका र मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथा हुन् ।[२]

लोकसाहित्यसँग सम्बन्धित लोककथाको परिचय प्रस्तुत गर्ने क्रममा लोक साहित्यको बारेमा सामान्य चर्चा गर्नु उपयुक्त र सान्दर्भिक ठहरिन्छ ।

"गाँउघरे चरीको सुमधुर लयमा गाँउघरे झरीको वर्षाको तालमा गाँउघरे झरना नदी नाला खहरे गतिमा गाँउघरे सुख दुःख आवाहन गाँउघरे जङ्गलको मृदुमुस्कानमा गाँउघरे डाँडाकाँडा हिमचुचुराको गगनचुम्बी लक्ष्यमा गाँउघरे जनताको नैसर्गिक हृदय उद्‌गारमा नेपाली साहित्यको सिर्जना भो, सिर्जना भइरहेछ र हुने पनि छ । यसैले लोक साहित्य जनताको श्रीसम्पत्ति हो जनताकै निमित्त सिर्जना भएको मानौ लोकतन्त्र सरकार झैं ।"[३]

लोकसाहित्य लोक जीवन र जनमानसमा अनुभव अनुभूतिको संगालो हो । लोक साहित्यसँग अन्तर्निहित रहेको लोककथा लोकमानसकै सामाजिक सांस्कृतिक पक्षहरूसँग सम्बन्धित सशक्त विधा हो । लोककथा प्राचीन समय देखिप्रवाहित हुँदै वर्तमानसम्म आइपुगेको विधा हो । यो लोकप्रिय र मनोरञ्जनात्मक विधाका रूपमा विकसित विधा हो ।

"वास्तवमा नेपाली लोक साहित्य त्यो साहित्य हो जसमा नेपालीहरूको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ आफ्नै पनको शैली छ अझ यस नेपाली लोक साहित्यमा सत्यम् शिवम् सुन्दरम्‌को रूपमा नेपाली नृत्य नेपाली सङ्गीत र नेपाली कविता पनि छ । सबै नेपाली छन्द नेपाली ताल नेपाली सुर र नेपाली भावमा ढालिएका ।[४]

लोककथा मानव जीवनको विस्तृत गहिराइ एवं विविधतालाई काल र स्थान अनुरूप समृद्ध गरी विगतको सांस्कृतिक अवशेष संरक्षित गर्ने आफैमा सानो संग्रालय भएको मानव सभ्यता तथा संकृतिको विभिन्न चरणको ऐतिहासिक विकासोन्मुख भौगोलिक विभेदको यात्राक्रम अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ, सर्वग्राही र मनोरम साधन हो ।

"लोक जीवनको अकृतिम तर मर्मस्पर्शी दिगम्बर अभिव्यक्ति लोककथा मनोरञ्जन तथा प्रशिक्षण दुबै दृष्टिकोणले संसारमा जताततै लोकप्रिय र व्यापक छ । सहि अर्थमा लोककथा जातिको लोक जीवनको सजीवतालाई परिपूर्ण हुन्छ । मानव समाजमा प्रचलित नीतिशास्त्र, न्यायशास्त्र, धर्मशास्त्र आदिको विकासक्रम अंकित मानव मनको सनातन पालि लोककथा मानवशास्त्रीय तथा समाजशास्त्रीय दृष्टिकोणले अत्यधिक महत्त्वपूर्ण प्रमाणित भैइसकेको छ । लोककथालाई परम्परागत सांस्कृतिक

---

[२]मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी, **नेपाली लोक साहित्यको रूपरेखा** ( काठमाडौं : साझा प्रकाशन, २०६८) पृ. १ ।

[३] सत्यमोहन जोशी, **हाम्रो लोकसंस्कृति,** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०१४), पृ. १९१ ।

[४] ऐजन, पृ. १९० ।

अवशेषका रूपमा मात्र ग्रहण गरेर केवल संग्रहालयमा सङ्कलित गरिनु पर्ने वस्तु मान्नु अनुपयुक्त हुनेछ । लोककथा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुन्छ ।"[५]

लोककथा वर्तमान र अतीतको समिश्रण रहेको लोक साहित्यको सम्पन्न विधा हो । लोककथाले लोक साहित्यको महत्वपूर्ण विधाका रूपमा आफ्नो स्थान ओगटेको छ ।

लोककथालाई चिनाउने क्रममा बासुदेव त्रिपाठीले भनेका छन् "आदिम मान्छेको भावना र सांस्कृतिक अवस्था नै लोककथामा अभिव्यक्त गरिएको हुन्छ । वास्तवमा लोककथा भनेको त्यस्ता कथाहरू हुन् जुन कल्पनाको धरातलमा अडिएका हुन्छन् र वैज्ञानिक सचेतनाका दृष्टिले आदिम प्रतीत हुन्छन । तिनले संसारमा डुब्न कल्पनाको महल चहार्नुपर्ने हुन्छ ।"[६]

लोक संस्कृति र लोक सभ्यताको परिचायकका रूपमा लोककथाले आफ्नो परिचय दिएको छ । यो लोकमानसमा झंकार र सांकृतिक पक्षको सचित्र वर्णन हो । लोककथालाई 'कथा', 'दन्त्यकथा' वा 'सास्तर' पनि भनिन्छ । यसको भन्ने सुन्ने परम्परा ज्यादै पुरानो मानिन्छ । त्यसैले लोककथालाई संसारको समस्त कथा साहित्यको जनक पनि भनिन्छ । जीवनमा सुख दुःख, उकाली ओराली, घामछाँया, हारजीत, घटना-दुर्घटना आदिबाट गुज्रदै मान्छेले सृष्टिकालदेखि वर्तमान समयको यात्रा पूरा गरेको छ । यस क्रममा ऊ कहिले शोकाकूल भएर रूदै र सुँकसुँकाउँदै कहिले नाच्दै, गाउँदै र उफ्रदैं कहिले प्रेम सागरमा पौडिदै वीरताको भाव पोख्ने र कहिले घृणाका ज्वाला ओकल्दै आएको छ । यसै सिलसिलामा उसले अनन्त कल्पना उचाई र गहिराइ छुने प्रयास पनि गरेको छ । यी विभिन्न क्षणमा मनभित्र खेल्ने अनेक कुराहरू कार्य र करणका सम्बन्धमा उनिदैं र बुनिदैं भाषिक माध्यमबाट हुँदा नानाथरीका लोककथाहरू जन्मेका छन् । तिनका सङ्ख्या अनन्त छन् । संसारका अरू देशका कुरै छोडौं नेपालकै रस्तीबस्तीमा चाहार्ने हो भने पनि अत्यन्तै धेरै लोककथाहरू सङ्कलनका पोल्टामा पर्न सक्छन् ।[७] लोक जीवनमा मौखिक परम्परामा हस्तन्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथा कथा शव्दको प्रचलन लोक साहित्यका धारणाको विकासपछि भएको हो । लोक जीवनमा दन्त्यकथा शव्दको प्रचलन पाइन्छ । कथा र कथुङ्ग्री मिलाएर कथाकुथुङ्ग्री भन्ने चलन पनि छ ।[८]

नेपाल चारजात छत्तीस वर्णको फुलबारी हो । जातजातिमा पाइने जन विश्वासको आधारमा विभिन्न खालका लोककथाहरू यहाँ पाइन्छन् । लोककथाको माध्यमबाट असहाय, अशक्त, निर्धा निमुखालाई देवताले सहयोग गरेर विजय भएको पाइन्छ । जुन यथार्थमा सत्यको सधैं विजय र असत्यको सधैं पराजय गराएर मानवलाई नीतिमूलक शिक्षा दिएको पाइन्छ । लोककथाले मानव मनमा भएका विकारलाई सफा गरी हल्का फुल्का बनाइदिन्छ । लोककथाले मनोरञ्जनात्मक पाराले भावि सन्ततिलाई असल शिक्षा दिई सही बाटोमा हिँडाउने प्रयास गर्दछ । लोककथाले आउने नयाँ नयाँ सन्ततिलाई सही बाटो देखाउने उद्देश्यले लोककथा सुनाउने गरिन्छ । लोककथा तत्कालिन समयको चालचलन, रीतिरिवाज, सामाजिक, साँस्कृतिक परम्परा, संस्कार अनुष्ठान, विश्वास आदिको जीवित दस्तावेज हो ।

लोककथाका विषयहरूको सीमा बाँध्न गाह्रो छ । तिनमा इतिहास, पुराण, धर्म-संस्कृति, समाज, प्रेम, साहसिकता, अलौकिकता आदि विभिन्न कुराहरूले स्थान पाएका हुन्छन् ।[९] लोककथाका पानालाई पल्टाउदै जाँदा हामी वैदिक कालसम्म पुग्न सक्छौ । त्यसबेला नै लोककथाको जन्म भएको हुनसक्छ । त्यसबेलाका ऋषि मुनिहरूले मौखिक रूपमा नै शिक्षा दिने गर्दथे । त्यसबेला नै लोककथाको विकास

---

[५] तुलसी दिवस, **विश्वका लोककथा,** भूमिका, ( काठमाडौ साझा प्रकाशन, २०२६) पृ. ३३ ।

[६] वासुदेव त्रिपाठी, **विचरण** (काठमाडौं : भानु प्रकाशन, २०२८), पृ. २ ।

[७] जीवेन्द्र देव गिरी, **नेपाली लोकसाहित्य अवलोकन** (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ.२४ ।

[८] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौ : एकता प्रकाशन, २०५८), पृ. २८४ ।

[९] जीवेन्द्र देव गिरी, **पूर्ववत्** ।

केही न केही रूपमा भएको थियो । लिपिको विकास भएपछि तिनै कथाहरू वेद र उपनिषद ग्रन्थहरूमा छापिन थाले । त्यसपछि पुराणमा श्रृङ्खलाबद्ध तरिकाले प्रसारित भई पूर्वमा रामायण, महाभारत पाश्चात्य साहित्यमा इलियड, ओडिसी जस्ता प्राचीन महाकाव्यहरूमा पनि कथाको बीज पाइन्छ । त्यसपछि पुराणमा नेपाली कथाहरू फारसी, उर्दू र अङ्ग्रेजी भाषामा पनि लेखिन थाले । यसरी लोककथाहरू मौखिक परम्परामा जीवित हुदै आँउदा के कति कथांशहरू विलाएर गए, कति थपिए, यो क्रम अनन्त कालसम्म जारी रहनेछ । लोककथात्मक उर्जालाई सामाजिक परिवर्तनका निम्ति पनि उपयोग गर्न सकिन्छ । लोककथा भन्ने, सुन्ने परम्परामै रहने भएकाले सरल सहज ज्यानदार भाषा तथा सरल र प्रभावकारी भाव पनि यसका विशेषताका रूपमा रहन्छन् ।[१०]

### २.१.२ लोककथाको परिभाषा

लोककथाको सामान्य परिचय पश्चात् यस सम्बन्धी परिभाषाहरू प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । लोक साहित्यका अनुसन्धाताहरूले दिएका परिभाषाहरू निम्नानुसार छन् :–

(क) लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोककथा हो ।[११]

– धर्मराज थापा र हंसपुरे सुवेदी

(ख) लोक साहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको लोकको भावनामा फुटेको र लोकमय मौलाएको अभिव्यक्ति हो । यसमा लोक मानसको समस्त क्रिया प्रतिक्रिया गुन्जन्छन् लोकको आत्मजीवनी बोल्छ युगौंदेखि चल्दै र विस्तारित हुदै आएको लोक साहित्यमा आफ्नो देश आफ्नो राष्ट्रियता प्रतिविम्वित भएको पाइन्छ ।[१२]

–कृष्णप्रसाद पराजुली

(ग) लोककथा एकादेशमा वा परापूर्वकालमा भनि थालिन्छन् र श्रोताहरूमा वास्तविक जगत भन्दा भिन्न लोकको निर्माण गरिन्छ ।[१३]

–चूडामणि बन्धु

(घ) नेपाली लोककथाको अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित हुन्छ र निहित हुने गर्दछ ।[१४]

–तुलसी दिवस

(ङ) लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता प्रतिपुस्तामा आफ्नो सम्झनामा सुरक्षित गर्दै आएका छौं ।[१५]

–वासुदेव त्रिपाठी

(च) संसारका प्राणी वनस्पतिका सुख दुःखका मर्म कथा व्यथाको आख्यानबद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुति लोककथा हुन् ।[१६]

–मोतीलाल पराजुली

---

[१०] **ऐजन** ।

[११] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**,(काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०४०), पृ. २१९ ।

[१२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकसाहित्यको आलोक,** (काठमाडौं : वीणा प्रकाशन २०६६), पृ. ४१ ।

[१३] चूडामणि बन्धु, पूर्ववत्, पृ. २८९ ।

[१४] तुलसी दिवस, पूर्ववत्, पृ. ६ ।

[१५] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. २८४ ।

[१६] मोतीलाल पराजुली, पूर्ववत्, पृ.२४ ।

(छ) लोककथामा अवश्य नै तात्कालिन परिवेशको छाप परेको हुन्छ तर त्यहाँ प्रतीक र सुत्रहरू पहिल्याएर यर्थाथको नजिक पुग्न सकिन्छ ।[१७]

–जीवेन्द्र देव गिरी

(ज) मौखिक वा श्रुती परम्पराद्धारा सम्प्रेषित अज्ञात रचनाकारहरूको संक्षिप्त सारगर्भित एवं सार्वित आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ ।[१८]

–मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल

(झ) लोककथालाई संसारका समस्त कथा साहित्यको जनक भनिन्छ ।[१९]

–कृष्णदेव उपाध्याय

यसरी परम्परादेखि मौखिक रूपमा सुन्दै सुनाउदै एक पुस्ताबाट अर्को पुस्तामा, एक स्थानबाट अर्को स्थानमा, एक देशबाट अर्को देशमा, एक समाजबाट अर्को समाजमा, के बालक, के युवा, के बुढा-बुढी, सम्पूर्णलाई मन्त्रमुग्ध पार्दै गोठाला, खेताला, ढाक्रे, हली, घाँसे, दाउरे, विभिन्न पेशामा संलग्न मानव जन समुदायलाई मनोरञ्जन, अर्ती, उपदेश, भाषा, रहन-सहन, लोक संस्कार, आदिलाई समेटेर अगाडि बढेको जीवन्त लोक आख्यान विधा नै लोककथा हो । पाप, धर्म, भाग्य र परलोक जस्ता धारणा र अतिरञ्जिक कुरा पनि लोककथामा आउँछन् । यी सबै कुराले मानव सभ्यताको अध्ययन र अनुसन्धानको विषयका निम्ति कम्ती महत्त्व र मूल्य राख्दैनन् ।

### २.१.३ लोककथाका विशेषताहरू

लोककथा नेपाली जनजीवनमा निकै लोकप्रिय बन्दै आएको लोक साहित्यको एउटा विधा हो । लोक साहित्य अन्तर्गतको लोककथाले पनि आफ्नो पहिचानका निमित्त विभिन्न विशेषताहरू अँगालेको छ । लोककथालाई चिनाउनका लागि भिन्न-भिन्न परिभाषाहरू प्रस्तुत भएका छन् । लोककथालाई कसैले बसिबियाँलोका रूपमा लिन्छन् । कोही यसलाई मनोरञ्जन र आनन्ददायक हो भनेर भन्छन् । लोक जीवनसँग सम्बन्धित लोककथा जन जीवनका विविध पक्षसँग गाँसिएको हुन्छ । लोककथा मनोरञ्जन र आनन्ददायक मात्रै नभएर नैतिक औपदेशिक र सन्देशपरक हुन्छन् ।

यिनीहरूमा मनोरञ्जनात्मकता, काल्पनिकता जासुसी, तिलस्मी आदि तत्त्वहरूको समावेश भएको हुन्छ । लोककथाका विशेषतालाई प्रस्ट्याउन गरिएका सामूहिक प्रयास र अध्ययनका क्रममा देखिएका विशेषतालाई यसरी देखाइएको छ ।

#### (क) कल्पनाको प्रबलता

लोककथामा कथा कथियताको कल्पनाले अत्यधिक स्थान प्राप्त गरको हुन्छ । शून्य यथार्थमा पनि कथियताको माध्यमबाट सुन्दर कथाको निर्माण हुन सक्छ । लोककथामा रोमाञ्चकता खोजिन्छ, यथार्थ खोजिदैन । लोककथाहरू कल्पनाको माध्यमबाट नै निर्मित हुन्छन् । जुनसुकै लोककथामा पनि कल्पनाको माध्यमबाट अलौकिक र असम्भव कुरालाई पनि सम्भव बनाइ प्रस्तुत गरिन्छ । कल्पनाको सहाराले वस्तु र पदार्थलाई जे बनाउन मन लाग्यो, त्यही बनाइन्छ । जुन वास्तविकताभन्दा टाढा हुन्छ । काल्पनिक लोकबाट बाहिर आउँदा त्यो कुरा हुनै नसक्ने र पत्यारै नलाग्ने पनि हुन्छ । यसरी लोककथामा कल्पनाले प्रबल भूमिका निर्वाह गरेको पाइन्छ ।

#### (ख) उपदेशात्मकता

---

[१७] जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ.२५ ।

[१८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोक साहित्य,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ३७२ ।

[१९] कृष्णदेव उपाध्याय, **लोकसाहित्य की भूमिका,** (इलाहाबाद : साहित्य भवन, इं. १९७७), पृ. १७४ ।

लोककथाको उद्देश्य बौद्धिक एवं नैतिक किसिमका उपदेश र सन्देश दिनु हो । आफुले जीवनको लामो कालखण्ड पार गरिसकेको बुढाबुढीले जीवनको अनुभवका आधारमा अनेक तितामिठा घटना र अनुभूति मिसाउदै आफ्ना सन्ततिलाई बौद्धिक ज्ञान र नैतिक र उपदेश दिनका लागि यसको उपयोग गरिएको हुन्छ । जुन उपदेश शिक्षा दिँदा मानिसले सजिलैसँग ग्रहण गर्न सक्दैन त्यस्तो शिक्षा दिँदा कथाका माध्यमबाट मनोरञ्जन रोचकता भरेर घुमाउरो पाराले उपदेश दिएको हुन्छ, जुन उपदेश श्रोताले सजिलैसँग ग्रहण गरी मानसपटलमा दीगो हुन सक्छ ।

**(ग) रोचकता**

लोककथाको कथावस्तु विशेषगरी रोचक किसिमको हुन्छ । सिङ्गो लोककथा कथनको उद्देश्य नै मनोरञ्जन प्रदान गर्ने भएकाले श्रोताको मन जित्ने खालको कथावस्तु लोककथामा छानिएको हुन्छ । लोककथामा प्रेम विषयका  लोककथाहरू सुखान्त र संयोगान्त अवस्थामा पुगेर टुङ्गिन्छन् । प्रेम विषयक संयोगान्त हुने भएकाले रोचक हुन्छन् । त्यसमा हास्यव्यङ्ग्यको प्रयोगले लोककथा अझ रोचक र मिठासयुक्त हुन्छ । लोककथाको भाषा सरल र मिठासयुक्त हुने भएकाले कथावाचक र श्रोता दुबैलाई आनन्द दिन्छ ।

**(घ) ऐतिहासिकता**

नेपाली लोककथाहरूले नेपालको इतिहास, ऐतिहासिक घटना, पुरुष र अन्य इतिहास सापेक्ष विषयलाई अङ्गीकार गरेको हुन्छ । विविध ऐतिहासिक पक्षलाई आत्मसाथ गर्दै तिनको सकारात्मक पक्षलाई जीवन्तता प्रदान गरेका हुन्छन् । यस किसिमका कथा ऐतिहासिक स्थल, मठ-मन्दिर, देवी-देवता आदिको उत्पत्ति विकास अनि ऐतिहासिक पुरुषहरूको विषयलाई कथाको विषयवस्तु बनाएर तयार पारिएको कथालाई लोककथा भनिन्छ । जसमा उल्लेख भएका विषय नेपाली लोककथामा समेटिएको छ । यी कथाहरूले ऐतिहासिक विषयवस्तुलाई कथाका माध्यमबाट समाजमा यसको अस्तित्त्वका बारेमा परिचय गराइ महत्त्वपूर्ण चिज तथा वस्तुको संरक्षणमा सहयोग पुऱ्याउँछ ।

**(ङ) सामाजिकता**

लोककथा नेपाली समाजको उपज नै भएको हुनाले लोककथामा नेपाली समाजको सिङ्गो तस्वीर फेला पार्न सकिन्छ । यसले समाजमा मूल्य-मान्यता, रीति-रिवाज, चालचलन आदिलाई टिप्दै सामाजिक आवश्यकता, घटना, जन भावना आदिको सिङ्गो चित्र उतारेको हुन्छ । यसलाई अर्को  प्रमुख प्रकृतिको रूपमा लिन सकिन्छ । यसरी नेपाली लोककथाले नेपाली समाजको छाँया चित्रलाई समावेश गरेर नेपालीपनको परिचय, लोकककथाको माध्यमबाट विश्वलाई आफ्नो पहिचान दिन  सक्छ ।

**(च) धार्मिक प्रवृत्ति**

नेपाली समाज धर्ममा अडेको छ । प्रत्येक क्रियाकलापहरू धर्मका दृष्टिले गर्न हुने र गर्न नहुने धनी समाजले छुट्याउदै आएको छ । ईश्वरप्रतिको निष्ठा, धर्मप्रतिको आस्था, संस्कृतिको संरक्षण आदिमा जनमानस औधी रुचाउँछ । त्यसैले यिनीहरूलाई विषयवस्तु बनाएर लोककथाहरूको रचना गरिएको पाइन्छ । दैवी शक्ति तथा अलौकिक तथ्य वस्तुको वर्णनका कथाहरूको प्रचलन हुनमा मुख्य कारण पनि यही हो । लोककथाको अर्को विशेषता के हो भने कथाले देवी देवताप्रति आस्था जगाइ समाजलाई सही काम गर्ने उपकार गर्न सहयोग गर्ने जस्ता भावनाहरू उनीहरूको मनमा भरी असल समाज निर्माणमा पनि ठोस योगदान दिन्छ । लोककथाका माध्यबाट धार्मिक आस्था जगाई समाजले आफ्नो संस्कृति र परम्पराको संरक्षण सम्वर्द्धनमा ठुलो सहयोग पुऱ्याउनु पनि लोककथाको एउटा विशेषता हो ।

**(छ) सरलता एवं सुगमता**

लोककथा भन्ने र सुन्ने काम विशेषतः अशिक्षित नरनारी केटाकेटीले गर्दछन् । उनीहरूले कथाको कुनै औपचारिक एवं सैद्धान्तिक ज्ञान हासिल गरेका हुदैनन् । उनीहरू ग्रामीण समाजमा अनुभवी व्यक्ति हुन्छन् । लोककथामा  सरल, सहज भाषाको प्रयोग  गरिन्छ । यही सरल भाषाको प्रयोगले गर्दा कथावाचकले भनेका कुराहरू जुन समुदायले सजिलैसँग बुझ्न सक्छन् । साना बालकदेखि वृद्धासम्म लोककथा रोचक मानेर सुन्ने परम्परा यथावत रहेको पाइन्छ । लोकबोलीलाई नै अपनाइने भएकाले स्तरीय भाषाभन्दा अलग हुन्छ तर त्यस समाजले त्यो सहज तरिकाले बुझी मनोरञ्जन प्राप्त गर्दछन् ।

**(ज) मानवको मूल प्रवृत्तिसँग साहचर्य**

मानव मनभित्र काम, क्रोध, लोभ, मोह, ठगी, माया-ममता, धुत्याइँ, कपट आदि सुषुप्त अवस्थामा रहेका हुन्छन् । मानिसका मनमा भएका आवेग संवेग, हाँसो, आँसु, सुख, दुःख, हर्ष, विस्मात जस्ता भनात्मक क्षणहरूलाई कथाले बोकेको हुन्छ । सम्पूर्ण मानवमा हुने मूल प्रवृत्तिहरूलाई समेटेर लोककथा अगाडि बढेको हुन्छ, जुन समाजमा नकारात्मक र सकारात्मक पक्षको गुण-दोषलाई केलाई नकारात्मक कार्यहरू छोडी सकारात्मक, सही मार्गमा लाग्न लोककथाले प्रेरणा प्रदान गर्दछ ।

**(झ) भाग्यवादी प्रवृत्ति**

नेपाली समाजले अन्धविश्वासमा विश्वास राख्ने र भाग्यलाई सर्वोपरि ठान्ने गर्दछ । कर्मलाई भन्दा भाग्यलाई विश्वास गर्ने हुनाले सबै कामहरूको सफलता र असफलता भाग्यमा निर्भर ठान्दछ । संस्कृतमा एउटा भनाइ पनि छ "भाग्य फलति न विधा न च पौरुषम्" यसरी नेपाली समाजले ईश्वरलाई सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा लिदैं सम्पूर्ण कार्यको सफलता असफलता ईश्वरको श्रेय ठान्दछ । यिनै कुरालाई बोकेर नेपाली लोककथा सिर्जना भएका हुनाले भाग्यवादी प्रवृत्ति लोककथाको अर्को विशेषता हो, यसरी लोककथामा भाग्यले गर्दाखेरि कसैको केही नलाग्ने अनि भाग्यले गर्दा भुतलाई पनि कावुमा ल्याउने देवताले पनि सहयोग गर्ने जस्ता घटनाहरू लोककथामा पाइन्छन् ।

**(ञ) प्रकृतिमूलकता**

नेपाली जन जीवन प्रकृतिसँग नजिक छ । प्रकृतिको सुन्दर छहारीमा ग्रामीण जीवनमा फुल्ने-फैलाउने गरेको हुन्छ । त्यसै कारणले गर्दा हाम्रा कतिपय लोककथाहरू प्रकृतिको वर्णनमा केन्द्रित रहेका कतिपय निर्जीव प्रकृतिलाई सजीवका रूपमा प्रस्तुत गरेर फलफुल तथा वनस्पतिलाई चेतना प्रदान गरेर लोककथाहरू बुनिएको पाइन्छ । त्यसैले प्रकृतिको वर्णनमा आधारित हुनु लोककथाको अर्को विशेषता हो । लोककथा निर्माणमा प्राकृतिक वस्तुलाई प्रकृतिबाट जस्ताको त्यस्तै टिपेर लोककथाको निर्माण गरिन्छ, जसले मानवले जस्तै अर्ती उपदेश दिएको पाइन्छ ।

**(ट) अतिशयोक्तिमूलकता**

लोककथामा कथन कलाको ठुलो भूमिका हुन्छ । कथाकारले कतिपय कुराहरूलाई बढाइ चढाई अतिरञ्जित तरिकाले प्रस्तुत गरेको हुन्छ । यस खालका प्रवृतिमूलक लोककथाहरू चमात्कारपूर्ण वस्तुको विभिन्न किसिमका अतिशयोक्ति पूर्ण घटना विवरणलाई कथावाचकले आफ्नो वाक्शक्तिले आफ्नो पारामा ढाली हाउभाउसँग प्रस्तुत गर्दा स्रोतालाई वास्तविकता जस्तो नै लागि काल्पनिक संसारमा डुबेका हुन्छन् । त्यसैले लोककथामा अतिशयोक्तिमूलकता पनि महत्त्वपूर्ण विशेषता हो । यसरी लोककथाका यी विशेषताले गर्दा सदा जीवन्त रहेको पाइन्छ ।

माथि उल्लेख गरिएका विशेषताहरू लोककथामा पाइने हुनाले लोक साहित्यको विशिष्ट एवं लोकप्रिय विधाको रूपमा रहेको छ ।

**२.२ लोककथाका तत्त्वहरू**

लोककथाका तत्त्वहरू र अन्य विधाका तत्त्वहरूमा खासै फरक छैन । विधागत रूपमा खेल्नु पर्ने भूमिका केही भिन्नता पाइन्छ । लोककथामा कथावस्तु, पात्र, परिवेश, संवाद, उद्देश्य र भाषा जस्ता तत्त्वहरू पाइन्छन् । साहित्य विधामा वितरण भएका तत्त्वहरू यसमा हुनुपर्छ । लोककथामा लोकतत्त्व र अभिप्राय पनि अनिवार्य विषय हो । लोककथाको अध्ययन गर्ने क्रममा यसका निर्माणात्मक तत्त्वहरुका बारेमा बुझ्न पनि आवश्यक छ । साहित्य लोक साहित्य दुबैका विभिन्न विधाहरूका संरचक घटकहरू जस्तै लोककथाको संरचनामा पनि विभिन्न तत्त्वहरू समाविष्ट हुन आउछन् । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लोककथाका तत्त्वहरूलाई यसरी उल्लेख गरेका छन्

लोककथाको निर्माण गर्न आवश्यक सामग्रीलाई लोककथाका तत्त्व भनिन्छ । तत्त्वलाई उपकरण, अवयव, संरचक, घटक आदि पनि भनिन्छ । यिनका आवश्यक संयोजन र व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । कथाको निर्माणमा आवश्यक हुने र अभावमा कथाको र लोककथा दुबैका अनिवार्य तत्त्वहरूलाई क्रमशः तल प्रस्तुत गरिन्छ ।

**(क) कथावस्तु**

कथावस्तु लोककथाको प्रमुख तत्त्व हो । लोककथा आख्यानयुक्त विधा भएकाले कथावस्तु बिना लोककथा बन्न सक्दैन । सिङ्गो विश्व ब्राह्माण्डका कुनै पनि सन्दर्भ लोककथाका कथावस्तु सक्छन् ।[२०] यसरी लोककथामा कथाबस्तु विभिन्न प्रकारका हुन्छन् । पुराण, मिथ, वीरता, साहसिकता आदि वस्तुलाई समेटेर कथावस्तुको निर्माण भएको हुन्छ । देवता, मिथ, धार्मिक कुरा, नीतिकथा, पञ्चतन्त्र, धनी मानिस, ठगी, चतुऱ्याइँ, गरिब तथा असहयका अतिरञ्जनात्मक अलौकिक विषयवस्तु पशुपंक्षीका कथाहरू कथानकमा समावेश हुन सक्छन् । अनि कथानकको प्रारूप तयार हुन्छ । त्यसै गरी समाजमा रहेका अन्धविश्वाश, रूढि परम्परा लोकोक्तिको आधारमा पनि कथानकको ढाँचा तयार हुन्छ , जसले कथालाई अगाडि बढाउछ कथावस्तु प्रारम्भ, विकास र उपसंहार गरी कसिलो र सुगठित हुन्छ । यस्ता कथाहरू संयोगान्त र वियोगान्त गरी दुबैथरी हुन्छन् । सामान्यतः लेख्य साहित्यको कथा र उपन्यासका कथाहरू जस्तै लोककथाको पनि आख्यान निर्माण भएको हुन्छ ।

**(ख) पात्र**

कथाको विषयवस्तु अनुरूप पात्रको चयन गरिन्छ । लोककथा कल्पना प्रधान र मौलिक विधा भएकाले यसमा उपयुक्त पात्रहरू जीवनका यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट छोपिएका हुन्छन् । कथामा मानव मानवेतर पात्रहरू हुन्छन् । यी पात्रहरूको माध्यमबाट कथालाई रोचक र मनोरञ्जक बनाउन कथावाचकले उपयुक्त संवादको सिर्जना गर्दछ । नीति, शिक्षा, उपदेश दिने खालका संवादको परिकल्पना गरी पात्रलाई जीवन्तता प्रदान गरी लोककथाका पात्रहरूको गठन गरिएको हुन्छ । लेख्य साहित्यका पात्रहरूभन्दा लोककथाका पात्रहरू भिन्न हुछन् । लोक समाजमा आफ्ना भावना वरपर रहेका वस्तु पदार्थलाई पात्र बनाएर त्यसैका माध्यमद्वारा आफ्ना भावना पोख्ने र आनन्द लिने काम कथा वाचकहरूले गर्दछन् । त्यसैले निष्कर्ष स्वरूप के भन्न सकिन्छ भने लोककथामा कुनै पनि वस्तु र पदार्थलाई पात्रहरूको रूपमा प्रयोग गरिन्छ ।

**(ग) परिवेश**

नेपाली लोककथाहरू नेपाल अधिराज्यका कुना-काप्चा, छाँगा-छहरा, डाँडा-पाखा, हिमाल पहाड, तराई, गाँउ, बस्ती, सहर आदि परिवेशबाट आएका छन् । यसरी भौगोलिक परिवेशलाई पनि लोककथामा समेटिएको पाइन्छ । नेपाली भौगोलिक परिवेश बाहेक स्वर्गलोक, पाताललोक, मर्त्यलोक नार्कलोग, परलोक आदि अलौकिक परिवेशलाई पनि नेपाली लोककथामा चित्रण गरिएको पाइन्छ । त्यसैगरी परापूर्वकालदेखि मध्यकाल र आधुनिक कालको कुनै पनि परिवेशलाई समेटेर लोककथाको निर्माण भएको पाइन्छ । यसरी नै कालखण्डको उल्लेख लोककथामा हुनुपर्छ । काल एकातिर, परिवेश

[२०] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** (काठमाडौं, वीणा प्रकाशन, २०५७), पृ.४७ ।

अर्कोतिर र भयो भने त्यो कथाले पात्रको विश्वसनीयता गुमाउँछ । परिवेश पनि मिल्दोजुल्दो हुनुपर्छ । नेपाली लोककथाहरू यिनै विभिन्न परिवेशहरूको निर्माण गरी निर्मित भएका छन् ।

**(घ) संवाद**

संवाद उपयुक्त हुनुपर्छ, जसले पात्रलाई मुग्धपारी कौतुहल प्रदान गर्नका साथै बिनोदप्रिय पनि हुनुपर्छ । यसले गर्दा कथावाचकले भनेका कुरा श्रोताका कानमा मिठासपूर्ण भएर गुन्जायमान हुन सकुन् । मानिसले जस्तै मानवेतर पात्रहरूले पनि उपयुक्त तरिकाले संवादमा बोलेको पाइन्छ, जसले लोककथालाई रोमाञ्चक बनाउनमा थप उर्जा प्रदान गर्दछ ।

**(ङ) उद्देश्य**

लोककथामा उद्देश्यको स्थान उच्च छ । उद्देश्य विनाको कुनै काम नै हुन सक्दैन । यसले शिक्षाप्रद मनोरञ्जनात्मक अर्ती उपदेश दिन, थकाइ मेटाउन, दु:ख सुखका कुरा व्यक्त गर्न आफ्ना सन्तानलाई कथाका पात्रहरू जस्तै गरेर आफ्नो भविष्य निर्माण गर्न योग्य होउन् भन्ने उद्देश्य राखेर लोककथाको कल्पना गरिएको हुन्छ । यिनै उद्देश्य पूर्ति गर्नु नै लोककथाको उद्देश्य हो भने हरेक लोककथाबाट कुनै न कुनै उद्देश्य प्राप्ति गरिएकै हुन्छ ।

**(च) भाषा**

लोककथाको भाषा लोकबोली अर्थात् स्थानीय बोलचालको भाषा प्रयोग भएको पाइन्छ । जहाँ भाषा स्तरीय भन्दा फरक पाइन्छ । जुन समाजको लोककथा प्रस्तुत गरिएको छ त्यही समाजको बोलीचाली लवज अनुसारको भाषा प्रयोग गरिन्छ, जुन सरल स्वाभाविक र प्राकृतिक भाषामा प्रष्ट रूपमा प्रस्फुटित भएको पाइन्छ ।

**(छ) लोकतत्त्व**

लोककथामा कथाले लोकतत्त्व अनिवार्य रूपमा लिएको हुन्छ । जस्तै समाजमा चलेका विभिन्न प्रकारका लोक विश्वासहरू सकुन-अपसकुनहरू धर्म परम्परा लोक संस्कार आदिको विश्वास, देव-देवी धर्मप्रतिको आस्था विश्वासलाई समेटेर लोककथामा लोकतत्त्व रहेको हुन्छ । भाषा संस्कृति, रीतिरिवाज, चालचलन, वेशभूषा, भूगोल आदिको प्रयोगबाट त्यो कथाले कुन समाजको लोकतत्त्वलाई समेटेको छ, भन्ने कुरा कथा पढेपछि सजिलैसँग छुट्टयाउन सकिन्छ । लोककथामा लोकतत्त्व अनिवार्य रूपमा रहेको पाइन्छ ।

## २.३ लोककथाको वर्गीकरण

नेपाली लोककथाको वर्गीकरणका क्रममा लोककथा वर्गीकरण केही प्रारम्भिक आधारहरू प्रचलित मान्यताहरूको चर्चा गर्नु आवश्यक र प्रासङ्गिक हुन्छ । लोककथाको वर्गीकरण गर्दा साहित्यिक, सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक दृष्टिकोणअनुसार मूलरूप, विषयवस्तु, उद्देश्य, अभिव्यक्ति प्रणाली तथा प्रतीकलाई क्रमश: प्राथामिकता दिने गरिन्छ । तर कथाहरूको असङ्ख्यता, विषयवस्तुको विविधता उत्पत्तिको अनेकताले गर्दा लोककथाको वर्गीकरण कार्य अत्यन्त कठिन अनुभव हुन्छ । मानव हृदय तथा मनका अगणित अनुभूति, अनुभव तथा मानव कल्पनाहरू र मानव समाजमका प्रचलित विश्वास रीतिरिवाजहरू सब लोककथाको विषय क्षेत्रभित्र पर्दछन् । ती विविध ढङ्गमा लोककथामा अङ्कित तथा अभिव्यक्त हुन्छन् । अत: लोककथाको क्षेत्र अत्यन्त व्यापक र विविधतापूर्ण हुन्छ । जसलाई कुनै एक मात्र निश्चित आधार या कसीले बाँध्न गाह्रो हुन्छ । त्यसैले ती कति प्रकारका कति वर्गका हुन्छन् निश्चित रूपले औंल्याउन र ठम्याउन निकै मुस्किल हुन्छ । विश्वका अन्य मुलुक र राष्ट्रहरू झैं हामीकहाँ पनि विविध रूप, विधा, उद्देश्य, स्थान, काल, परिस्थिति, सामाजिक संस्कृति, समूह अनुरूपका लोककथाहरू उपलब्ध र प्रचलित छन् । तिनीहरूको खास वर्ग वा समूहलाई लक्ष्य गरेर यदाकदा पढेलेखेका शिक्षितहरू दन्त्यकथा, किंवदन्ती, पौराणिक कथा, जनश्रुति, आख्यान, परीकथा, वीरकथा, नीतिकथा आदि भन्ने गर्दछन् । य’रोपतिरका लोकवार्ताकारहरू पनि Marchen (लोककथा) Sagen (वीरकथा) Legends (गाथाहरू) Traditions (परम्परागत कथाहरू) Myths, (पौराणिक कथाहरू)

Fables (नीतिकथाहरू) आदि शव्दहरू परिभाषित रूपमा मात्रागत भिन्नता सहित प्रयोग गर्दछन् । यथार्थमा कथाहरूमा देखापर्ने कथाको रूपभेद औंल्याउने र स्थिर गर्ने सम्बन्धमा केही शब्दावलीको प्रयोग गर्नु सजिलो भए पनि याद राख्नु पर्ने कुरा के छ भने वर्गीकृत रूप फितला छन् र केही हदसम्म ती भिन्नभिन्न सांस्कृतिक समूहमा भिन्नभिन्न अर्थ राख्छन् ।[२१]

साधारणतया प्रायोगिक भेदले कथाहरू अभिनयात्मक, वर्णनात्मक दुई प्रकारका हुन्छन् । अभिनयात्मक कथाहरू अभिनयसहित भनिने हुनाले ती लोक गीतिनाट्य, लोकनाट्य तथा बालबालिकासँग सम्बन्धित छन् । वर्णात्मक कथाहरूमा अभिनय बिना सिधा विवरणहरू हुन्छन् । वर्णात्मक कथाहरू पनि भनिने र गाइने गरी दुई उपवर्गमा विभाजित हुन सक्छन् । गाइने कथा अन्तर्गत लोकगीति कथा वा लोकगाथाहरू पर्दछन् । गाइने कथा पद्यमा हुन्छ भने भनिने कथा विशेषतः गद्यमा हुने गर्दछ । कुनै कुनै कथामा गद्य-पद्य मिश्रित स्वरूप पनि पाइने गर्छ । यसै गरी प्रचार प्रसारको उमेर भेद, लिङ्गभेदको आधारमा पनि कथाहरू वर्गीकृत हुन सक्छन् ।[२२] तर यस्तो वर्गीकरण पद्धतिले लोककथाको विविधता तथा सम्पूर्णताको बढी प्रतिशत भेट्न मुस्किल पर्दछ । उद्देश्यको दृष्टिकोणले मुख्यतया तिन वर्ग हुन्छ । १.मनोरञ्जनात्मक, २. उपदेशात्मक, ३.व्याख्यात्मक जो क्रमशः मनोरञ्जनात्मक तत्त्व, उपदेशात्मक तत्त्व र धार्मिक तत्त्वले युक्त हुन्छन् ।[२३] यस प्रसङ्गमा फोकलर सोसाइटी अफ इङ्ल्यान्डका संस्थापक जर्ज लरेन्स गामे, फिनेली विद्वान आन्द्रे येव, आफ्नासीयव सल्कभ भ्याद्मीर आइकोभले भिच्, प्रोप, अङ्ग्रेजी लोकवार्ता विदुषी सी. एस् वर्न, ई. एच्. हाटल्याण्ड एण्ड ल्याङ्ग जर्मनली ग्रीम बन्धुहरू, जापानी कथाविद् प्रो. कुमियो यानागिता, भारतीय लोकवार्ताविद् डा. सत्येन्द्र, डा. कृष्णदेव उपाध्याय, डा. दिनेशचन्द्र सेन र संस्कृत साहित्यका आचार्यहरू आनन्दवर्द्धन, हरिभद्र, अभिनवगुप्त आदि नाम उल्लेखनीय छन् ।[२४]

यी विद्वानहरूले आ-आफ्ना तरिकाले परिभाषा गरे तापनि यहाँ संक्षिप्त रूपमा केही विद्वानको वर्गीकरण मात्र प्रस्तुत गरिन्छ ।

**आनन्दवर्द्धनको वर्गीकरण**

(१) परीकथा (२) सकलकथा (३) खण्डकथा

**डा. दिनेशचन्द्र सेनको वर्गीकरण**

(१) रूपककथा (२) हास्यकथा (३) धार्मिक कथा

(४) गीतिकथा

**डा. सत्येन्द्रको वर्गीकरण** [२५]

(१) गाथाहरू (२) वीरगाथाहरू वा अवदान (३) कहानी

**डा. कृष्णदेव उपाध्यायको वर्गीकरण**

(१) उपदेशकथा (२) व्रतकथा (३) प्रेमकथा (४) मनोरञ्जन कथा

(५) सामाजिक कथा (६) पौराणिक कथा

**पाश्चात्य वर्गीकरण**

**जर्जगोमेको वर्गीकरण**

---

[२१] तुलसी दिवस, **नेपाली लोककथाः केही अध्ययन,** (काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३३), पृ. १८ ।

[२२] ऐजन, पृ. १९ ।

[२३] ऐजन, पृ. १९ ।

[२४] ऐजन, पृ. २० ।

[२५] ऐजन, पृ. ३० ।

(१) शुद्धकथा (२) वीरकथा (३) वीरगाथा गीति काव्य

(४) स्थान विशेषसँग सम्बन्धित किंवदन्ती वा जनश्रुति छन् ।

**सी. एस बर्नको वर्गीकरण**

(१) सत्य रूपमा भनिने कथा (२) मनोरञ्जनका रूपमा भनिने कथा

(३) पशुकथा (४) लघुछन्द हास्यकथा (५) क्रमसम्बन्धि कथा

(६) युक्ति प्रमाणका कथा

**एण्टी आर्नेको वर्गीकरण** [२६]

(१) पशुपंक्षीको कथा (२) शुद्धकथा

(३) हस्यौली तथा चुट्किला लघुकथा

**स्टिथ थोमसनको वर्गीकरण**

(१) वीरकथा (२) परम्परागत कथा (३) नीतिकथा

(४) पञ्चतन्त्रीय कथा (५) पौराणिककथा

**नेपाली विद्वानहरूको वर्गीकरण**

**तुलसी दिवसको वर्गीकरण**

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरू

(२) अर्ती उपदेशका लोककथाहरू

(३) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

(४) अतिमानवीय लोककथाहरू

(५) दैवी लोककथाहरू

(६) पशुपंक्षीका लोकथाहरू

(७) फलफुलका लोककथाहरू

(८) साहस तथा बहादुरीका लोककथाहरू

(९) धार्मिक लोककथाहरू

(१०) विविध लोककथाहरू [२७]

**कृष्णप्रसाद पराजुलीको वर्गीकरण**

(१) पौराणिक कथा

(२) नीतिकथा

(३) पुराकथा

(४) परीकथा

**चूडामणि बन्धुका वर्गीकरण** [२८]

---

[२६] ऐजन, पृ. २६ ।

[२७] ऐजन, पृ. ३८ ।

(१) पौराणिक कथा र किंवदन्तीहरू

(२) परीकथा र नीतिकथाहरू

लोककथालाई वर्गीकृत गर्ने सन्दर्भमा पश्चिमी विद्वानहरू, पूर्वीय आचार्यहरू र नेपाली विद्वानहरूले विभिन्न परिभाषाहरू प्रस्तुत गरेका छन् । लोककथाका सन्दर्भमा गरिएका वर्गीकरणलाई आधारहरू भिन्न भिन्न किसिमले आएका देखिन्छन् । प्रत्येकका परिभाषाहरू कुनै न कुनै आलोचना या अपूर्णता नदेखिने पनि होइनन् । विभिन्न विद्वानहरूले व्यक्त गरेका परिभाषालाई पनि ध्यानमा राख्दै लोककथाको अध्ययनका क्रममा गरिएको विश्लेषणका आधारमा यसको वर्गीकरण यसरी गर्नु सान्दर्भिक ठहरिन्छ ।

(१) सामाजिक लोककथा

(२) धार्मिक तथा पौराणिक लोककथा

(३) ऐतिहासिक लोककथा

(४) उपदेशमूलक लोककथा

(५) मनोरञ्जनपरक लोककथा

(६) वीरता साहसपरक लोककथा

(७) अलौकिक लोककथा

(८) लौकिक लोककथा

(९) हास्य व्यङ्ग्यात्मक लोककथा

### २.२.६ लोककथाको अध्ययन परम्परा

मानव समाज सभ्यतासँगै लोक साहित्यको पनि उठान भएको छ । लोक साहित्य लोकको सम्पत्ति हो । मान्छे जब सांस्कारिक युगमा प्रवेश गर्दै गयो आफ्ना अनुभव र अनुभूतिलाई व्यक्त गर्दै गयो । यसैले लोक साहित्य लोकानुभव र लोकानुभूतिको सम्मिश्रणबाट उठेको साहित्य हो । लोक साहित्य अन्तर्गतको विधा लोककथा पनि श्रुति परम्पराबाट हुर्कदै वर्तमानसम्म गतिशील रहेको छ ।

लोककथाको प्रादुर्भाव र विकासका सन्दर्भमा विभिन्न अध्येताहरूले अनुसन्धान गर्दै आएका छन् । भाषाको व्यवहार प्रारम्भ भएपछिका अवस्थामा लोककथा पनि मौखिक परम्पराबाट विस्तारित हुदै आएको पाइन्छ । लोककथाको प्रादुर्भावका सन्दर्भमा पूर्वी तथा पश्चिमी विद्वानहरूले आ-आफ्ना विचारहरू अभिव्यक्त गरेका छन् ।

मान्छेले भाषा पाउनुभन्दा पहिले आदिम मान्छेले मानसिक भाषामा नै कथा भन्यो र सुन्यो होला भनी बासुदेव त्रिपाठीले कथाको उठानलाई औँल्याएका छन् ।[२९] मनोविश्लेषणवादी फ्रायडले भनेका छन् “मान्छेको अवचेतन मनमा अनेकौं वासनात्मक इच्छाहरू दमित अवस्थामा रहेका हुन्छन् र चेतन मनलाई थाहै नदिई ती अतृप्त कामेच्छाहरू दमित अवस्थामा बाह्य रूपमा प्रकट हुने क्रममा लोकथाको पनि जन्म भएको हो ।[३०]

मानिसको क्रमिक विकास पश्चात् स्पष्टतः कृषि युग आएपछि जब मान्छे खेती बारीमा काम गर्न थाल्यो, काम गर्दाको थकाइ मेट्न, जाडोको बेलामा धुनीको वरिपरि बसी जाडो छल्न, केटाकेटी फकाउन वा लोग्ने मान्छे र आइमाई बिच परस्पर आकर्षण बढाउन आफुमा वा अरुमा बितेका घटनाहरूलाई बढाइचढाई सुनाउने उत्सुकताको गर्भबाट कथा जन्मेको हुनसक्छ । ढुङ्गामुढाको होस् वा

[२८] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौं : एकता प्रकाशन, २०५८), पृ. २८६ ।

[२९] बासुदेव त्रिपाठी, पूर्ववत्, पृ.२ ।

[३०] धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ३१९ ।

पशुपंक्षीको होस्, चन्द्रमा ताराको होस् वा मेघ वा बिजुलीको होस् कथा मान्छेकै चेतनाबाट जन्मेको अभिव्यक्तिको एक कला हो, त्यसैले पहिलो कथा मान्छेकै संवेदनामा आधारित मान्छेकै कथनी हो ।[३१]

तुलसी दिवसका विचारमा वक्ता सामाजिक परिवेशको उपज हुने हुँदा नेपाली लोककथामा वेद, उपनिषद, पुराण, रामायण, महाभारत, पञ्चतन्त्र कथा साहित्यसागर, बृहतकथा, कथामाला आदिको परम्परा एवम् प्रभाव पनि पाइन्छ । पीनासको कथा (१९७२) नेपाली भाषामा लेखिएको पहिलो लोककथा मानिन्छ । वनारसबाट पुस्तकहरू प्रकाशन हुन थाले पछि बहत्र सुघाको कथा (१८८०), लालहीराको कथा (१८८८), वेतालपच्चिसी विशक्तिका कथा (१८९३), स्वस्थानी व्रतकथा (१९४८), हरिश्चन्द्रको कथा (१९८२), तोतामैनाको कथा (१९८४), मधुमालतीको कथा (१९९६) आदि प्रमुख केही आख्यानात्मक कृति प्रकाशित भएका छन् ।[३२]

नेपाली लोककथाको क्षेत्रमा विभिन्न अन्वेषकहरूले शोध गर्दै आएका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट नेपाली लोककथा (२०३२) तुलसी दिवसको सम्पादकत्वमा प्रकाशित भएको छ । धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा लिखित नेपाली साहित्यको विवेचना (२०४०), मोतीलाल पराजुलीको 'धर्मात्मा राजा' **नेपाली लोककथा सङग्रह शृङ्खला** (२०५९) आदि पुस्तकहरूले लोककथाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् ।

सुदूर पश्चिमेली लोककथाको क्षेत्रमा पनि केही कार्यहरू भएका छन् । त्रिभुवन विश्व विद्यालय अर्न्तगत विभिन्न शोधहरू भएका छन् । यसै क्रममा जनकदत्त उपाध्यायले वि.स. २०६४ मा **अछामी लोककथाको अध्ययन** विषयमा शोध गरेको पाइन्छ । त्यसरी नै हिक्मत दमाईले वि.स. २०६४ मा **डडेल्धुरा जिल्लाको लोककथाहरूको अध्ययन** शीर्षकमा स्नात्तकोत्तर शोध गरेका छन् । धना धामीले वि.स. २०६४ मा **दार्चुला जिल्लाको दुहुँ क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन** विषयमा र त्यसरी नै तीर्थराज जोशीले **डोटी जिल्लाको लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** विषयमा शोध गरेको पाइन्छ ।

नेपाली लोककथाको अध्ययन अनुसन्धान र विश्लेषण २०२५ देखि सुरु भएको पाइन्छ । लोककथाका स्वप्निल कल्पनाशीलताको काखमा जीवनका सङ्केतहरूलाई विश्लेषणत्मक हेराइले आत्मसात गर्नु परेको छ । यसरी २०२५ सालबाट लोककथाको मूल्यलाई खोज्नु भनेको मानव मूल्यलाई खोज्नु हो । आधुनिक कथाविधा मूल आधार नै लोककथा हो । लोककथाले मानव जीवनका स्थूल पक्षहरूको खोज गरी मानव समाजमा आदिम समाजदेखि निरन्तर रूपमा चलिरहन्छ, जबसम्म मानव अस्तित्त्व रहन्छ, तबसम्म लोकथाको विकासक्रम चलिरहने छ ।

लोककथाको अध्ययन सङ्कलन परम्परा भरखरै सुरु भए तापनि लोककथाको मौखिक परम्परा आदिम मानवको जन्म सँगसँगै भएको हुन सक्छ । ईशापूर्व २ हजार वर्ष अघि होमर, सोफोक्लीज, वाल्मिकी, व्यास आदिका पालादेखि नै लोककथाको विकास भएको पाइन्छ । अतः लोककथाको परम्परालाई विभिन्न चरणमा विभाजन गर्न ज्यादै कठिन छ । नेपाली लोककथा अध्ययन परम्पराको खोजी गर्न नेपालका आदिवासी राई, शेर्पा, मगर, तमाङ, थारू आदि जातिमा पाइने लोककथाहरूको सबै सङ्कलन गर्न सकिएको छैन । त्यसबेलाका जनजातिमा के कस्ता लोककथाहरू थिए, के कति लोककथारू सङ्कलन भए र के कति मौखिक रूपमा जीवित छन् ती सबैको लेखाजोखा गर्न बाँकी नै छ ।

लोककथाको सङ्कलन, विश्लेषण र अध्ययनका लागि जारी रहेका अनुसन्धानहरूले अध्ययन परम्परामा विशेष भूमिका निर्वाह गरिरहेका छन् । प्रारम्भिक अवस्थाबाट उठान भएको लोककथा वर्तमानसम्म निरन्तर खोज अनुसन्धानको विषय बनिरहेको छ ।

---

[३१] ऐजन, पृ.३२२ ।

[३२] सविना ज्ञवाली, गुल्मी जिल्लाका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण, अप्रकाशित शोधपत्र त्रि.वि. ने. के. वि. २०६१ पृ.९६ ।

# तेस्रो परिच्छेद

## बझाङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन

बझाङ जिल्लाका लोककथामा मानव विषयक, धार्मिक विषयक, साहस र बहादुरी विषयक, दैवी विषयक, पशुपंक्षी विषयक, सांस्कृतिक र ऐतिहासिक विषयक, अर्ती उपदेश विषयक र अतिमानवीय चरित्रका लोककथाहरू पाइन्छन् । स्थानिय पात्रहरू, स्थानका नाममा बभाडी शब्द रहनु, स्वर्ग-नर्क, पृथ्वी-पातालको वर्णन पाइनु, मानव र दानवका द्वन्द्व देखाउनु लगायतका विशेषताहरू लोककथामा रहेको छ ।

### ३.१ लागा देवताको बात

लागा देवताको जन्म भारतमा भएको रहन्छ । जन्म आइतबार, आठ भासी जन्मेछन् । आठमासीका पुरा १० मासीका जस्ता रैछन, दश मासी हुँदा एक वर्षका जसा, एक वर्ष हुँदा, दुई वर्षका जसा, दुई वर्षका हुँदा चार वर्षका जसा रैछन् । सात वर्षको उमेर बाखी ग्वाला, दश वर्षको उमेर हुँदा गोरू ग्वाला र बाह्र वर्षको उमेर हुँदा भैसी ग्वाला भएछन् । एकदिन ती भैसी चराउँदा निदाए छन्, सपना देखेछन् । सपना देखेपछि त्यहाँ कौशल्यावती भन्ने स्वाइनी मान्छे रहिछन् । तिनलाई सोधेछ जियाज्यू मेरो विन्ती सुनिदिनु पऱ्यो भनेछन् र मुइले सपना देख्या भनेछन् । कौशल्यावतीले भनिछन् क्या सपना देख्या भन बा भनेछन् । ताँपछि लागा ले भनेछन्, धौला घोणामी चण्याको छिया, रातो काम्लो आँढ्याको छिया भेडा बाखा धेबदो छिया बाँसुरी बजाउँदो छया, चमरीको झुपो, हिमाल, पर्वत देख्दो छया, लालकाल् पाटन हुँदो छया यो क्या होला भनि कौशल्यावतीलाई सोधेछन् । उहाँपछि उनले भनिछन् यस्तो सपना भन्याको तमरो नेपाल कि मानराय झानुपर्न्या हो भनिछन् ।

ताँपछि लोगा देवले सुनारलाई भन्योछ सुनार दाजु मलाई बाँसुरी दे, बाह्रधार्नी लवा गुर्जो देन भनेछन् । फेरी कौशल्यवतीलाई भनेछन् जियाज्यू बाह्र पाथी सानु सामल बनाई देउ, मानाराया झाँदो लुगा धोई देउ भनि भनेछ । जियाज्यूले पनि बाह्र पाथी सातु सामल हाली लुगा धोई दिएछन् । ताँपछि लोगाले विजुली छम्काई घोडा बेगाई मुरादावाद, मुसदावादबाट इलाहावाद, नगीनावाद, टनकपुर भई वारीमण्डी (डडेल्धुरा) भन्ने ठाउँमा प्रवेश अँरयो । वारीमण्डीबाट घोडा वेगाई कौवानी आयो, कौवानी आएर पुन्नागिरी माईको दर्शन अन्यो, हयहाँ पुन्नागिरीमा घाणो चणाउन्या थिती बसाल्यो, त्यहीबाट घोणे दौडाई कल्यान खोला, हुँदै घटालमाडु आई लखमादेवीको दर्शन पायो । तावाट घोणा दौडाई मष्टामाणु हुँदै ढुङ्गाण आयो । ढुङगाण मल्ललाई भन्यो मेरो विन्ती सुनि देउ मल्लले भन्यो, तमरो विन्ती सुनुली । ताँपछि भनेछ मु मानाराय झाँदो मुखी भात बाखो देऊ मु तमरो डाँसा फणिल्याको पहण कटाउला भन्यो र मल्लले पनि हुन्छ भनी भात बाखो दिएछन् । ताँपछि घोणो दौडाई देउरा आएछन्, देउराको सागुणी पहण कटाई सुवेडा आएछन् । सुवेणामा दानु जोशी, भगु जोशीलाई मेरो विन्ती सुन, मानाराय झान्या दिन हेरी देउ भनेछन् । ती सुवेणीले भनेछन् दिन हेरी दिउली तमे हामीलाई के दिन्याहौ भनेछन् । तापछि लोगादेवले भन्यो बाइसै थानको सुररो सिजाउँला भन्ने अधिकार दिएछन् । ताँपछि सुवेणी जोशीले धुलौटो हेरी, पातुणो उफारी शुक्रवारको दिन जण्यो भनेर भनेछन् । ताँबाट लौगा देव घोणो दौडाई देवलमा आएछन् । र देवलका धामी पुजारालाई भनेछन् मेरो विन्ति सुनिदेउ भोल बासा दियो बाली देउ भोल छकाल लाँकुणे चलाई देउ भनेछन् र त्यही बमोजिम धामी पुजाराले पनि लाकुणो चलाइदिएछन्, र लोगा देवले लाँकुणोको दर्शन पाएछ र मानाराय झाने दिन कहिले छ भनि सोधेछन् । ताँकुणाले शुक्रवार ठीक छ भन्यो छ । तापछि लोगदिव घोणा दौडाई बाहुलीगाण आयो, ताँ आएपछि सही कुमालतडाको माझी जज्या जिम्न्या थापालाई मेरो विन्ती सुनिदेउ र भनेछन् मानाराय झाँदो छु भात बाखो देउन भनेछन् । ताँपछि ती थापाले जति आया ती सबैलाई भात बाखो कहाँ पाइन्छ भनेछन् । फेरी लोगादेवले सोधेछन् पानी तिस लागेको छ पानी देउन थापाजी भनि सोधेछन् । थापाले भनेछन् पानी खान्या भया चिसो छ गन्डगा झाउ भन्योछ मा पछि लोगादेवले इजु ज्यू सुर्मा देवी मेरो विन्ती सुन, सुन टाण भित्र अनावाली देऊ भन्यो छ ।

ताँपछि वारि रिट्यो बाहुलीगाड पारी रिट्यो गेगा, थापाको कुमालतडो बगाई लिदीयो ताँपछि घोणा दौडाई सुनिगाड आयो र सुनिगाडमा हेरफेर गऱ्यो । ताँपछि ऐ सुनिकोटको राजा को होला भनी सोधेछ एकजना मान्छेले भनेछ सारी बम्म । तापछि सुनिकोटका सारी बम्म मेरो विन्ती लेउन भन्यो छ, तापछि सारी बम्मले भनेछन्, तमरो विन्ती लिउली तिमी हमुलाई क्या विन्या हो भनि सोधेछन् । लागा देवले भनेछन् सुनिगाडा वारीपारी तार लाईदेउ माथ पगडो तमुईले देउला नौ गोड्या दाँभ्रीको पासवाट कर दिलाउँला भनि लागोल तर पहिले लोगाले सुनसरी वाँसुली दिउला, माथ पगडी तमे देउला भन्दा सारी बम्मलाई चित्र बुझेछन् अन्तिममा नौ गोड्या दाँक्रीको पासबाट कर लेउला भनेपछि चित्त बुझेछ र लोगलि भने बमोजिम तुइन्याल्ली भेलाको बाबियो कटाइ सुनिगाड वारीपारी लडा बटायो । ताँपछि त्यही लडाबाट सुनिगाड तरी लागाले फेरी सारी बम्मलाई आफ्नो विन्ती राख्यो, सारी वम्मले आज्ञा होउ भनेछन्, ताँपछि लागाले भनेछन् मु माना राय झाँदो मुलाई भात बाखो देउन । ताँपछि राजाबाट भात बाखो खाइकन राजालाई चौदृसय जिदैको सिगो भरौला, भेडा फुरू ओइडो भराउाला, पाखी चमर तमुइ सिजाउला, ओखल भरी सुन नाली भरी रूपैया तमुइ दिउला चौस चौर दानी ढुङ्गको ओखल खोपाउँला भनी घोडा बेगाइ धरासी  गए । लाँगाको प्यारो गाउँ धरासीलाई मानिदो रहेछ, लाँगा त्यहाँ बसेछन् कुवरकी श्रीमतीले खाना बनाइछन् खाना खाएछन्, खाना खाएपछि तियाको चौकोमा बसेछन् खुन्नाका तलीमाथि धारिला ढुङ्गा, खुन्नाको ओढार राक्षसको रहेछ त्यही रागसका चिल्ला विल्ला भएछन्, ताँपछि घोडा बेगाइ चाढ्याका खौला गएछन् र त्यहाँ गोठालासँग बसेछन् । गोठालालाई भनेछन् गोठाला मलाई भोक प्यास लाग्यो दूध खान देन । ताँपनि गोठालाले तमु जसा कति प आउन्ना हुँदैन भनेछन् त्यहाँनेर बाठपाला लागाको औतारू भयो, पानी नहुन्या ठाउँकी पानी फुटायो, साठी भैसाको सिलधाम लायो, भैसीका ठाँटको राँगो सिलदाम लायो घोडा बेगाइ सुर्मा डाडा गएछन् त्यही डाँडाको पाती हल्लाई लेत ठोल्या गएछन् त्यहाँ लिस्सो चढाइ देउकोट गएछन् देउकोटमा देउपुरी भएछन्, त्यहाँबाट रागसकोट गएछन्, त्यहाँ रागसपुरी भएछन् ताँ बाट हतै छिनार गएछन् हतै छिनारमा केश फुकाएछन् र ताँबाट धुली रागुली मुखाली गई रागम्या दैत मारी उल्ट्या मुण डौ उल्ट्यामुण दैत्य मारी टोट्क्या मुक गई टोट्क्या दैत मारी ताँबाट बलौडी गएछन् र त्यहाँका मान्छेलाई भनेछन् घर छौकी नाई भनि सोधेछन् उनले घर छौ भन के हो भनेछन् र लोगा देवले भनेछन् यसै नन्दि वारिपारी तारलाई देउन तार हामीलाई दिउँली तमे क्या दिन्छौ, भनी धुली न्यूनाका मान्छेले भनेछन् । ताँपछि लोगाले नौ गोड्या ढाँक्रीमी मानु भराउला भनेर धुलीकोट गएछन् र धुलीकोटका कुन्जन्या बोरालाई धर छै कि छैन भनि सोधेछन् । कुन्जन्याले धेरै छु क्या आज्ञा हुन्छ भन्नु होस् भनेछ, लागाले म मानाराय झाँदो भात बाखो दे चोरा गराफुको भन्याति दिउँला, नौ गोड्या ढाँक्रीमी सेवा अराउला भनि भात बाखो खाई हिडेछन् ।

त्यहाँबाट कठान सुनण्या जाड का घर पुगेछन र उसलाई भनेछन् मु मानाराय झाँदो मुलाई भात बाखो देउन म तिमीलाई चौधस य जिदै कोटको विष्ट्यालो दिउँला, नौ गोड्या ढाँक्रीमी सेवा अराउँला ।

भनी जिदैकोट गएछन्, त्यहाँ गएर छ्या-छ्या लामासँग रिताछेत गरेछन् र रूपा जडयानीसँग भेटघाट गरेछन् । ताँबाट मानाराय गई नुवाइ धुवाई गौरीको घरमा बास बसेछन् इजु मेरो टोटलीको यासो कोट भनेर भनेछन् । ती जहाँ जहाँ गए त्यहाँ घोडा सँगै लिएर गएका थिए । ताँपछि ताबाट घोडा बेगाई लालपाटन, वुकीपाटन काटपाटनबाट एक्ल्या घर आएछन् ताँबाट तामाजुम, आई तनजङ्ग जाडलाई मानाराय नुहाइ आउँला दुवो पैराइ देन भनी ताँबाट छेपाचौर आई सत्रसय ताग्लाखारलाई साल्सु गंगा वारीपारी भेडी मुडी देन भनी विन्ती गरेछन् र दो नाल्या गुम्फाको बन्ज ढलाई देन भनेछन्, तामाजुमीले त्यो हमे गरिदिउँली तमे क्या दिन्या हौ भनी लोगालाई सोधेछन् । लोगोले छाँटी छाँटी बाखा दिउँला भनेछन्, ताँबाट गिर्दैकोट गएछन् र गिर्दै कोटमा बाजु बाठपाला बसेका रहेछन् र लोगाले भनेछन् यही जिदैकोटमा क्या बस्न जान्या पारीका लेक जुम्लीको सादो । मुरे भाइ जुम्लीका देरा झाँदो भनी बाठपालाले भनेछन् । तापछि लागाले झाउ हे दाजू बाँठपाला निकारी झाया मेरा भागको लाडुचिउरा तमेवाडी खाया भनेछन् तापछि मु ऐ जिर्दैकोट कसरी बसु जडयानीको भाका कसरी बुझु उइ रूपा जड्यानीका शिरमा लामा केश छन्, दाँत झल्क्याइना छन् भनी भनेछन् त्यहाँबाट बझाङ्गका

विभिन्न ठाउँमा बसेछन्, यसरी ती बसेको ठाउँमा मानिसहरूले होम, पूजा, पाठ गरी उपवासै गरी पाठा भेडाको बली गरेर लाँगा देवताको पूजा गर्ने चलन रहेको छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूल माला ।

**संकलन स्रोत : हर्कबहादुर बम्म, सुवेडा**

### ३.३ राँगो र दलवीर्‍याको बात-

बझाङ्ग जिल्ला अन्तर्गत गोठीचउर भन्ने गाउँमा दलवीर्‍या ढ्वाल नाउँ अरयाको एउटा मान्छे थियो, त्यो मान्छे निकै बलियो र तागतदार थियो । त्यही बेला बझाङ्ग राज्यमा बझाङ्गी राजाले राज्य अर्दथे । तिनले आफ्नो मनोरन्जन अर्नाकी लागि दशै र तिहारका बेला निका निका राँगा र बल्ल दरवारमा मगाएर दरवारको अघणिको चउणमा जुत्याउन लाउँथे र जइका गोरू (वल्ल) र राँगाले जित्यो उइका मानिकखी केही रूप्या पुरस्कार दिन्थे । तेइवेला वाजुराको कुन्ना कोल्टी भन्न्या ठाउँ बझाङ्ग रायमा नै पठदथ्यो । त्यही कुन्ना भन्न्या ठाउँमा एक भिडी नाम अर्‍याकी अविवाहित महिलाले २० भैसा कासाथ एक राँगो पाल्याकि रइछन् । त्यो राँगो माइस धेक्न्याविक्ति कै मार्न आउँथ्यो, कोही पनि उसका नजिक झान सक्ताइन्रहेछन् । उहाँपछि तस्तो बलियो राँगो छ भन्ने कुणा राजाले सुनेछन्, राजाले सुन्यापछि आफ्ना अड्डाका कर्मचारी र पुलिस बोलायाछन् र चाँदीका रूप्या आनी त्यो रूप्यालाई आफुले अनामिका र कनिष्ठ औलाले बङ्ग्याएर तिनका अघाणि राखिदिएछन् र भनेछन् हेर तिमीहरूले जसले यो चाँदीको रूप्यालाई सीधा पार्न सक्छ उसैले नै राँगो आन्न सक्छ भन्ने राजाको हुकुम भएछ, ताँपछि सवै लागेछन् कसैले त्यो रूप्या सीधा पार्न सकेनछन् । उहाँपछि अन्तिममा दलविर्‍या छाल गएछन् र उनले त्यो चाँदीको रूप्यालाई सजिलैसँग सोझो बनाइदिएछन् ।

ताँपछि राजा खुशी भएर दलविर्‍या ढ्वाललाई राँगो लिएर आइजा भनेर कुन्ना कोल्टीतिर लाएछन् र दलविर्‍या पनि धमाधम राजाको आदेश अनुसार कोल्टी भिडीको घरमा पुगेछन् । तापछि तमेको होउ काँका होउ केइ आया भनि सोध्यो, उहाँपछि दलविर्‍या छालले भन्यो, मु तम्रो राँगो लिन भनि आया हुँ, राजाले लिएर आ भनि मुखि लायो भन्यो, ताँपछि भिडीले भनि मेरो राँगो लिन्या मान्छेले साठी रोटी, चार ठेका दही र छाँई एक टाउक्या साग खानु पर्‍न्या हो, तब मात्र मेरो राँगोा लिन पाइने हो भनि भन्यो । उहाँपछि भिडीले भन्या जति सबै खानेकुणा, दलविर्‍याले खायो, खायापछि भिडी र ढ्वाल दुवै जना राँगो भएका ठाउँ गया ।

ताँपछि ढ्वाललाई धेक्न्याविक्तिकै राँगो मार्न भनेर आयो छ राँगो मार्न आएपछि ढ्वालले राँगाको सिङ र कान समाई मैदान भागमा करीव २/३ घण्टासम्म लणाई भयो, ताँपछि राँगो नसक्न्या अवस्थामा पुग्यो राँगो खुब गल्यो नाक मुखबाट फिन फाल्यो । ताँपछि ढ्वालले डोराले बाँनेर राँगालाई भिडीको गोठानसम्म पुर्‍यायो । उहाँपछि भिडीले भनि मैले तपाईजस्तो विर मान्छेसँग विवाह अर्छु भनि मैले विवाह अरेन जवानी अवस्थामा यस्तो तपाइजस्तो विर मान्छे पाएको भए विवाह अर्थे । अब जवानी अवस्थाको मौका चुक्यो, राँगो लिएर झाउ भनि ढ्वाललाई राँगोका साथ पठाई ।

ताँपछि त्यो राँगोलाई दलविर्‍या ढ्वालले राजाको दरवारमा पुर्‍याइदिए, राँगो राजालाई अर्पण अरि दिए, उहाँपछि राजा खुशी भए र धन्यवाद दलविर्‍या तिमी वीर हौ भनि प्रशंसा अरी धेरै पुरस्कार दिई दलविर्‍यालाई घर फर्काइदिए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूल माला ।

**संकलन स्रोत : रामबहादुर ऐडी, सुनिकोट**

### ३.३ नौमुखे राक्षस

धेरै वर्ष पहिलेको कुरा हो, एक गाउँमा जनसंख्या दिनहुँ बढ्दै गएको थियो । गाउँ घरमा खान लाउन कसैलाई पुग्दैनथ्यो । एक आपसमा झगडा अशन्ति चोरी डकैती जस्ता विसंगतीपूर्णम कामको

थालनी भएको थियो । गाउँको नजिक एउटा ठूलो जंगल थियो त्यो जंगलमा नौमुखे राक्षस बस्थ्यो । त्यो जंगलमा गयो भने जीव जन्तु कसैलाई बाँकी राख्तैनथ्यो, सवैलाई खाइदिन्थ्यो र मान्छे पनि त्यो जंगलमा जानु भनेको मर्नु सरह हो भन्थ्यो । त्यो राक्षसले जंगलमा केही नपाएपछि गाउँतर्फ प्रवेश गर्थ्यो र जो भेटायो त्यसैलाई खाइदिन्थ्यो गाउँका मान्छे डर, त्रासले लुकीछिपी बस्थे, एक अर्कासँग सुख दुःख सम्मसाट् नपाउँदैनथे तर नौ मुखे राक्षस गाउँमा मान्छे पाइहालिन्छन् भनी खुशी भएको थियो, विहान सधैँ गाउँ आउने र बेलुकी आफ्नै बासस्थानमा जान्थ्यो ।

यसरी दिनपरदिन अकालै मान्छे खान लागेपछि, त्यहाँका गाउँलेको जमघट भएछ नौमुखे राक्षसको अत्याचारमाथि नियन्त्रण गर्न सकिँदैन, अब हामीले पालैपालो गरी घरको एक एक जना राक्षसकहाँ जाने र राक्षसको आहारा बन्ने नौमुखेले गाउँ प्रवेश नगर्ने भन्ने सहमति लिएर नौमुखे कहाँ गएछन र आफुले गरेको निर्णय सुनाएछन्, त्यो निर्णय पाएपछि उसले त सजिलै स्वीकार गरेछ, त्यसै गाउँमा राममति नाउँ गरेकी एक आईमाई थिइ उनको घरमा खानको लागि केही थिएन ऊँ गर्भवती पनि थिइन् । उनलाई एकदिन सेतो भुजा (फर्सी) खान मन लागेछ, र सेतो भुजा खोज्न उ गाउँभरी गइन् र गाउँको मुखियाका घरमा पुगेर यहाँ सेतो फर्सी छ भनी सोधिछन् । उनले भनेछन्, सेतो फर्सी यहाँ छैन पारी पट्टिको जंगलमा फलेको छ त्यही जानुहोस् भनेर जंगलमा लाएछन् । तापछि ऊ महिला पनि त्यो जंगलमा सरासर गइछ र त्यहाँ जाने वित्तिकै नौमुखे राक्षस देखेर झस्याङ्ग हुँदै आशा निराशामा बदलिछ । हुन त त्यहाँ फर्सी पनि धेरै थरी थरीका थिए, राक्षस त अब खान पाउछु भनेर रमाउँदै दिला किन गरेको हुँ भनी भन्न थालेछ । महिला निर्दोष भएकी कारणले उरूली भनिछ म गर्भवती छु, म त फर्सी खान भनेर मात्र आएकी हुँ भन्दा फर्सी झुलबाट झिकेर लेउ तर तिम्रो गर्भमा छोरा भए धेरै राख्नु छोरी भए म कहाँ दिनु भनेर बचनबद्धता गराएछ र महिला घरतर्फ आइछन् ।

३/४ महिनापछि महिलाका छोरी भइछन्, छोरी जन्मेको खवर पाउँदा नवजात शिशुलाई त्यो राक्षसले बलजफ्ती गरेर लिदियो छ । अनि ति महिला रून करान लागिछन् र केही सीप नलागेपछि ती लुकीछिपी मिठो-मिठो खाना वरको रूखमा झुन्ड्याएर जान्थिन् । नौमुखे सधैं गाउँतर्फ लाग्न आउँदा त्यो रूखमा खाना देख्थ्यो र त्यो खाना वसी वसी ती छोरीले खान्थिन् ती बालिकालाई नौमुखेले श्रीमती बनाएको रहेछ, ती बालिकापछि तिनकी आमाबाट एक भाई पनि जन्मेको थियो । ऊ पछि ठूलो हुँदै जाँदा दिदी राक्षसले लगेको थाहा पाउँछ, तर उसकी दिदी भने सानै उमेरमा राक्षसले लगेको हुनाले म कहाँबाट यहाँ आँए कसरी आँए केही थापा थिएन् । त्यहाँ रूखमा दिनपरदिन खाना झुन्ड्याएर राखेको हुन्थ्यो तर मान्छे भने कोही देखिँदैनथे, एकदिन तिन्का भाई खाना राख्दा देख्दा उनले भनिछन् तिमी को हौ सधैँ यसरी आउँछौ तर देखिदैनौ भन्दा उनले भने दिदी म तिम्रो भाई हु, तिमी आमाको गर्भमा हुँदा आमा सेतो फर्सी खोज्दा नौमुखे राक्षसकहाँ पुगिछन् र राक्षसले सेतो फर्सी दिएछ र तिम्रो गर्भमा छोरी जन्मे मलाई दिनु भनी तिमी जन्मने वित्तिकै त्यो राक्षसले जवरजस्ती लगेछ, जवरजस्ती स्वास्नी बनाइराखेछ, आमाले मलाई त्यही वरपिपल नजिक आउँछ, त्यहाँ खाना झुन्ड्याएर आउ भनि मलाई लायो म तिम्रो भाई हु भनि त्यो बालकले भनेछ तिम्रो प्रार्थनामा म आएको हुँ भन्दा दिदी र भाई असाध्यै रूदै आ-आफ्नो बासस्थान तिर गएछन् । यसरी हिड्या बहिनीले तिमी नजाउ भनी भाईलाई सिन्दुश भित्र लुकाइएर राखिन् । राती परेपछि नौमुखे आउँछ, यहाँ के हो मानिसको गन्ध आइरहेछ भनेछ । ताँपछि उसकी श्रीमतीले भनिन् यहाँ त्यस्तो कुनै मान्छे नै आउन सक्दैन तपाईको मान्छेको खोजतलासमा ढिलाई भएको हुँदा त्यस्तो गन्ध मान्नु भयो होला भन्दै तेल मालिस गर्दै राक्षसलाई सुताउन लागिन् र राक्षस दिनभरिको थकाइले मस्त निद्रामा सुत्यो, ताँपछि विहान भयो, राक्षसलाई तपाई टाढा गएर केही वस्तु ल्याउन जाउ भन्दै राक्षसलाई टाढा भगाइन् ।

ताँपछि आफ्ना भाईलाई सुन्दुशबाट खोली भनिन् भाई आज नौमुखे टाढाको शहरमा गएको छ र त्यहाँ जाँदा समय पनि धेरै लाग्छ तर ठूलो समुन्द्र पार गर्नुपर्छ । समुन्द्र पार गर्न त्यसले आफैले ठूलो पुन बनाएको छ त्यही पुलबाट त्यो आवज जावत गर्छ, त्यो पुल भत्काई कृतिमपुलको निर्माण गरी त्यही पुलबाट खसालेर मार्नुपर्छ नत्र सकिँदैन भन्दै दुवै भाइ बहिनी पुलभएकै ठाउँमा पुगी पूल भत्काईम सिस्नोको बोटको फ्ल्याक अनि गाईको गोबरको बाहिरतर्फ सेतो चुनाले पुल रंगीन बनाई आफु लेकेर

बसे । जब नौ मुखे त्यहाँ पुग्यो चारैतिर हेर्‍यो विचार गर्‍यो पुलत धेरै राम्रो छ, कसले बनायो होला भन्दै पुल तरी जव विचमा पुग्यो पुल भत्केर समुन्द्रमा डुब्यो अनि नौमुखे सदाको लागि खतम भयो । अन्तमा दुवै भाई बहिनीा नौ मुखेको सम्पत्ति कुम्ल्याउँदै आफ्नो घरतर्फ प्रस्थान गरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूल माला ।

**संकलन स्रोत : गौरीशंकर जोशी, ताल्कोट**

## ३.४ नभ्गाने गाउँको बाटै नसोध्नु

आजभन्दा लगभग ३०० वर्ष पहिले पहाडको गाउँमा महामारी रोगले हुने हार बालबालिका युवा वृद्ध र महिलाको अकालै मृत्यु भएछ । गाउँमा जता ततै विचल्ली भएछ र गाउँ नै खाली हुन्छ कि भन्ने डर सवैलाई लागछे । ताँपछि सवै एकजुट भएर देवदेवीको पूजा गरने निर्णय गरेछन् । त्यही गाउँको एकजना मान्छे गाउँलले भनेको भन्दा पनि विपरित गर्थ्यो उसको सोचमा देवताको पुजा गर्नुभन्दा कालको पूजा गर्नु ठीक छ भनी कालको पूजा गर्थ्यो । त्यसको एकाग्र भक्ति देखेर काल खुशी भएर भने छ, तिम्रो प्रार्थनाबाट म खुशी भए भन तिम्रो के विचार छ भनी कालले भन्यो, ताँपछि त्यो मान्छेले तिम्रो अदृश्यता देखेर सवै छक्क छन् अव म के उत्तर दिउ तपाईं नै भन्नुहोस् भनेर काललाई भनेछ । काल मुसुमुसु हाँस्दै भन्न थाल्यो, सवै मानिस तिमी जस्तो छैनन् भने जस्तो काममा खटाउन पनि रूकिदैन, मानव जगतलाई परिचालन गर्न गाऱ्होछ, त्यसैले हेर कसैले न देख्ने गरी लुकीछिपी हिड्नुपर्छ फेरी हिजो आज त अधिकार खोज्नको लागि ताँती छ, त्यसैले म अदृश्य छु जिम्मेवारी झन् बढ्दै गएको छ, तिम्रो प्रार्थनाबाट म खुशी भए अब तिमीले मात्रै मलाई देख्ने छौ नकि कसैले देख्ने छैन यदि यो रहस्यलाई खोस्ने प्रयास गर्‍यो तिम्रो नै मृत्यु हुने छ भनेर काल आफ्नो गन्तव्यतिर गयो ।

केही वर्षपछि त्यो मान्छेका ससुरा ससुरालीमा विरामी परे छन् । रत्यो खवर पाएपछि दुवै लोग्ने स्वास्नी ससुराली तर्फ हिडछन् । जाँदा बाटोमा दमाईको वस्ती भएर हिड्नु पर्थ्यो त्यहाँ दमाई मर्न लागेको देखेछ त्यहाँ धेरै मानिस भेला भएका थिए तर दमाईले मर्न चाहेको थिएन उ घरी भित्र घरी बाहिर गर्दा दमाई मर्थ्यो र फेरी जीवित हुन्थ्यो यो दृश्य देखेर रून थाल्यो नभन्दै लोग्ने स्वास्नी ससुरालीतर्फ अगाडि बढ्दै रूदै हिडे ।

ससुरालीको घर नजिक पुग्दा ससुरालाई विरामले च्यापी सकेको थियो । गाउँघरका मानिसहरू दाहासंष्कारको लागी मलामीको तैयारीमा तैनाथ थिए, उसका लोग्ने स्वास्नी त्यहाँ पुगे ससुरा मृत्यु वरणमा थिए । उसले देख्यो जुन समयमा राम्रो खानेकुरा दिनु थियो दिइनस्, चाँड पर्व कहिले पनि रमाउन पाइनस् बस्नलाई घरको व्यवस्थासम्म गर्न सकिनस्, आफ्नो नातेदार कसैलाई चिन्दै चिनिनस् ल छिटो छिटो देह त्याग गर भन्दै थियो । त्यो दृश्य देखेर उ हाँस्यो ।

ससुरालीबाट घर फर्कंदा दुवै लोग्ने स्वास्नी एक आपस दुखेसो पोख्दै थिए । जव घरमा पुगे अनि स्वास्नी चाहिले दमाई मर्ने समयमा रोएको र ससुरा मर्ने वेलामा हाँसेको रहस्य खोल्न भनिन् । लोग्नेले सर्वप्रथम भन्न नै चाहेन आखिर केही सीप नचलेर भनेछन् । सवै चियो चर्चा गर्नु राम्रो होइन, राम्रो नराम्रो प्रतिफल हुन सक्छ भनि रहँदा पनि स्वास्नीले जिद्धी गरिरहिन् । त्यसपछि भन्यो म त्यो कुरा त्यो समयमा बताउँछु जुन समयमा तँ चितामा हुने छन् लौभन म मरेपनि स्वीकार गर्छौ भने सवै सामग्री जम्मा गर त्यही मसान घाटको चितामा बताउनेछु । हनिहार दैव नटार भने झैं दुवै लोग्ने स्वास्नी सामग्री जम्मा गरेर मसानघाटतर्फ लागेछन् ।

मसानघाटमा चितामा बसेर लोग्ने रहस्य बताउँछन् खोज्दै थियो भने स्वास्नी चाहिँ बुझ्ने जमर्को गर्दै थिइन् अकस्मात चित्ताबाट जामुनाको रूखमा भालु देख्यो, भालु पाकेका जामुना आफु खाँदै र जमिनमा बसेका पोथी भालुलाई दिँदै थियो, पोथी भालु छिटो माग्न कराउँदै थियो, पटक पटक दिँदा पनि त्यो पोथी भालु अघाएको थिएन, यसरी धेरै जामुना फाल्दा पनि पोथी भालु नअघाएकाले रूखबाट भाले भालुले हाँगो भाँची तल जमिनमा फाली पोथी भालुलाई पिट्न थाल्यो । पोथी भालु ऐंया ऐँया भन्दै

जंगलतर्फ लाग्यो । फेरी भालु उसको श्रीमतीलाई पनि त्यही लट्ठीले पिट्न थाल्यो । गुहार-गुहार भालुले मार्‍यो भन्दै डाको छाडेर रून थाली । ताँपछिमा तुका भालेपोथी जंगल र लोग्ने स्वास्नी आफ्नै घर आँगनमा पहिलेको तीतो अनुभव बटुली बस्न थाले ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूल माला ।

**संकलन स्रोत : धनभक्त जोशी, काप्रिकोट**

## ३.५ भाग्यमानी भाइ बहिनी

धेरै वर्ष पहिले कुनै गाउँमा आमाबाबु नभएका दुई भाइ बहिनी थिए । सम्पत्तिका नाममा भैंसी मात्र थियो । भैसी चराउन भाई बहिनी जंगलतर्फ जान्थे । बहिनी घर बाहिर निस्कँदा मुखमा कालो मुसो दलेर मात्र जान्थी एक दिन भाई बहिनी भैसी चराउन गएको समयमा घरमा भैसीको दाम्लो बनाउनु पर्ने भएकोले भाईलाई घर जान आग्रह गरीन् भाईले म जाँदैन भनेपछि आफै घरतर्फ हिडिन् ।

घरमा पुगेर भैसी गोठ्मा दाम्लो बनाउँदै गरेको समयमा ३/४ जनाको समूहको नजिक आउँदै पानी माग्न थाले । दिदीले बटुवालाई पानी दिनु धर्म हो भनी लोटामा पानी ल्याएर बटुवालाई दिइन् । पानी खाए झैँ गरी लोटाको पानी मुखमा जम्मा गरेर उसको मुखतर्फ त्यो पानी फालिदिएछ ताँपछि उसको अनुहार टलक्क टल्कियो । ताँपछि ती बटुवाले तिमी हामीसँग हिड भनी टड्कारो स्वभावले बोल्न  थाले । उनले भनीन् मेरो सानो भाई छ त्यसको पालनपोषण गर्ने कोही छैन भन्दा पनि ती मानिसले मानेछन् तिनीहरू राजाका कुख्यात डाँका थिए, तिनले त आफ्नो साथमा लागे छोडे ।

बेलुका तर्फ भाई भैसीको साथमा बनबाट घरमा पुग्दा दिदी देखा नपरेकाले घरको चारैतिर दिदी भन्दै बोलाउन थाल्यो र छाती पिटी पिटी रून थाल्यो । भाई आँगनमा रूँदै बोलाउन थाल्यो भने घरभित्रको नून खुर्सानी पिन्ने सिलौटो के हो भन्थ्यो । दिदी दिदी भन्दै वो लाउन भित्र जाँदा गोठमा भैसीको दाम्लो के हो भन्थ्यो । रात भरि भित्र बाहिर गर्दै रूदै रात बितायो ।

विहान अब दिदी पक्कै दुष्टको हाततमा परेको हुन सक्छ भन्दै आत्तिदै कसैले मेरो दिदीलाई भेटाउनु भएको थियो कि भन्दै बाटोमा जसलाई भेटायो उसलाई सोध्दै गयो, कसैले पनि भेटायौं भनेर भनेनछन् ताँपछि झन् छट्पटाउँदै पिपलको चौचारोमा बस्यो छ अकस्मात् पिपलको रूखको टुप्पाबाट चौचारासम्म लामो रौ हावामा हल्लिरहेको देख्यो । अहो यो मेरी दिदीको रौँ त होइन भन्दै रूखमा चढ्यो तर उनी उसकीा दिदी नभई वेग्लै ठाउँकी विदुषी नारी थिइन् । ती देखेपछि रूदै कराउँदै मेरी दिदी देख्नुभयो भनेर भनेछ, त्यसै बेला काग कराउँदै त्यही पिपलको बोट नजिक  आयो । काग करायको विदुषीले थाहा पाइन् र भनिन्, भाई तिमी यो काग जहाँ जहाँ जान्छ, त्यही तिमीजाउ यसले तिम्री दिदी ठाउँ पुर्‍याउनेछ भनिछन् । ताँपछि त्यो रूनेभाई पनि जहा जहाँ काग गयो त्यसको पछि पछि हिड्यो काग ठूलो दरवारको कौशीमा बस्यो ऊ त्यहाँ जान चाहन्थ्यो तर चारैतिर पर्खाल लगाएको हुनाले चढ्न सक्तैनथ्यो । सुरक्षाकर्मी पनि चारैतिर खटिएका थिए, तिनीहरूलाई त्यो बालकले रूँदै भित्र जान पाउँ भन्ने आग्रह गर्छ तर उनीहरू जान दिँदैनन् तर अन्तिममा बुढो पाले आएर बालकलाई तिमीको हौ किन रोई रेका भनी सोधेछ । बालक भन्छ, मेरी दिदी हराइरहेकी छिन् म उनैलाई खोज्न आएको हु भित्र जान पाइन्छ कि पाइदैन ? त्यसपछि त्यो बुढो पाले यहाँ कसैलाई जानदिँदैनन् म के गरूँ भन्दै राजाका नाममा विन्ती पत्र हाल्छ, सरकार एकजना बालक यहाँ आएर रोइरहेको छ म भित्र जानपाउँ भनेर भनी राजाका नाममा विन्ती पत्र हालेछ ।

राजाले भित्र रानीलाई सोध्यो छ, र भित्र आउन देउ भन्ने आदेश गरेछन् र ती टुहुरा बालकलाई भित्र आउन देउ भन्ने आदेश हुँदा सबै आश्चर्यमा पर्छन् । र भित्र जान्छ रानीको खोपवीमा पुग्छ रानीको खोपीमा पुगेपछि रानी अहो मेरो भाई रहेछ भन्दै छाती पिटी रून थालिन् । भाइ यहाँसम्म कसरी आइपुग्यौ भनि सोध्दै र जाँदा राजाले रानीको भाइ रहेछ भन्ने कुरा बुझेर रानीको भाइलाई सम्झउँदै

भन्न थाले । म यस ठाउँको राजा हुँ तिमीलाई सदाको लागि मन्त्री बनाएर राख्नेछौ भन्ने विश्वास दिलाउँदै आफू राजा र टुहुरा बालकलाई मन्त्रि बनाएर राज्यको काम सञ्चालन गर्न थाले ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : रमेश उपाध्याय, मेलबिसौना**

**३.६ जालपा देवीको बात**

सुर्क्षेत्र नाउँ गर्याको एक ठाउँ थियो, त्यहाँ देवताहरू जम्मा भई बसेका थिए । ति देवता बसेका ठाउँलाई कब्जा अर्न राक्षसहरू त्यहाँ आए र त्यो ठाउँलाई घेरा दिए, उहाँपछि देवता र राक्षसको ठूलो युद्ध भयो । उहाँपछि लडाइमा देवता तर्फकी महादेवी खुव थाकिन् र देवताको हार हुने सम्भावना भयो, मष्टालाई कैदी समान बाँधी जलविषेमा लगी डुबाइ दिए, यस्तो हालत् देवताको धेकेपछि जालपा देवी म एक्लै लड्छु भनि अघि सरी, उहाँपछि जालपा देवी लडाइँ अर्न झाँदा उन्कैसाथ एक अमुर्यक विर आयो र दानवसँग लड्दा जालपादेवीको पसीना आयो त्यो पसीना बाहुलिले पत्थरमा फाली त्यही पसीना फालेको पत्थरबाट लाकुडाको जन्म भयो, त्यो रूप धेक्ता दानवको साँतो हरायो ।

लाकुडाको रूप सिंह सरी मुख बाल सुर्येकै सरी थियो, तिन्को रूप धेक्ता नाम महाँ बली केशरी र अर्को नाम नक्षत्र राखियो तिनको जन्म अश्विनी नक्षत्रमा आइतबारको दिन भयो । उहाँपछि लाकुडाजी जालपाका पाऊमा परी उनकै आशिर्वाद लिएर दानवसँग लड्न हतियार लिएर रणमा गए र देवता (लाँकुडा) र दानवको बीचमा ठूलो लडाइ भयो धेरै दानवहरूको विनाश भयो । महिषसुर भन्ने दानव मात्र बाँकी रहयो ऊ रीसले आफै लड्छु भनी कोधित भई आयो उहाँपछि देवता (लाँकुडा) र दानवको घमासान युद्ध भयो । देवता तर्फका लाँकुडाले खड्ग समाति दानवको गर्धन काटिदियो र त्यो गर्धन जमीनमा पण्यो उहाँपछि देवताहरूले फुलको वर्षा अरे ।

उहाँपछि यही लणाइका कारणले देवताको उद्धर लाकुडाले गरेको हुँदा त्यही गुणलाई सम्झी मष्टो आफ्नो पूजा अर्दा पहिलो भाग लाकुडाको अर्ने रीति बसाल्यो । यसरी लडाइमा केशरी (लाँकुडा) कै हातबाट विजय भयको हुँदा देवताका बीचमा श्रेष्ठ मानिन्छन् र सोही प्राचीन कालदेखि भिटुली जटा मुकुटमा रहयो र त्यो कहिल्यै नगिर्ने अरी ठूलो मान रहयो ।

लडाइमा अरू देवताका शिर नाँगा भयाका छया, त्यसैले ती काँम्दा शीरका किरीट फाली दिन्या थिति रहयो, रणमा लाकुडालाई वाण लागेको हुँदा त्यो खुट्टा डुडो भयो र लाकुडाको नाम डुडो भनि राखियो ।

काला रूप भयाका सेना एकथरी थिए ती सैन्यको नाम काल्सैन थियो, यी काल्सैन श्रीकालीकाका धर्मकुमार हुन् । फेरी देवी देवता सबै एकै ठाउँमा बसे र सल्लाह अरे, सुर्क्षेत्र सबै हो छोडेर पुरानै ठाउँ बस्न्या सम्झौता अरे र भारतवर्षको जालन्धैर नामको जगामा बसे, धेरै कालपछि ती इन्द्रका खटनले यताउति लागे केही दिनपछि यिन्कै आश्रममा एक बालब्रह्माचारी बाहुन आए र तिनले देवी देवताको खुव पूजा अरे । ती बाहुनको नाउ सूर्य भट्ट थियो ती धेरै ज्ञानी थिए तिनलाई खुशी भइ देवीले आफ्नो पुत्रको रूपमा मानिन्, क्यै दिनमा एक अर्का बज्रु पण्डित पत्नि लिएर आया, र सूर्य भट्ट र बज्रु दुवै एकै कुटीमा बसे । उहाँपछि देवताले पाँच आश्रम बनाई सानी थलमा क्यै दिन बसे फेरी त्यो थललाई छोडी पत्थरको गुफा भएको कर्नालीको तटमा बसे, त्यो गुफा अति राम्रो थियो त्यही गुफाभित्र गए जालपा देवी बसिन् र भैरवलाई द्वार्पाल बनाइन् । उहाँपछि आफ्नो वृत्ति चलाएका भट्ट बाहुनले झोलि बनाएका थिए, त्यही झोलिका बीचमा पत्थररूप भएर लाँकुडा लोप भए ।

उहाँपछि यहिरीतले बाहुनको झोलीबाट केशरी प्रकट भए । उहाँपछि भट्ट बाहुले पत्थर रूपि ( देवतालाई) तिम्रो पूजा अरूला भनि विन्ती अेर त्सपछि उ खुशी भई माइसमा औतार लिन्या विचार अर्यो । उहाँपछि आफ्नो कुणा फैलाउन बाहुन साथीम बज्रु पण्डितका घर गए बज्रु पण्डित जुम्लाका बीचमा जुग्गाड नामको नदीमा बस्थे ती दुई पण्डित र बाहुन पुराना साथी भया हुनाले तिन्को निकै सम्बन्ध थियो । बज्रु पण्डितका एक गुणवान् छोरा खलुराम थिए ती केशरीले खलुरामलाई औतार लिन

रोजी । भट्टलाई भनि हे बाहु म खलुरायमा अवतार लिन्छु तिमी देवीकहा गएर आफ्नो काम अर भनिन् । उहाँपछि भैरव दर्शन अर्न शंकरजीको कैलाशमा गए । त्यहाँ शंकरले भैरवलाई जालपा देवीलाई गुफामा गुप्त बास बस्नु हुँदैन, गुप्त बास बस्यो भन्या संसारले मान्दैन, संसारको रक्षा अर्न र कीर्ति छर्ने बाहिर बस्नु पर्छ भनने सल्लाह  दिए । र त्यहाँबाट सेती नदीको तटमा पाली चौखुडी नाउको रमणीय जग्गा छ त्यहाँ राज अर भनि भैरवलाई शंकरले लाए ।

त्यो बाली चौखुडीमा गएर देवालय बनाउ, त्यो भवन बनाउन सक्न्या जुम्ला पुरीका नरपति छन् तिनैले सक्छन् भनेर भगवान् शंकरले बाहुनलाई भने तिमी जुम्लाका नरपते लिएर झाड र मन्दिर बनाउ त्यहाँ मन्दिरमा जालपादेवीका शिल स्थापन अर र म पछि कहिल्यै भैरवलाई साथमा लिएर आउँला भने र यी कुरा सुनेपछि बाहुन जुम्लाका भु मूर्ण मल्ल महाराज भेट्न गए । ती ब्रह्माचारी रूपी बाहुन आएको देख्ता ती राजाले सोधे तिमी के कामले आयौ क्या संकट पण्यो बताउन तिमीले भनेको कुणा म पुरा अर्छु भन्यो उहाँपछि ती बाहुनले सबै कुणा भने ती बाहुनको सबै कुणा सुनेपछि राजाले तिमी धन्य रहेछौं ल हिड त्यो कुन ठाउँ हो भनेर सोधी आफ्नो सबै फौजलाई लगी राजा र बाहुन त्यही बाली चौखुडी भन्या ठाउँ पुग्या र जाल्पा देवी पनि भमराको भेषमा उडेर आइ । र ती राजा ककानी गणामा मन्दिर बनाउन लाग्या तर देवीका मनमा त्यहाँ मन्दिर बनाउने मन भएन त्यहाँ मन्दिर बनाउन खोज्दा ढम्ढम् शब्द अरि जमीनै थर्कन्या आवाज आयो उहाँपछि राजाले त्यो ठाउँ हेरफेर अरयो ।

ताँपछि ती अर्को ठाउँ गएर चित्र विचित्रका पत्थर काटी बुहा भरी विश्व कर्मा जस्तै सुन्दर मन्दिर खडा अरिदियो त्यो नौतलाको पैसठ्ठी हातको अग्लो, तर अर्को काली मन्दिर होचो बनाउनु भयो । पूर्वपश्चिमा दुवैतिर खोली परखालका वरिपरि रूख रोप्नु भयो । अनि मन्दिरमा शिला स्वरूप भगवती स्थापन् गरिन् र पूजा नित्य चल्न थाल्यो त्यही दिनदेखि वाली चौखुडीको नामलाई देवल नाउँ राखियो ।

यसै रीतिले पूर्ण मल्ल नृपले पूजा गर्न गुटी चढाइ दिए र त्यस पछि ब्रह्मचारी बाहुन ठूला गृहस्थी भए । यो समाचार बुझेर भैरव बायुका बेग सरी केसरी कहाँ गए । उहाँपछि फेर्खलुराम पण्डित जुग्गाडबाट भैरवका साथ फुलाडी घाटमा पुगे र केही दीन सेती नदी तर्न नसकेर त्यहाँ विश्राम लिए र पछि घाटमा तरेर सेती वारी आए र त्यसै बखत भेटी फलफूल सबैले लिएर लस्करमा लागे र घोडामा सवारी गराई अरू जनहरू मंगलगानका साथ पछाडि लोगा र मन्दिरमा प्रवेश गर्दा पण्डितबाट अविशेक गराई यी लाकुडाका धामी भै खलुराम पण्डित बस्या ।

ताँपछि कोही दिनमा भैरवले भेष बदली ठगु, जोशीमा कालसैन औतार भयो । उहाँपछि तिनको पुजा आजा अर्नाले शुभ फल मिल्छ भन्ने भनाई छ । त्यहाँपछि बाहुनहरूले नौरतामा होम, पाठ, पूजा जप आदि अर्छन् ती मात्र होइन सबै लोकले पनि बस्त्र, भेटी, धुप बत्ती चन्दन, अक्षताले पूजा अर्छन् यो पूजा अर्नाले मागेको वरदान पनि पाइन्छ भन्छन् । पर्वहरूमा राँगा, बोकाको बली गर्छन् र पहिले नवमीमा एउटा नरको पनि वली गर्दथे ।

ताँपछि नवाकोटी भन्ने बुढा थर भएको एक गाउँ त्यहाँ बस्थे, ती बुढाहरूले पालैपालो अरी वली चढाइदिन्थे अरू कोही मान्छेले वली दिँदैनथे । यसै रीतिले बली दिँदा देवी खुशी भै धन, पत्र बरदान दिन्थे । ताँपछि कोही कालमा एक साधु आए र त्यहाँ बसे त्यो मन्दिरका सभासद्ले त्यो साधुलाई आदर सम्मान गरी पाले र साधुले सोधे, यहाँ के - के पूजा हुन्छ भनी, उहाँपछि त्यहाँका समासदले पर्वका बेला धूप, वत्ती, होम, पाठ गरी राँगा, बोका र नरको वली अरि यहाँ पुजा अर्छन् भने त्यो सुनेपछि साधुले नरको वली केइ अर्छौ त्यो नरको वली अरि क्या पाइन्छ भने साधुका यी कुणादेखि नवाकोटीको चित्त बुझेन, तिनीहरूको चित्त नबुझिएपछि साधु रूप लिएर तिनकाटमा भिक्षा माग्न गए, त्यहाँ एउटाको घरमा झादा छोरालाइ कोरी बाटी अरि बलि अर्न एउटा बुढी रूइरहेकी थिइ, त्यो धेक्दा साधुले ती बालकलाई लिएर फेरि मन्दिर फर्के । उहाँ पछि सिंहासनमा चढेकी देवीका अगाडि एक ठूलो साधु देखा पर्‍यो र त्यो साधु र देवी बिच नरको वली अर्नु हुँदैन भनि तिन्को धेरै कुणाकानी भयो । ताँपछि साधुले भन्यो यो नरको घरमा कोही पनि आच्छि यदि यइको बलि लिन्या हौ भन्या मु आजै यहाइ खि मर्छु भन्यो, साधुले भन्यापछि देवी सकसमा पणिन् र राँगा, बोकाको बलिदान अरि त्यो पर्व विसर्जन अरे । साधु साँझको समयमा सबैका आँखा छलि गुप्त भयो । माइस मार्ने नरखलि छुटाइ गुप्त भएका

धेक्दा त्यहाँ वरिपरिका माइस आश्चार्यमा पठो । यसरी राँगा बोकाको बली अरी होमपाठ पूजा अरी अहिलेसम्म पनि पर्वमा पूजा गरिन्छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : श्रीखण्डि जोशी, रिठापाटा**

## ३.७ सुगा चणाको बात

एउटा गाउँको कुनै एक घर परिवारका मानिस सबै मुर्ख किसिमका थिए, गाउँमा ती मुर्खले आफूजस्तै अरू मुर्ख साथी पनि बनाएका थिए । एकदिन ती मुर्ख परिवारका छोरा छोरीहरू जंगलमा गोरू चराउन गएछन् । त्यही उनले सुगाको फौज देखेछन् र सुगा छोप्न निकै प्रयास पनि गरे छन् र तिनले प्रयास गर्दा एक सुगालाई छोपेछन् र घर पनि ल्याएछन् ।

घर ल्याएपछि आफ्नो बा-आमालाई धेकाए छन् र बाले भनेछन् बाबु यो सुगा काँबाट ल्याहौ हँ भनि सोधेछन् र मुर्ख छोरा छोरीले भनेछन् बुबा हामी गोरू चराउन बन गएको बेला धेक्या उँ ताँहीबाट आन्याऊँ भनि उत्तर दिएछन् । ताँपछि बलि पिजरा बनाएछन् र ती सुगालाई पिजरामा राखेछन् । पिजरामा राखेपछि सुगालाई ती मुर्खहरूले जिस्क्याउने, कहिले जोरले बोलेर थर्काउने, कहिले त्यो पिजराभित्र ठुडाले धोच्ने, चारो (गेडागुडी) दिने बेला ढुङ्गाका कङ्कण फाल्ने गरेर, त्यो विचरा सुगालाई धेरै आपत-विपत देखाइरहेका थिए । एक दिन सुगाले विचार गर्‍यो अब यहाँ त अति भयो के गरू कसो गरू भनि सोच्न लाग्यो ।

एकदिन विहान त्यो गाउँका केटा-केटी स्कुल भ्मान लोगका रहेछन् र स्कुल भ्मान लागेका विद्यार्थीका बाटामा एक तपस्यामा बसिरहेका बाबाजीको कुटी थियो ती बाबाजी धेरै जान्ने एक तपस्यामुखी थिए । ती स्कुल भ्मान लागेका केटा-केटीलाई बाटामा बोलाएर मलाई यो पिजरा भित्र यी मुर्ख मान्छेहरूले धेरै दुःख दियो अब म के गरू भनि ती विद्यार्थीहरूलाई बाटामा पर्ने बाबालाई भनिदिनु भनि विद्यार्थीलाई लाएछन् र विद्यार्थीले पनि हुन्छ भनेर ती सरासर बाबाको कुटीमा गएछन् । कुटीमा पुग्दा बाबाजीले भनेछन् किन आयौ बाबु भनी सोधे छन् ती विद्यार्थीले भनेछन् बाबाजी हामीलाई एउटा सुगा पिजरामा राखेको छ, त्यसले मलाई यहाँका मानिसले धेरै दुःख दिन लागे त्यसैले हामी यहाँ आयौ भनेर विद्यार्थीले भनेछन् । ताँपछि आफ्नो तपस्यामा बसेका बाबाले केही भनेनछन्, आँखा निभाएर भ्मन् मरेजस्तो गरेर स्वासहै बन्द गरेर तपस्यामा बसेछन् तिनले केही नभेपछि विद्यार्थी स्कुल गएछन् र बेलुका ४ बजेपछि घर फर्केछन् घर फर्कँदा बाटामा सुगा हेरिरहेको थियो । ताँपछि सुगाले विद्यार्थीलाई भनेछ मैले भनेको बाबालाई सौध्यौ ? तापछि विद्यार्थीले हामीले सौध्यौ तर बाबाजीले केही बोलेनन् उल्टै आँखा चिम्लाएर स्वास प्रश्वास बन्द गरी तपस्यामा बसिरहे ।

ताँपछि सुगाले ती बाबाजीको चाल बुभ्मिसक्यो छ र भोलीपल्ट भएछ, अति ती मुर्खहरू आएछन् र सधैको जस्तो गरी कोही भ्मिरले धोच्ने कोही पानी खन्याउने, कोही मुखले हप्काउने जस्ता काम गरेछन् उता सुगा बाबाको चाल भ्मै टाउको भुइमा फाली केही हल्लि न चल्लि मरेजस्तो गरेर पल्टिरहयो । ताँपछि ती मुर्खहरूले भनेछन् यो सुगा मरिसक्यो अब यो पिजराभित्र नराखु यसलाई बाहिर फालु भनी एक जनाले हातले समाएर बाहिर फाल्यो । बाहिर फालेपछि त्यो सुगा भुर्र उडेर भाग्यो छ, ऊँ मुर्खहरू हेरेको हेरेइ रहेछन ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : प्रसाद पुरी, कोटदेवल**

## ३.८ सत्यको विजय

बझाङ्गको कुनै एउटा दक्षिण तिरको गाउँमा विराजित नाउँ गरेका गरिब व्यक्ति थिए । उनका ३ वटा छोरीहरू थिए, ती छोरीहरू एकदम सौन्दर्यपूर्ण थिइन् । ती सुन्दरीहरूको सौन्दर्यले त्यस ठाउँमा राज्य गर्ने चौवीसे राज कुमार मोहित भइ विरजितको घरमा ती सुन्दरीहरूलाई हेर्न आए । तिनीहरूमा राजकुमारले माहिलीलाई अत्याधिक मन पराएर विवाह गरी लिनु भयो । अरू दिदी बहिनीहरूले राजकुमारले आफूलाई मन नपराएकोमा एकदम दुःखित भएकी थिइन् । केही वर्षपछि दिदी बहिनीहरूले राजाको गर-गहना, राजकीय सुख सुविधाको लोभ लागे र एउटा षड्यन्त्र रचेछन्, त्यो कस्तो षड्यन्त्र भने रानीको गरगहना एकछिनको लागि लगाउन माग्ने बहिनीले षड्यन्त्र गरिछन् र गहना दिदी (रानी) लाई मागे छन् । दिदी (रानी) ले बहिनीलाई माया गरेर दिहालेछन् र दुवै दिदी र बहिनी कुवा नजिक पुगेछन् र बहिनीले दिदी (रानी) लाई तिमी राम्री कि म राम्री भनेर हेर्न लिएर बहिनीले रानीलाई कुवामा फाली दिइछन् र आफु दरबारमा गइछन् ।

ती रानी (दिदी) र बहिनीको अनुहार मिल्दो जुल्दो थियो । दरबारमा रानीबाट एउटा राजकुमार जन्मिसकेका थिए । ति राजकुमार आमा नआउँदा भोक लागेर एकदमै रून लागेका थिए, यसरी ाल‍क रोइरहेको देखेर रानीकी बहिनी दुध खुवाउन लागेकी थिइन् तर उनको दुध नआएँदा बालक रोइरहेको थियो । बालक रोएको सुन्दा राजाले आफ्ना पाले पहरेलाई त्यो बालक किन रून्छ त्यहाँ गएर हेर रानीले दुध खुवाइ रहेकी छन् कि छैनन् भनेर त्यहाँ लाए । तर बहिनी र दिदी (रानी) को अनुहार उस्तै भएकोले छुट्याउन सकिएन र त्यसपछि कुवामा फालिएकी रानी सबै कुरा सकि सकेपछि एकदम विलाप गर्दै गाउँदै दरबार नजिक आइन् ।

अड्क अड्क ठाँट भैसाली मन हर्‍यो भोकायो म दुध दिन्दे, किल्क किल्क लासका घोडी मन हर्‍यो भोकायो म दुध दिन्दे, भुक भुक देला कुकुर मन हर्‍यो भोकायो म दुध दिन्दे । खुल खुल रूपाका द्धार म दुध दिन्दे ।

ताँपछि दरबारका ढोका खुल्छन् र रानीले बालकलाई दुध खुवाइन् । दुध खुवाइसकेपछि दरबारबाट फर्कदै यसरी विलाप गर्दै रून थालिन् । लाग-लाग रूपाका द्धार मन रहयो । भोकायो म दुध खुवायो छप्क छप्क देल्या कुकुर मर्न हर्‍यो दुध खुवायो । छप्क छप्क ठाटका भैसाली मन रह्यो दूध खुवायो । यसरी देवताका ढोका जस्ता पहिला थिए, त्यही हिसावले ढोकाहरू आफसे आफ बन्द भए र उनी फेरि त्यही कुवा नजिक गइन् । त्यस दिन राजालाई एकदम शंका लाग्यो छ र सबै पाले पहरेहरूलाई आज राती नसुत्नु राम्रो डुयुटि गर्नु यहाँ को को व्यक्ति आउँछ हेर्नु भनेर राजाबाट पहरियाहरूलाई हुकुम भयो । राजाको आज्ञा अनुसार ती पालेहरू राती पनि नसुती कडा डुयुटी गरे ।

सदा झैँ त्यो दिन रात्रीमा फेरी कुवाबाट रानी रूँदै कराउँदै आइन् र ढोका खुल्यो र भित्र गइन् र दुध बालकलाई खुवाइन् र पालेहरूले उनीहरूलाई समातेर राजाकहाँ पुगायो । राजाले तिनलाई सोध तिमी को हौ ? किन यस्तो गरिरहेकी छौ ? उनले सम्पूर्ण कुराहरू भन्दै मेरो बहिनीले मलाई कुवामा फाल्यो र बहिनी गहना लगाएर रबार आइन तर बालकलाई दुध नभएर रून थाल्यो र म मरेकी थिइन त्यसैले म विलाप गर्दै यहाँ दुध, खुवाउन आउँछु भनेर राजालाई विन्ती गरिन् अनि राजाले आँखाबाट आशु खसाली अगालो हाली रून लागे । ताँपछि राजालाई यस्तो सहिन सक्नु भएकोले त्यस्तो षड्यन्त्रकारी सालीलाई खुडाले काटी नून चुक हाली दिएर मारिदिनु भयो र राजा रानी सुख सुविधाले बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : नन्दराज देवान, सुवेडा**

### ३.९ लामो चुल्ठोको बात

एउटा गाउँमा एउटा मन बहादुर नाउँ गरेको मान्छे थियो । उसका चैते र साउने नाउँ गरेका दुइवटा छोरा थिए, दुइवटा सुन्दरी र शान्ता नाउँ गर्‍याकी छोरी थिइन्, साउने भन्ने छोरा लाटो थियो ।

एकदिनको कुरा हो साउने जाल खेल्न भनी नदीमा गइरहेको थियो । उसले दिनभरी जाल खेल्यो, धेरै माछाहरू पनि मार्‍यो । त्यही दिन सुन्दरी भन्ने बहिनी नुहाउन भनी नदीमा गएकी थिइन्, सुन्दरी आफ्नो नाम जस्तै सुन्दरी पनि थिइन्, उनको रूप रंग सबै मिलेको थियो । उनका टाउकोका रौहरू धेरै लामा टाउकाबाट खुट्टासम्म पुग्थे । उनी नुहाउनँदा खेरी टाउकाका रौँहरू झरेर नदीमा बगी साउनेको जालमा अड्केछन् । ती रौँ धेरै लामा देख्दा साउने मोहित भएर ती रौँ लाई लिएर घरमा आयो र घरमा ती रौँ आफ्नो बुबाका हातमा दियो र भन्यो बुबा अत्ति लामा यी रौँहरू छन्, अत्ति लामा राँ भयाकी स्वास्नी मेरा खोजी देउ भनेर बुबालाई अनुरोध गर्‍यो । ती पछि छोराको अनुरोधलाई स्वीकार्दै बाबु मन बहादुर कपालका रौ लिएर ठाउँ-ठाउँमा बुहारी खोज्न लाग्यो तर कही पनि भेटाएन । अन्तिममा त्यत्रा ठूला रौ भएकी साउनेकी दिदी मात्र भइ, अरू कोही भएन, ताँपछि मनबहादुरले साउनेलाई भन्यो, त्यति ठूलो रौँ भएकी अरू कोही छैन, तिम्री दिदी मात्रद्द छ के गर्छौ भनि सोध्यो ।

साउने लाटो थियो, उसले भनिहाल्यो दिदी भए पनि त्यसैसँग बिहे गर्छु भनेछ र विवाह भएन भने म मर्छु भनेछ, यस्तो भन्दा बुबाले विवाह गरिदिने विचार गरेछन् । यो कुरा सुन्दरीले सुनेछ र उसलाई रीस उठेछ र सुन्दरी भागेर टाढाको जङ्गलको शिल्काको रूपमा चढ्दै विलाप गर्दै बाड-बाड शिल्का अगासै पुग भन्दै रूखको माथि-माथि गइन् । हुन पनि शिल्काको रूख बढ्दै उनी माथि चढ्दै थिइन् ।

ताँपछि छोराको विवाह गर्न छोरालाई खोज्दै उनी शिल्काको रूख नजिक गइ रूदै बोलाउँदै भन्न थाले “आ छोरी आ तेरो कोर्ने लाल काङ्गयो लैझा तेरो खाने तिल फाँको लै झा आ छोरी आ भनि बोलायो । यस्तो निर्दयी पापी बुबा आमाको कुरा सुनेर सुन्दरीले भनिन्” “अघाणिका बुबा आमा हुनु अहिलेका सासु ससुरा हुन्या तम्रो भलो नहोस् भनि भनिछन् । ताँपछि सुन्दरीको दाइ चैते र भाउजू आएर पनि आ बहिनी आ भनेर बोलाए । बोलाएको सुनेर सुन्दरीले भने” पहिलेका दाजू भाउजू अहिलेका जेठाजू जेठानी हुन्या तम्रो भलो नहोउ भनि । ताँपछि उनकी बहिनी शान्ता आई र दिदीलाई बोलाउन लागी ताँपछि दिदीले भनिन्- “आउ बहिनी आउ मेरो कोर्न्या लाल बाङ्ग्यो लैयाऊ आउ बहिनी मेरो खान्या तिल फाँको लैयाउ भनन लागी । ताँपछि बहिनीले रूखमा कसरी चढुँ दिदी भन्दा दिदीले माथिबाट आफ्नो कपालको चुल्ठो फाल्यो र यसै चुल्ठोमा फुण्डिएर आउ भन्यो । त्यसै गरी बहिनी पनि शिल्काको रूखमा अन्नी फाँको लिएर गइन् । अन्तमा साउनेलाई सुन्दरी रूखबाट नओर्लिएपछि रूखलाई काट्ने विचार गर्‍यो र भन्यो । आउन्या हैकि राँड बन्चरा हानु भनि रूखमा बन्चरो हान्न लाग्यो र रूखलाई ढाल्न खोज्यो, त्यो बन्चरो रूखमा हान्न खोज्दा आफ्नै घुडामा बन्चरो लाग्यो र साउनेको मृत्यु भयो । ताँपछि दुवै दिदी बहिनी रूखबाट ओर्लेर राजाका कर्मचारीसँग विवाह गरी सुख सुविधासँग बसिन् ।”

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : शोभाकान्त उपाध्याय, भातेखोला**

### ३.१० बाहुनले पाएको न्यायको लोककथा

एउटा गाउँमा एक बाहुनको परिवार बस्तथ्यो । ती बाहुनका एक स्वास्नी दुई छोरी र एक छोरा गरी ५ जनाको परिवार थियो, उ विहान बेलुका खान नपाउने असाध्यै गरीव थियो, जग्गा जमिनको नाउँमा एक टुक्रा पनि थिएन उ सुकुम्बासी थियो । सधैं दिनभरी रोजगारी गरी बेलुका खाद्यान्नबाट चामल किनी खाने गर्थ्यो । एक महिनामा करिव पाँच क्वीन्टल चामल उसलाई चाहिन्थ्यो । एक दिन खाद्यान्नमा चामलको अभाव भएको रहेछ र चामल किन्न भनि खाद्यान्न गयो । खाद्यान्न गएपछि उसले खाद्यान्नको कर्मचारीलाई भन्यो, खरिदार साहेव चामल होला भनि सोध्यो, खरिदारले कति चाहियो भन्यो, ताँपछि बाहुनले भन्यो पाँच क्वीन्टल चाहियो हजुर । खरिदारले पाँच क्वीन्टलले के गर्छौ भन्यो

उहाँपछि बाहुनले भन्यो, म दुई क्वीन्टल चामल नदी बगाउँछु, एक क्वीन्टल चामलले राक्षस पाल्छु, एक क्वीन्टल पैचो लगाउँछु र एक क्वीन्टल चामल मु खान्छु त्यस्तो कुरा भनेपछि खरिदारले त्यति चामल छैन र दिँदैन जानुहोस् भनेर त्यो बाहुनलाई घर फर्काइदिए ।

घर फर्केपछि बाहुनले सोच्यो अब मैले यो खरिदारको नाममा मुद्दा दिनुपर्छ भनि खरिदारको नाउँमा अदालतमा मुद्दा दियो, यसरी मुद्दा दिएपछि उसले जिल्ला अदालतबाट मुद्दा हार्‍यो यही क्रम अनुसार उ क्षेत्रीय गयो, त्यहाँ पनि हार्‍यो, सर्वोच्चमा गयो त्यहाँ पनि हार्‍यो, ताँपछि कसै ठाउँबाट पनि नजितेपछि उ राजदरबारमा गयो र राजालाई विन्ती पत्र हाल्यो, उहाँपछि राजाले ती बाहुनलाई बयान मागे, बाहुनले बयान कस्तो दिए भने सरकार मेरी श्रीमती ६० वर्षकी छ दाँत झरिसकेकी बुढी उठ्न नसक्ने खान मात्र सक्ने राक्षसनी जस्ती त्यस्तै दुईवटा छोरीलाई पाल्नु र नदीमा बगाउनु एउटै हो, धर्माथ पाल्नु मात्र पर्ने, एउटा छोरा छ त्यसलाई पाल्दा पैची लगाए जस्तो हुने र आफूले पनि खानै पर्ने सरकार भनि बयान दिएछ, त्यही बयान अदालतमा पनि दिए सरकार भनि बाहुनले राजालाई भने, यही कारणले मुद्दा हारेको हुँ सरकार भन्यो ।

उहाँपछि त्यो बाहुनको बयान सुनेपछि राजा खुशी भएर बाहुनलाई मुद्दा जिताई, बाहुनलाई मुद्दा हराउने न्याधीशहरूलाई बर्खास्त गरी बाहुनलाई पुरस्कृत गरी हेलिकप्टरबाट उसको घरमा पुर्‍याउन लाए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : रामप्रसाद उपाध्याय, पौवागढी**

**३.११ कसाई र शिक्षक (मास्टर)**

कुनै एक ठाउँमा एकजना शिक्षक (मास्टर) थिए, ती जागिर भएपनि निकै गरिब र विहान बेलुकाको हात मुख जोर्नुमा ठिक्क थिए के बसन्तका दिन हुन् के शरद्का दिन समय त्यसरी नै वित्थ्यो, ती मास्टरले विहान बेलुका नदी नाला तरी जीवजन्तुको साथमा दिनहुँ भएभित हुनु त छँदै थियो बाटोको विचै विचमा स-साना ठूला ठूला दोकान पनि थिए । टाढा टाढाका मानिस आउने जाने मुख्य बजार बनेको थियो । ऊ दिनहुँ विद्यालय जान्थ्यो, थरी थरीका विचारको सम्झना गर्थ्यो । उसका कोही शत्रु थिएन सबैलाई मन भित्रैबाट स्वागत गर्न चाहन्थ्यो । हजारौ हजार मुनाको साथमा आफू माली र विद्यार्थीलाई फूलबारी सम्झना गर्थ्यो तर उ मास्टरको कम कमाई हुनाले आफ्नो पेशाप्रति ऊ धिक्कार मान्थ्यो । तर गाउँका मानिसले भने आफ्ना केटाकेटीलाई विरमान जस्तै शिक्षक बनाउन खोजेका थिए । विरमानले दोकान दोकानमा राम्रो सम्बन्ध राखेको थियो, सबैको साथमा परिचित थियो, सबैसँग भलाकुशाली गर्दै हिड्थ्यो, त्यही ठाउँमा नयाँ मासु पसले थपियो, त्यो चाहिँ कसलाई थियो । मासु पसलमा मासु मात्र विक्री गरी रहन्थ्यो । यसरी एकान दुइकान हुँदै उसको पसलमा मानिसको भिड लाग्थ्यो, कसाई छिट्टै घनाड्य भयो । विरमान आफ्नो २० औ वर्षको शिक्षक पेशालाई घृणित सम्झना गर्न थाल्यो । कसाई झै मासु पसल गरेर बस्ने विचार गर्‍यो ।

कसाई भने मासुको व्यापार गरेर थाकिसकेको थियो । राम्रा नराम्रा जीवजन्तुको मृत्युको निम्ति व्याधाको काम गर्ने भएकोले शिव शिव कतिको पाप लाग्छ भन्दै छि छि को भावनामा आफू धनी बनेको हेर्न चाहँदैनथ्यो, विरमानको जस्तै आफ्ना सन्तान शिक्षक बनुन् भन्ने चाहन्थ्यो, आफ्नो बाल्यकालको सम्झना गर्थ्यो, विरमानको विद्यार्थी जीवन र वर्तमान समय सम्झना गरिरहँदा मन मर्ने भन्टयो विरमान जस्तो बन्न सके कति आनन्दको अनुभूति हुन्थ्यो भनेर सम्झनामा विचार रोइरहन्थ्यो ।

विरमान र मासु पसले आफु आफै देखि दिक्क जीवन विताउन बाध्य थिए । बुढेस काल नजिक नजिक आउँदै थियो विरमानको नोकरी अवधि पनि पुरा भयो । विरमानको जीवन पारिवारिक व्यवसायमान, सम्मान जे जति प्राप्त गरेको थियो, केवल शिक्षक व्यवसायबाट त्यो भन्दा बढी अन्य

केही पाउन सकेको थिएन । कसाईको जेथा पनि तत्यही मासु पसलबाट गरेको आय आर्जन भन्दा बढी केही थिएन ।

दैवसंयोग मृत्युको दिन दुवैको एकैदिन जुरेछ । रोक्न खोज्दा रोक्न नै नसकिने निठूर कालले चुडालेर स्वर्ग पुर्‍याएछ । यमराजका दुतहरूले एक कदम अगाडि दुई कदम पछाडि सार्दै प्रभु ! विरमान र कसाई दालिखत गरेका छौ भन्दा इन्द्र भगवान्ले ठिक गर्‍यौ भनेछन् । विरमान शिक्षकलाई नर्कमा पुर्‍याउ । कसाईलाई स्वर्गमा पुर्‍याउँ भनने इन्द्र भगवान्ले आदेश दिएछन् । ती दुतहरूले विरमानलाई नर्कमा पुर्‍याएपछि मन नै एक तमासाको बनेछ र मनको खस खसलाई थेग्न नसकेर भनेछ कस्तो सहस्एयमय नियम अनि कानुन, स्वर्गमा खुशी र समृद्धि भएर बस्न पाइन्छ भन्थे, यो त नर्क भन्दा नराम्रो छ नी म त आफै जिल्ल परे भनेर विरमानले भनेछन् । दूतहरूले प्रतिउत्तर बिसाउँदै विश्राम नगरी भने, तिम्रो बाटोमा कसाईले मासु पसल गरेर धेरै रूपैया आर्जन गर्‍यो अनि तिम्रो मनमा पनि मासु पसल गरेर प्रसा कमाउन पाए हुन्थ्यो भन्ने लोभ लाग्न थाल्यो, मनभित्र दिनहुँ सम्झना गर्न थाल्यो । आफ्नोव्यवसायबाट आफैलाई घृणा लाग्न थाल्यो, हत्या गर्नु नै ठूलो ठान्यो । त्यसैले तिमीले स्वर्गमा हैन नर्कमा बस्नुपर्छ बस फेरी पसले आफ्नो हृदय निनादिनी भित्र तिमी जस्तै सफा स्वच्छ र हजारौ हजार बालबालिकाको संरषक भएर बस्न चाहन्थ्यो । पापको अगाडि कहिल्यै सौच्दै सोचेन प्रतिकूल परिस्थिति नरहँदा कसाईको काम गर्‍यो तर उ सत्य थियो । त्यसैले कसाई स्वर्गमा नै रहन्छ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : जन्मेजय जोशी,  हेमन्तवाडा**

## ३.१२ राजकुमारीको भ्यागुत्तोसँग विवाह

धेरै वर्ष पहिले लोड्या भन्ने गाउँमा रघुविर नाम गरेका मान्छे घरजम गरेर बसेका थिए, उनकी स्वास्नीको नाम असौजी थियो । उनले आफ्नो जीवन सकी नसकी कुटो कोदालो गरी सुखद रूपमा विताउन सफल भएका थिए । चाड पर्व विवाह आदि मा कोही केही माग्न आयो सबै घरमा जे छ त्यो दिन्थे र कहिलेसम्म फेर्ता दिनु पर्ला भनी सोध्यो भने जहिले सक्छस् उइले, नसके भने नदिनु भनेर भन्थे । उइकी स्वास्नी छोरा छोरी विहीन थिए । उनी एकदम दयालु थिए, उनी ईश्वरीप्रति धेरै आस्था राख्थे, वा धर्म, यज्ञ आदि गर्दथे । कसैले ईश्वर छ भनेमा सुन्ने गर्थे । तर व्यावहारिक भन्दा पनि बढी आध्यात्मवादी थिए । कर्तव्य र अधिकारलाई साथमा राखी दाम्पत्य जीवनबाट कहिल्यै विचलित भएनन् । आफ्नो जीवन कालमा सन्तान विहीन त बने तर उनले जे सोचेको छ त्यो काम भने केही बाँकी राखेनन् । तर पछिल्लो जन्मा सुख पाइएला भन्ने विश्वास गर्थे, उनी भावनात्मक सोच राख्थे । उनी परिश्रमी थिए खेतबारीमा धान, गहुँ, मकै, आलु टमाटर आदि फलाउँथे, उनको बारीमा यी चीजदेख्दा सबै मक्ख हुन्थे । हिउँदको महिना थियो, हिमालयमा हिउ परिरहेको थियो रघुबीर असौजीलाई बोलाउँदै पाखामा राखेको भुजो समाएर ल्याई काटे र साग बनाउ भन्छ । रघुविरले भने बमोजिम असौजीले त्यो भुजा ल्याई काट्न लाग्दा, त्यो भुजोबाट तलकाट, माथि काट तर बीचमा नकाट मछु भने छाताँपछि बुढाबुढी जिल्ल परेछन् हो यस भित्र के रैछ हेर्नु पर्‍यो भनेर हेर्छन त भ्यागुत्तो । बुढा बुढी खुशी भएछन् भ्यागुत्तोलाई छोरा भनेर पालन पोषण गरेछन् । त्यो ठूलो हुँदै ७/८ वर्षको भएछ, त्यही बेला खेतमा काम गर्न भनि बुढा खेतमा गएछ । बुढीले खाना बनाइछ, बुढालाई भोक लागी सक्यो होला छोरा भए त दिन जान्थ्यो । होला के गरू भनिन्छ त्यही बेला भ्यागुत्ताले भनेछ आमा म जाउँला भने छ त्यो भन्दा आमाले तँ आफै भ्यागुत्ता छस् के जालाइ र भनेछन् । भ्यागुताले भन्यो कि मेरो पिठीमा खाना बाँधी दिनुहोस् म जान्छु भनेछ र खाना बाँधेर बुढीले भ्यागुतालाई खान दिन खेतमा लाइछन् । भ्यागुतो सरासर गएछ बा मैले खाना ल्याए खानुहोस् म हलो जोत्छु बुबा मलाई हलोका माथि बाँधी दिनुहोस् म हलो जोत्छु तपाई खाना खानुहोस् भनेर बालाई हलोमाथि बाँधी मागी धमाधम बाले चार दिनमा बाने खेल उसले एक दिनमा बाई दिएछ । अनि रिठ्या दङ्ग परेछन् र दुवै बाबु छोरा गुनगुन गर्न लागेछन्, बाबु छोराको सम्बन्ध झन् नजिक भएछ र आफ्ना बाटोतिर लागेछन् । यसरी भ्यागुतो धेरै ठूलो हुँदै गयो ।

त्यही बेला एउटा राजाकी छोरीको विवाह गर्नु परेको रहेछ र त्यसमा एउटा प्रस्ताव राखेको रहेछ । के भने पुष्प विमानद्वारा भुइमा फूलको माला फालिदिने जसको शिरमा पर्‍यो उसैसँग राजकुमारीको विहा पनि गरिदिने र आधा राज्यपारी दिने भन्ने प्रस्ताव राखेछन् । त्यो प्रस्ताव राखेपछि सयौ राजकुमार त्यहाँ आइपुगे र त्यो खबर भ्यागुत्ताले पाए भ्यागुत्तो पनि त्यही गयो । जव विमानबाट राजकुमारीले फूलको माली भुइमा फाल्दा त्यो भ्यागुत्तोको शिरमा परेछ र सबैले ख्याल ठट्टा मान्दै भ्यागुत्तोलाई सिस्नुको झेल भित्र फालेछन् र फेरी यो माला फाल्न आग्रह गरेछन् । दोस्रो पटक फाल्दा पनि सिस्नुमा फालेको भ्यागुत्तोको शिरमा परेछ र पहरे दारले खोजतलास गर्दा भ्यागुत्तो नै भाग्यमानी रहेछ भन्ने ठान्यो । उता सबै मान्छेहरू अचम्म मान्दै मुखामुख गर्न थालेछन् । उता राजकुमारी भने आफ्नो भाग्यलाई सराप्दै भ्यागुतोको साथमा विवाह गर्ने विचार गरिन् । राजाले पनि स्वयंवर गरिदिए । राजकुमारीलाई भ्यागुतोको साथमा विवाह गरि ल्याउँदा सबै खुशी भइ जय जयकार गरी घर ल्याए, भ्यागुतोका बुबा भने झनै खुशी भए छन् ।

राजकुमारी भ्यागुत्ताको साथमा रहँदा दुःखमा उभिनु पनि स्वभाविकै हो । तर भ्यागुताले राजकुमारीलाई भन्यो । राजकुमारी यसदेशका राजाले गरीव, टुहुरालाई धन वितरण गर्दै छन् तपाई त्यहाँ जाउ प्रशस्त धन दिने छन्, तिमीलाई भ्यागुताको रानी भनेर सबैले चिनी सकेका छन् । भ्यागुताले भनेझै राजकुमारी त्यहाँ गए राजाबाट प्रसस्त धनसम्पत्ति लिएर घर आइछन् । यसरी राजकुमारीले भ्यागुताको साथमा सबैबोली विस्तार गरिन् धेरै दिनपछि भ्यागुताले साँझको समयमा रानीलाई सम्झाउँदै भोली सबै भन्दा बढी धन पाइन्छ, भरिया समेत लिएर जानुपर्छ भन्न लाग्दै गर्दा रानीलाई निन्द्रा लागेछ र भ्यागुतो आफ्नो सपना रूपी राज्यमा गएछ । विहान राजकुमारी उठेर भ्यागुतातिर हेर्दा त भ्यागुतो छैन छालामात्र छ, त्यो देखेर रानीले छाला आगोमा पोलिदियो र छाला पोलेको गन्धा आएपछि भ्यागुतो त्यहाँ आयो र भन्यो महारानी तपाइले धेरै ठूलो गल्ती गर्‍यौ हाम्रा सबै सपना हावामा विलित भए, मस्वर्गको राजा इन्द्रहु तर तिम्रो गल्तीका कारण यो प्रकृतिमा नै कैयौ वर्ष विताउनु पर्ने भयो बाबुका साथ सुखसँग जीवन विताउन थाले ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : हर्कदेव जोशी, हेमन्तवाडा**

### ३.१३ सिलिङ्ग्या डालीको बात

एउटा कुनै गाउँमा एक जना लाटो मान्छे सहित उसका १ श्रीमती २ छोरी र दाजु भाउजुसमेत थिए । त्यो लाटो मान्छेको श्रीमतीको मरिसकेकी थिइ र ऊ लाटो मान्छे राँडो थियो, ऊ घरमा दाजु भाउजुलाई मेरो विवाह गरिदिनु पर्‍यो नत्र म नदीमा हामफाली मर्छु भनेर दाजु भाउजुलाई भन्थ्यो र दाजु भाउजु पनि त्यो लाटो माईको विवाह गर्नको लागि ठाउँ ठाउँमा केटीमाग्न जान्थे तर भाई लाटो भएको हुनाले तिनले काँही पनि केटी पाएनन् ।

एक दिनको कुरा त्यो लाटो माछा मार्न भनी नदीमा गएको रहेछ, त्यहाँ माछा मारिरहेको रहेछ, त्यही दिन ती लाटाकी जेठी छोरी पनि लुगा कपडा धुन भनि लाछो बुबा माछा मार्न लागेको ठाउँभन्दा धेरै माथि कपडा धुदिरहेछन् । कपडा धुदा-धुदा ती लाटाकी छोरीको रूमाल नदीमा बगछे, र त्यो रूमाललाई माछा मार्न गएको लाटोले छोपेछ र त्यो रूमाल लिएर घर आयोछ । त्यो रूमाललाई आफ्नो दाजूको हातमा दिएर दाजु यो रूमाल जस्को हो मु तसै केटीसँग विवाह गर्छु नत्र भने म तपाइको मुखमा आत्महत्या गरी मर्नेछु, भनेर दाजूलाई भनेछ । अनि दाजुलाई लाग्यो छ अब त्यो रूमाल कस्को हो म कहाँ जाऊ भन्ने समस्या पर्‍यो । किनभने भाई लाटो छ यदि नझाउँ भने उ मरिहाल्छ झाँउ भने कसको कहाँ झाउँ भन्ने चिन्ता लागेछ । ताँपछि दाजु रूमाल बोकेर गाउँ-गाउँ तिर लाग्यो सो रूमाल कस्को हो भनेर कसैले पनि मेरो हो भनेर भनेनन् । ताँपछि ती फेर्ता घर आए, घर आउँदा तिन्की छोरीले भनिन् जेठा बुबा त्यो रूमाल कहाँबाट ल्याउनु भयो त्यो रूमाल मेरो हो भनिन् । अनि लाटाका दाजूलाई झनै चिन्ता लाग्यो र केही नबोली आफ्नो कोठाभित्र पसेछन् र केही छिन आराम गर्न दिक्क

लागेका थिए, त्यसैबेला उनका लाटा भाई त्यहाँ आइहाले र भनी पनि हाले, दाजु कहाँ हो पत्ता लायौ भनेछन् दाजु एकछिन केही नबोलेर चुप चाप बसेछन् फेरी अझ लाटाले सोध्यो दाजु तमे किन बोल्दैनौ भनेछ, तापछि दाजुले उत्तर दिएछ अब त्यो रूमाल हाम्रै छोरीको रहेछ अब त्यो कुरा (माग) छोड भनेर दाजुले सम्झाएछ, दाजुले सम्झाए पनि उ लाटो छ, त्यसैले दाजुले मान्दै मान्दैन मु छोरी भए पनि तिनीसँग विवाह नगरी रहँदैन भनेर लागि हाल्यो ।

ताँपछि ती सबै कुराहरू तिनकी छोरीहरूले सुनेछन्, अनि तिनीहरू दुवै बहिनी घर छोडेर एउटा सानो जंगल जहाँ वरका रूखहरू मात्र थिए त्यही गइन्, अनि पछि पछि त्यो लाटो बुवा पनि तिनै सँग विवाह गर्छु भनी पछाडी पछाडी दौड्यो । ताँपछि ती लाटाको छोरी जेठी त्यो वरको रूखमा चढिछ । र भन्न लागि छ 'वाण वाण रूख सरकै लाग भनी रूखलाई मन्दिरहेछ ऊ रूखपनि बाणेर सर्कै लाग्यो, ताँपछि दिदी रूखमा गएपछि बहिनीरून लागिछ, बहिनी रूखमा चढ्न लाग्दा उ सक्दिन, ताँपछि उसकी दिदीले भन्यो, बहिनी मेरो धेरै ठूलो टाउकाका रौ छन्, मु यी रौलाई भुइमा फाल्छु, तैले यही रौ झुन्डेर आउनु भनेर ती रौंलाई भुइमा फाली । उहाँपछि त्यही बहिनीले पनि ती रौमा झुन्डिएर रूखमा चढी र रूखको तल भुइमा त्यो लाटो वा रूखबाट ओर्लिएपछि विवाह गरूला भनी बसी रहेको छ । ताँपछि रूखमा चढेकी ती दुई दिदी बहिनी रूख पनि बाण्दै छ ती पनि रूखको माथि माथि चढ्दै जान्छन् यसरी त्यो रूख बाण्दै सरक लाग्छ र ति दुई दिदी बहिनी पनि सरक पुग्छन् ती खरक पुगिसके पछि त्यो रूख पहिले जत्रो थियो उत्रै भयो, तापछि लाटो त्यो रूखमा मान्छे देख्दैन र रिसिएर घरतिर फर्कन्छ । यसरी दिदी बहिनी सरक पुगेपछि सरकमा खुव घुम्छन् हिड्छन् । हिड्दा हिड्दा दिदीलाई पानी तिर्खा लाग्छ, त्यहाँ वरिपरि कसैको घर छैन, ती हिड्दा हिड्दा एउटा राम्रो घर देखेछन्, त्यो घरको ढोका नजिक एक घडो पानीले भरिएको र एक जग त्यहाँ राखेको रहेछ । ती दिदी त्यो पानीको भाडा देखेपछि पानी खाउँ भनी नजिक जान्छन्, जति ती नजिक जान्छन् उति उति पानीको घडा पर सर्छ, अझ ती पानी सार्न पनि फेरी झान्छन् उति उति पानीको घडा पर सर्छ, अझ ती पानी सार्न पनि फेरी झान्छन् अझ त्यो घडा पर सर्छ र यसरी ती घडा नजिक झादा झाँदा त्यो ढोका नजिक पुग्छन् ढोका नजिक पुगेपछि त्यो ढोका खुल्छ अनि दिदी भित्र जान्छिन् ढोका आफै बन्द हुन्छ । त्यो ढोका खुल्छ अनि दिदी भित्र जान्छिन् ढोका आफै बन्द हुन्छ । यसरी ती दिदी ढोका भित्र पसेको दिदी २/३ दिने भइसक्यो त्यो ढोका खुल्दैन । त्यो ढोका खुल्छ र दिदी आउँछ भनेर तिनकी बहिनी बाहिर बसेकी छिन् तर ढोका नखुलेपछि बहिनी चिन्ता मान्दै रूदै त्यहाँबाट अर्कै ठाउँमा हिडिछन् । यसरी बहिनी रूदै हिड्दा हिड्दै धेरै थाकिछन् र रूदै बसिछन् केही वेर नजिक एक शिकारी उसको एउटा भाई र बहिनी त्यही पुगेछन् । ताँपछि ती शिकारीले सोधेछन्, तिमी को हौ किन रून्छौ यहाँ किन आयो र उ भन्छिन् मेरा एउटा दिदी थिइन् उनलाई पानी खाने तिर्खा लाग्यो पानी खान भनी त्यो घरमा हिडिन् पानी खाउँ भन्दा ती ढोका नजिक पुगिन् त्यो ढोका खोल्यो र ती भित्र जाने वित्तिकै त्यो ढोका बन्द भयो । २/३ दिनसम्म म ढोकामा करेर बसे तर त्यो ढोका खुलेन भनि ताँपछि त्यो शिकारीले भन्यो बहिनी त्यो घरको राक्षसको हो, अब त्यहाँ तिम्री दिदीलाई राक्षसले खाइसक्यो अव नरोउ मेरा एउटा भाई छ त्यसैसँग विवाह गरी बस भनेर भन्यो । शिकारीको त्यो कुरा स्वीकारी उ बहिनी उसको भाईसँग विवाह गरेर बसी ।

ताँपछि विवाह गरी सकेपछि ती विवाह गरेकी बहिनीले भनिन् अब हामी सबै गएर के छन् त्यो घरमा हेरेर आउँ भन्यो ताँपछि ती सबै त्यो घर नजिक पुगे, घर नजिक पुगेछ ढोकामा पुगेपछि ढोका पहिले झै आफै खुल्यो र ती भित्र गए पछि आफै बन्द भयो । भित्र गएपछि एउटा कोठामा तिनकी दिदी बसेकी देखिन्छन् । यसरी मान्छे आएको देखेपछि र आफ्नी बहिनी समेत देखेपछि ती दिदीले भन्यो ओहो तिमी कहाँबाट आयौ बहिनी भनेर सोधिछन् र आफ्नो कुरा भनिछन् यो त राक्षसको घर हो यहाँ धेरै राक्षसहरू छन्, ती अहिले सवै आफ्नो आहारा खोज्न बाहिर गएका छन् । म यहाँ भित्र पस्दा ती राक्षसहरूले ओहो हाम्रो आहारा आयो यसलाई अव चुडेर खाउँ भनेर गर्जन लागेका थिए, तिन्को साथमा एउटा बुढो राक्षस थियो । त्यसले भन्यो वस्ती राम्री रूपवती केटीलाई मार्नु हुँदैन भनि मलाई छोरीको रूपमा मानेर मलाई छुटै कोठामा राख्यो भनी सबै कुरा बहिनी र शिकारीलाई भनिन् र फेरी आफी बहिनीलाई अहिलेसम्म कहाँ गयौ के गर्‍यौ भनि सोधेछ, बहिनीले भनि म रूदै कराउँदै हिड्दै जाँदा यी शिकारीका भाई बहिनीलाई भेटाए र यिनी शिकारीका भाइसँग विवाह गरी बसे ।

ताँपछि शिकारीले तिनकी दिदी (राक्षसको घरमा थुनुवा भएकी) लाई सोधेछ, अहिले ती राक्षस कहाँ गएका छन्, उसली भनेछ वेलुका आउँछन् अहिले आफ्नो आहारा खोज्न गएका छन् । तिनको ल्याएको आहारा मलाई पनि दिन्छन् भनिछन् ताँपछि ति सबैले सल्लाह गरे अब ती आउने बेला भयो हामीले बन्धुक भरी तयार गरी राखौ र एक एक गरी खतम गरौला भन्ने निर्णय गरेछन्, ताँपछि ती तयारी अवस्थामा बसेछन् रात पर्न लागेछ आएछन् तिनीहरू गर्जेदै आएछन् अरू राक्षस अगाडि लागेका रहेछन् तर बुढो राक्षस पछाडि लागेको रहेछ ताँपछि बुढो राक्षस बाँकी रहयो त्यसलाई थुनुवा भएकी केटीले यसलाई खतम भएपछि उ बुणो राक्षस पनि डरले काम्न लागेको थियो । शिकारीले भनेछ तँलाई हामी मार्दैनौ न डराउ भनेर भनेछन् ताँपछि ती थुनुवामा परेकी केटी शिकारी सहित त्यहाँबाट आ-आफ्नो ठाउँ लागेछन् र ती केटीसँग शिकारीले विवाह गरी बसेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : मनिराम कोइराला, सेलाखेत**

### ३.१४ झुटा गर्दा दुख पाइनु

धेरै वर्ष पहिले पहाडको एउटा गाउँमा जोगी भिक्षा माग्दै गरिब रामेको घरमा पुगेछ, आलक भिक्षा देउ भनेर भिक्षा मागेछ । भिक्षा मागेको सुनेर रामेका छोराछोरी बाहिर आउँदै बाबाजी आयो, बाबाजी आयो भन्दै बोल्न थालेछन् । तर बाबाजी भने धेरै भलाद्मी किशिमको थियो, बाबाजीले बाहिर आएका छोराछोरीलाई भन्यो, बाबु तिमी धेरै साना-साना छौ ता पनि म तिमीलाई देखेर धेरै शुखी भएँ । म तिमीलाई जहाँ जहाँ जान्छौ त्यही त्यही लग्छु हिड भनेर बाबाजीले भनेछ । म तिमीलाई गाउँ गाउँ घुमाउँछु, राम्रो खाने कुराको व्यवस्था गर्छु हिड भनेछ । ताँपछि ती केटाकेटीले भनेछन् तिमी आफै मागी खाने आफूलाई खान नपुगेर माग्न जाँछौ, त्यसैमा हामीलाई साथमा लगेर के गर्छौ अहँ हामी त जाँदैनौ भन्दै फेरी पनि जोगी आयो बाबाजी आयो भन्दै भित्र बाहिर गर्दै रहे । बाबाजी एकदम भलाद्मी भएको हुँदा केटोकेटीले बाबाजी आयो भनेपनि उ मुसुक्क हाँस्थ्यो । र भिक्षा माग्न आँतुर जस्तो देखिन्थ्यो तर रामे भने घरको झ्यालबाट लुकीछिपी हेरी राखेको थियो । अब केटाकेटीको र बाबाजीको कुरा सुनेपछि रामे लजालु स्वभावले बाबाजी बसेको ठाउँमा उभिन पुग्छ, लजालु स्वभावले भन्द बाबा गरिवको घरमा आउनु भयो अब हामी हजुरको के सेवा गरौउ तिन दिनका भोका छौ, केटाकेटीलाई सिस्नुको झोलमा पालि राखेको छु, घरको बास चिसो भुई चुहिने धासले छोएको पाखो घरभित्रबाट हेर्दा आकाशका तारा झिलिमिली सहितको आकाश देखिन्छ, के गरेर चित्त बुझाऊ घरमा सम्पत्तिको नाउँमा केटा केटीभन्दा, अर्को बस्तु आगो बालेको खरानीभन्दा बाँकी केही छैन, भिक्षा पत्रमा के दिऊ आफै रनुभल्ल परेको छु बाबा घरभित्र लुकेर बस्ने कारण पनि यही हो ।

जोगीले नम्रताका साथ भन्यो, तपाईंले भनेको कुरा सबै ठीक छ, जो तपाईले खाने गर्नु भएको छ तपाईको घरमा छ, त्यही दिनुहोस् अरू नभएको कुरा तपाईले पनि कहाँबाट ल्याउने मैले पनि किन देउ भनेर भनुला भनी बाबाजी भनेछ । अब रामेको मनमा चिन्ता बढ्दै गयो, भिक्षा पत्रमा केदान गर्ने भनि सोधी रह्यो र भन्यो बा, बा टन्टलापुर घाममा आउनु भयो तिर्खा लाग्यो होला चिसो पानी खानु होस् भने एक लोटामा चिसो पानी ल्याएर बाबा लाई दियो रामे पानी ल्याउँदै छन् बाबा खाँदैछन्, यसरी पानी ल्याउँदै बाबा खाँदै गर्दा पनि बाबा नआघाएपछि रामेका घर परिवार सबै जिल्ला परेछन् ।

बाटो विराएको बटुवा झै रामले बाबा साथमा विन्ती गर्दै भन्न थाल्यो । "बाबा पानी बोक्न नसक्ने भएँ गल्तीको माँफ पाउँ भन्दै सबै परिवार पनि एकै स्वरमा भन्न थाले बा बा गल्तीको माफ देउ, भन्दा बाबाको मन रसाउँदै गयो । बाबा हँसिलो मुन्द्रामा भन्न थाले हेर रामे तिमीमा लोभ, मोह, क्रोध र अहंकार थियो, गरिब भए पनि घमण्डको भावना थियो, त्यसको परिणाम अहिलेसम्म भोगी रहेका छौ, प्राप्त गर्नु पर्ने वस्तु पनि प्राप्त गर्न सकैनौ, जीवनमा पछुतो बाहेक अरू बस्तु केही आर्जन गर्न सकेनौ त्यसैले दुखै दु:खमा नै जीवन अल्झिन थाल्यो, रामै आफै सोच्छ । जीवनमा आफुले गरेका नराम्रा कामको सम्झना गर्दै धुरूधुरू रून लाग्यो ।

बाबाको आत्मा उसको आत्मामा उकुशमुकुश हुँदै भन्न थाले, तिमी धन्य छौ, तिम्रो सत्यताप्रति खुशी रहे, आजदेखि तिम्रो आकांक्षा सफल रहने छ । तिमीले सोचेका सबै काम सफल हुनेछन् तपाईको बाह्रवर्षसम्म नब्याएको गाई गोठमा बाच्छो खेलाउने, तिम्रो बारीमा फल्दै झरेका फलफूल टनाटन भरिनेछन् जाउ हेर भन्दै रामेलाई बाबा लाउँछन् ।

ताँपछि रामे बाबा ले भनेको सुन्दा रामे बाबालाई छोडेर गाईको गोठमा जान्छ त बाच्छो खेल्दै गरेको देख्छ, बारी बगैचाति र जान्छ त फलफूल लटरम्म फलफुलेका देख्दा छक्क पर्दै भन्न थाल्यो । अहो ठूलो भुल गरे छु बाबा नभएर महादेव पो रहेछन् फर्केर पछुतो गर्दै हतार हतारमा त्हाँ पुग्दा बा बा बसेको ठाउँ देख्दा माटोको दिस्को बाहेक अन्य केही देखेनन् र त्यही दिनदेखि त्यही माटाको ढिस्कोमा महादेव सम्झी पुजा गर्न थालेछन् । पुजा गर्न थालेपछि ती रामे दिनप्रतिदिन धनी बन्दै गएछन् । गरीव मान्छे तुरून्तै धनी भएको देख्ता गाउँ समाजका छिमेकी रिसले इर्ष्या गर्न थालेछन् मने कतिपय त उनको सत्यताको कदर गर्न पनि थालेछन् । अनि गाउँका मान्छेले सोधेछन् रामे तिमी धनी कसरी भयौ भन्दा रामे छन्छन् मैले महादेवको पुजा गरे त्यसैले महादेव खुशी भएर मलाई धन सम्पत्तिमा मस्ती बनाइदिएपछि भनेपछि गाउँले विश्वास मान्दैनन् तर गाउँको एकजना रने भन्ने मान्छेले भने पक्कै पनि यो महादेवको आश्रीवादले धनी भएको हो भन्नेमा विश्वास थियो, उसको मनमा रामेभन्दा कसरी धनी बन्ने भन्ने ठूलो रहर थियो । ऊ (रने) पनि रामेको पुजा गर्ने ठाउँमा लुकी चोरी जान्छ र महादेवको पुकारा गर्थ्यो र महादेवलाई खुशी पार्न झन् राम्रोसँग पुजा गर्थ्यो ।

एकदिनको विहान धने आफ्नो घरको आँगनबाट पूजा गर्न निस्किँदै थियो अचानक आफ्नो अगाडितर्फ झत्रो कपडामा जोगी आफु तर्फ आईरहेको देख्यो झस्याङ्ग झस्कियो र रामेको बा बा म कहाँ प्रसन्न भएर त आएका होइनन् । नजिकै गएर भन्न थाल्यो । बाबा थकाई लाग्यो होला विश्राम गर्नु होस् । बा बा राम राम मात्र भनिरहे धनेले भनेको ठाउँमा जान पुगे । धेरै लामो समयपछि । बाले भिक्षापात्रमा भिक्षा माग्न खोज्दा उसको आत्मा फराकिलो बन्न पुग्यो र घर भित्रबाट चामलको बोरी लिएर आउँदै भन्न थाल्यो । बा बा तिम्रो भिक्षा पात्रको चामल एक दिन खान पनि पुग्दैन लाम्लो बोकेर ल्याएको भए पुरै बोरा चामल पिठिउमा बोकेर लैजाउ भन्थे तर लाम्लो छैन भने पनि मनै दिउँला भनेर धनेले बाबालाई भनेछ ।

तापछि बाबाले विस्तारै भनेछन्, तिमीले जे दिन चाहेका छौ त्यो वस्तु दानको लागि हो भन्नु भने भिक्षा पात्रमा नै अटाउँदैन भनू भने कसरी भनु तिमी आफै मन, म साधारण सन्यासी हुँ, पेटको गुजारा गर्ने जोगी बनेको हुँ त्यसैले पाए जत्तिको सम्पत्तिको कुम्लो पारेर होइन भिक्षा पात्रमा जति अटाउँछ त्यत्ति दिनुहोस्, त्यति नै लिएर जान्छु, पटक पटक भनी रहँदा धने रिसले चुर हुँदै पुरै बोरा चामल भिक्षा पात्रमा राख्न खोज्यो तर भिक्षा पात्र आधा नै रहन गयो न भरिने भयो पटक पटक ल्याउँदै भिक्षा पात्रमा राख्दै गर्दा पनि भिक्षा पात्र भरी गर्न नसकेकाले रिसले आगो हुँदै बा बाको हातमा भएको लौरो समातेर बाबालाई नै पिट्न खोज्दा बा बा एका एक अदृश्य भए धनेलाई त्यसै समय देखि न्याउरी मारी पछुतो भने झै भयो । घरमा भएको सम्पत्ति हावा हुरी बतास आदिबाट विनासको तर्फ लाग्न थाल्यो । ताँपछि रामेभन्दा बढी धनी बन्ने सपना चकनाचुर भयो । आफ्नो जीन्दगी पनि धौ धौ गुजार्नु पर्‍यो । असंख्य धनी बन्ने चाहना भएको धनेलाई बाबाको भिक्षा पात्रमा गरिरहन थाल्यो । त्यसपछि रामे र धनेको बीचको सम्बन्ध पनि टुट्न थाल्यो र अलग अलग हुँदै गए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : प्रसाद पुरी, कोटदेवल**

### ३.१५ कुकुर बिल्लाको बात

कुनै एक गाउँमा एक जना मान्छे थिए, ती मान्छेले आफ्नो घरमा एउटा कुकुर एउटा बिल्लो र एउटा घोडो पालेका थिए । घर नजिकै एउटा घोडी गोठ (तबेला) पनि बनाएका रहेछन् । ती मान्छेले जहाँ घोडा राख्छन् घोडी गोठमा ताहाँ कुकुर र विल्लालाई पनि राख्दा रहेछन् ।

एक दिन घोडी गोठको बीचमा घोडा सुत्थ्यो, गोठको एक कुनामा कुकुर र अर्को कुनामा विल्लो सुत्दो रहेछ, ती विल्लो र कुकुरमा तु भन्दा मु जान्ने हुँ भन्ने घमण्ड थियो, र ती आपसमा जान्या मु हु भनी झगडा गर्थे, कुकुर विल्लालाई काट्न झान्थ्यो भने विल्लो पनि कुकुरलाई झम्टन, कोपर्न झान्थ्यो तिनीहरूको मिल कहिल्यै हुँदैनथ्यो । एकदिन राती कुकुर र विल्लो दुवै सुतेका रहेछन्, घोडा नसुतेर उभिएको रहेछ, अकस्मात् घोडाको जीउबाट एक रौ भुइमा झर्‍यो छ, त्यो रौ भुइमा झर्‍यो को आवाज सुनेर कुकुर व्युझिएछ र कुकुरले भन्यो छ ए विल्ला अहिले घोडाको रौ भुइमा झर्‍यो सुनिस् भन्यो छ, ताँपछि विल्लाले भन्यो छ मैले त्यो राँलाई देखि सके तैले देखिस् कुकुर विल्लाले भन्यो छ ताँपछि ती दुईको बीच झनै झगडा चर्क्योछ उहाँपछि दुवै जनाले के सम्झौता गरेछन् भने देवता चल्ने धामी कहाँ झाने र धामीलाई हामी दुईमा को जान्ने बाला हो भनी सोध्न्या भनी निर्णय गरेछन् र दुवै जना धामीकहाँ गएछन् ।

हुन पनि त्यही दिन ती धामीलाई देवाली अर्न भनी माणुमा लिएका रहेछन् कुनै उक जना मान्छेले । ती धामी र एक जना मानिस त्यही माणुमा पुग्ने वित्तिकै ती कुकुर विल्लो पनि त्यही पुगछेन् । ताँपछि धामीले तिमी किन आयौ भनि सोध्दा कुकुर विल्ला हामी दुइमा बढी जान्याको भन्या विषयमा झगणा भयो त्यहीको बारेमा फैसला माग्न आयौ भनेछन् । उहाँपछि धामीले के कुणामा झगडा भयो भनि सोधेछन् । तापछि कुकुर विल्लाले भनेछन् हिजो राती हामी सुत्ने ठाउँमा एउटा घोडाको रौ भुइमा झर्‍यो, त्यो रौ झरेको सुनेर म व्यक्रिए भनि कुकुरले भन्यो विल्लाले भन्यो कि त्यो रौ झर्दा मैले आँखाले देखे भन्यो । ताँपछि देवाली भयो धामी चलेछन् र भनेछन् ए कुकुर विल्ला हो सुन, कुकुरले सानो बस्तु पनि खसेको सुन्न्या श्रवण शक्ति छ भन्या विल्लाको आँखाले धेक्न्या तेजिलो शक्ति छ, त्यसैले तिमी दुवै जना वरावर जान्ने बाला हौ झाउ भनेर धामीले ती दुवै कुकुर विल्लालाई सम्झाई घर लाएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : जयलाल खडका, साँइलाबगर**

### ३.१६ बाबु चेलाको बात

कुनै एउउटा चैनपुर देखि टाढाको गाउँ थियो, त्यो गाउँमा एउटा बुबाबुणी बस्तथे, तिनको नाउँ रनबहादुर थापा थियो । उनको बुढेसकालमा (४५/५०) वर्षको उमेरमा एउटा छोरा भएछ । छोराको न्वारन गरी छोकाराको नाम मन बहादुर थापा राखेछन् । तापछि छोरा दिनपरदिन ठूलो ५/६ वर्षको भएछ अनि उसलाई स्कुल लाएछन् र छोरा मन बहादुर पनि स्कुल पढ्न गएछ ।

ताँपछि उ (मनबहादुर) दिन परदिन ठूलो हुँदै गयो । स्कुलका कलासमा १/२ गर्दै कक्षा १० मा पुग्यो र केही दिनमा दश कक्षा दुरलाई लाग्योछ, मेरो छोराले दश कक्षा पनि पास गर्‍यो, यसलाई पढाउन कहाँ लाउनु पर्‍यो भनेर आफ्नी स्वाइनीसँग छलफल अर्‍यो । ताँपछि बुणाबुणीको सल्लाहबाट छोर भारतको बाराणसी पढाउने निर्णय गर्‍यो छ। ताँपछि बाले चेला मनबहादुरलाई भन्यो छ बाबु तिमीलाई पढाउन्या निर्णय हम्रो भारतको बाराणसी भयो अब तिमी त्यही झाउ राम्ररी पढेर आऊ भनेर छोरालाई भन्यो छ । ताँपछि छोराले पनि हुन्छ बुबा मु ताही पढ्न झाउँला भनेर भोलीवेर विहान बुबा आमालाई विदा मागेर छोरा मनबहादुर घरबाट बाराणसातिर हिड्यो ।

ताँपछि उ वाराणसी पुगेपछि कक्षा ११ मा भर्ना लियो, उहाँपछि पढ्दा पढ्दै दश वर्षसम्म एम.ए. पास अरी पि.एच.डी. सम्म पढ्न लाग्यो । यसरी दश वर्षसम्म उ घर आएन । दश वर्षसम्म घर नआएपछि घरका बुणा बुबा आमालाई साहै चिन्ता लाग्यो छ, ताँपछि बुणाबुणीले सल्लाह गरेछन् कि

बुणाले छोरा भिट्न वाराणसी झानुपर्छ भनी । ताँपछि बुणा छोरा भिट्न भनी घर छाडी हिडेछन् लगभग तिन चार महिना जति हिडेछन् र एकदिन रात परेछ र त्यहाँ नजिकै एउटा धर्मशाला रहेछ त्यही बस्ने निर्णय अरेछन् र त्यो धर्मसालामा बस्दा त्यो धर्मशालाको हेरचाहमा बसेका मान्छेहरूकहाँ आफ्नो नाउँ लेखी कोठा र व्याड नं. समेत लेखी ती बुणा धर्मशाला भित्र गएछन् । यसरी सबै मान्छे आउँदै आफ्नो नाउँ लेख्दै आ-आफ्नो कोठामा सुत्न गएछन् त्यही दिन ती रनबहादुर (वुणा) को छोरा पनि आफ्नो पढाई सिद्याएर घर झाउँ भनी आयो छ र उसलाई पनि त्यही धर्मशालामा रात पर्‍यो छ, ताँपछि ऊ पनि धर्मशालाका पालेहरू कहाँ गएर आफ्नो नाउँ दर्ता अरी कोठा नं. र व्याड नं. लिएर गयो छ, जहाँ उसको बुबा सुतेको छ, त्यही कोठा तर व्याड भने अलग रहेछ । उहाँपछि रातीको बेलामा दुवैले खाना खाएछन् र सुतेछन् । तर बुवा छोराको लगभग दश वर्षको विछोड भएको हुनाले नत बुबाले छोरालाई चिन्छ न छोराले बुबालाई । यसरी ती दुवै सुतेछन् । ताँपछि मध्य राती भएपछि बुणालाई खोकी लाग्यो छ हाछिऊ, लागेछ, बुणा खकार्न लागेछन् । ताँपछि अपरिचित छोराले भनेछ ए बुणा तँ मलाई सुत्न दे न थाकेर आएको छु मलाई हल्ला नगर भनेछ । ताँपछि बाबु भन्दो रहेछ मु के गरू मेरो बुढेशकालको अवस्था भयो नखोकुला मानेपनि खोकी आई झान्छ के गरू भनेछ ।

यसरी ती दुवै बाबु छोराको परिचय नभएका कारण रातभरी झगडा परिहेछ । अनि विहान छोरा उठेर धर्मशालाका पालेलाई धर्म शालामा लाग्ने चार्ज तिर्वा ति पालेलाई भनेछ तिमी त बदमानस रहेछौ मैले हिजो राती सुत्न पनि पाइन बुणो रातभरी खोक्दै रह्‍यो भनेर छोराले भनेछ । अनि बाबा पनि गएछ, हत् तिमी त बदमास रहेछौ हिजो मैले खोक्दा हाछिउ गर्दा पनि गर्न पाएन त्यो मान्छे मसँग राख्दा मैले निकै दुःख पाएँ । यी दुवैका कुणा सुन्दा ती पालेले भनि जे भए पनि तमे दुवै एक धरका मान्छे हौ, किन झगडा गर्‍यौ त भनेर भन्यो र छोरालाई साध्यो तिमी कुन ठाउँको ? छोराले उत्तर दियो छविस भन्ने गाउँको मान्छे, तिम्रो नाम मनबहादुर थापा हो भने तम्रा बुबाको नाउँ केही भनी सोध्यो उसले भन्यो रनबहादुर थापा, मु दश वर्षसम्म पढ्न भनी घरबाट आएको हुँ अब मैले मेरो पढाइई सिछ्याई घरतिर झान लागेको छु भनेर भन्यो ता पछि उसका बुबाले भन्यो बाबु त मेरो छोार रइछस् म पनि तँलाई खोज्न यहाँ आएको हु भने र भन्यो छ र दुवै बुबा छोरा रूँदै अँगालो हाल्दै सँग घर आएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : जयबहादुर डाउका, डाउगाउँ**

## ३.१९ धर्म राख्यो भने भेट हुन्छ भन्ने बात

बझाङ्गको सदरमुकाम चैनपुरदेखि पशिचमतिर एउटा गाउँ थियो त्यो गाउँमा रामे नाउ गरेको एकजना मानिस त्यहाँ बस्दथ्यो । उसका एउटा छोरा र २ वटा छोरी थिइन् । छोरा चाहि जेठो थियो त्यो छोराले माध्यमिक स्कुल पास गरी आइ एस.सी. पढ्न भनी काठमाडौं गएछ उसको नाउँ रहेछ हर्के । हर्केले एउटा साइन्स कलेजमा भर्ना लिएछ ।

ताँपछि हर्केले लिएको साइन्स कलेजमा भर्ना छिमेकी जिल्लाबाट पढ्न गएकी शरीताले पनि लिइन्, तापछि ती दुवैको कलेजमा पढ्न जाँदा एउटा कक्षामा हुने हुनाले तिनीहरूको त्यहाँ परिचय भयो र घनिष्ठ सम्बनध भयो । पहिले ती अलग-अलग कोठामा बस्ने हर्के र शरीता भाई र बहिनीको सम्बन्ध गाँसेर बसे, भाई टीकाको बेला शरीता हर्केलाई फूल माला लगाई दिन्थिन् भने हर्के बहिनी सम्झेर टीका लगाई दक्षिणा दिन्थ्यो रे । तापछि ती पढ्न जाँदा हर्के आइ.एस.सी. मा फेल भएछ भने शरीता प्रथम श्रेणीमा पास भइछन् । ताँपछि हर्के घर आएछ भने शरीता त्यही मेडिकल कलेजमा एम.वि.वि.एस. मा भर्ना लिएर पढ्न थालीछन् ।

हर्के घर आइसकेपछि एक सरकारी स्कुलमा शिक्षक भएछ तर पढाइमा भने उसले लागेका व्याक विषय दिँदै आई.एस.सी. पास गरेछ । एकतर्फ शिक्षकको काम गर्दै अर्कोतिर पढ्ने काम गर्थ्यो । ताँपछि उसले बी.एड. मा काठमाडौं टाढा भनेर भर्ना गरेनछ आफ्नै ठाउँमा बी.एड. पढेर पास पनि गरेछ । उता शरीताले भने एम.वि.वि.एस् पास गरेर विर हस्पिटलमा पोस्टिङ भएकी रैछ । ८/९

वर्षपछि को कुरा रैछ । हर्केको तालिम काठमाडौंमा परेछ, र ऊ गाडीको टिकट काटेर काठमाडौंतिर हिडेछ । अनि त्रिशुलीमा त्यो गाडी दुर्घटना भएछ, हर्के अशक्त घाइते भएछ, हात खुट्टामा गम्भीर घाउ लागेछ, यसरी घाइते भएका हर्के लगाएतका यात्रुलाई एम्बुलेन्सले लिएर बीर अस्पतालमा पुऱ्याई इमरजेन्सी कक्षमा भर्ना गराएछ, त्यही हर्के की बहिनी शरीता पनि चेक जाँच गर्थिन् ।

उहाँपछि विरामीलाई कोठामा ल्याएपछि सरीता पनि आइन् र हर्केका खुट्टा हातका जोर्नी विगेका भाँचिएका देखे छन् । अनि ती डाक्टर शरीता भन्थिन् हर्केलाई नचिनेर छि छि यो भन्दा त मर्नु ठीक बाँचेर के गर्नु हात खुट्टा भाँचिएका छन् । भनेर भन्थिन् र आफु सामान्य चेक गरेर त्यहाँका नर्स, अइबहरूलाई अलि ड्रेसर गरिदेउ काम हैन यो मान्छेको भनेर भन्थिन् र जान्थिन् पनि यसरी २/३ दिन विहान बेलुका यसै गरी आउथिन् त्यसै भन्थिन् । अनि हर्केले भनेछ डा. साहेव यी वीर हस्पिटलमा मेरी एउटा बहिनी थिइन् ती यही हड्डी रोग विशेषज्ञ भएको छिन् को होन् तिनलाई बोलाइदिनु पर्‍यो भनेर हर्के सिंहले ती डाक्टरनीलाई भनेछन् । अनि डाक्टरनिले सोधेछन् कस्ती बहिनी तिम्रो नाउ के हो ? तिम्री बहिनीको नाम के हो । तिम्रो घर कहाँ भनेर सोधेछन् । ताँपछि हर्केले भनेछ हजुर म पहिले आइ.एस. सी पढ्दा ती बहिनी पनि म सँग आइ.एस.सी. पढ्थिन् हामी सँगै बसेका थियौ मेरो घर बझाङ्ग हो । मेरो नाउँ हर्के सिंह हो ती बहिनी आइ.एस.सी. पास गरी एम्.वि.वि.एस् पढिन म आइएस सी. फेल भएर घर गएर सामान्य विद्यालयमा पढाउन गए । हामीसँगै बस्दा भाइबहिनीको नाता लाएका थियो, ति बहिनीको नाम शरीता विष्ट हो भनेर भनेछ । ताँपछि ती डाक्टरनीले भनिन् य हे दाई ति बहिनी भनेकी मै हुँ भन्दै रूदै ती हर्के दाईको राम्रोसँग उपचार गरी १५/१६ दिनमा ठीक भएर हर्के घर आए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : विष्णु कुँवर, खेइरा**

## ३.१८ पाले पुण्य मारे पाप

एउटा कुनै गाउँमा मुर्खहरू खानेहरू, उरन्ठ्याउले मान्छेहरू बस्दथे तिनको नजिकै एक सिद्धा बाबा तपस्या गर्न भनी त्यही ठाउँमा बसेका रहेछन् । ती बदमास मुर्खहरूले त्यहाँ वरिपरिका सबै मान्छेलाई झम्टेर लुटेर, पिटेर डराएर तह लगाएका थिए । तिन्ले विचार गर्रेछन् सबैलाई हामीले तह लगाइसकेका छौ, यो उक महात्मा स्वामी छ यसले न हीलाई पुच्छ यो त धेरै जान्ने भएको छ हिड अव थारूलाई पनि आँटा, डण्डा ढुङ्गा लिएर यहीलाई पिटौ तब ठीकमा आउँछ भन्ने निर्णय गरेछन् ।

ताँपछि ती मुर्खहरू स्वामी बाबा तपस्या गरिरहेका थिए त्यही जान भनी हिडे, ताँपछि एकजना मुर्खले भनेछ त्यसै पिटेर, त्यस बाबालाई तह लाउनु हुँदैन एक अभ्यास गराएर तह लगाउनु पर्छ भन्यो छ, कस्तो तह लगाउनु पर्छ भनी अरू मुर्खले सोध्दा उसले भन्दा हामीले एउटा चणा छोप्नुपर्छ त्यो चणालाई हातको मुठाभित्र राख्नुपर्छ अनि हामीले यो हातको मुठाभित्रको के हो भन नत्र तलाई छोड्दैनन भन्नु पर्छ भनेछ ।

ताँपछि तिनीहरू बनमा चणा खोज्न गएछन् र एक चणालाई छोपेर आनेछन् र स्वामी बस्ने ठाउँ गएछन् । उहाँपछि अका मुर्खले भनेछ ए साथी हो हामीले हातको मुठामा चणा लियो भने उसले चणा हो भनेर राउन सक्छ, अनि हामीले भन्नुपर्छ कि यो चणा जीउँदो छ कि मरेको छ भनी प्रश्न सोध्नु पर्‍यो, उहाँपछि स्वामी बाबाले त्यो चणा ज्यूँदै छ भनेर हातले च्याप्प चेपेर मारूली मरेको छ भन्यो भने भुर्र उडाइदिउली भनेर उसले भन्यो, यस्तो प्रश्न सोधेपछि त्यसलाई अप्ठ्यारो पर्छ भनेछ ।

अनि ती मुर्ख धमाधम गएछन् । स्वामी बाबाको नजिक पुगेछन् । पुगेपछि स्वामी बाबाले भन्यो छ, बाबु तिमी को हौ, कहाँबाट आयौ बस भन्यो छ, ती मुर्खहरूले भनेछन् हामी तेरो ठीक गर्न आएका हौ तँ धेरै जान्ने भएको छस् तेरो जाँच अर्न आएको छौ बढी नबोल भनेछन् र सोधेछन् ए बाबा हाम्रो हातको के हो भनी प्रश्न सोधेछन्, स्वामी बाबाले भनेछन् चणा हो बाबु ताँपछि फेरी सोधेछन् यो चणा ज्युदो छ कि मरेको ? बाबाले उत्तर दिएछन् बाबु मारे भने तिम्रै पाप, पाले भने तिम्रै पुण्य (धर्म)

भनेछन् । अनि ती मुर्खहरू अँ हामीले जे जाल गर्‍यौ ति सबै स्वामी बाबाले जानीसकेछ भनेर त्यहाँबाट ललाएर ती स्वामीलाई माफी मागी आफ्ना घर गएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : हरि बम्म, चैनपुर**

## ३.१९ दिदी नहुँदा भाई बिचल्लीमा

एउटा गाउँमा एउटा मान्छे बस्दथ्यो । उसका दुइवटा छोराछोरी थिए, ती छोराछोरी सानै हुँदा खेरी बाबुआमा मरेर मुल्याहा भएका थिए, उनका सम्पत्तिका नाउँमा एउटा माले बाच्छो थियो । भाई सधै माले बाच्छो चराउन बनतिर झान्थ्यो भने दिदी घरमा खाना बनाउने र घरको काम गर्ने गर्थि । यसरी नै तिनका दिनहरू बितेका थ्जिउ, एकदिन भाई माले बाच्छो चराउन बनतिर गएछ, दिदीले आफ्नो घरको खालमा धान विस्कुन हालेछ र दिदी भित्र गएर भाई आउँला भनि अन्निरवाजा बनाइरहेकी रइछ, त्यसैबेला भाईले माले बाच्छो बनबाट घर ल्याएछ, घरका अगाडि धान विस्कुन हालेको ठाउँमा एक चरा आएर विस्कुन खान लागेको रहेछ, त्यो देखेर भाईले भनेछ “हान दिदी हान, चणाले धान खायो, बान दिदी बान, माले बाच्छो घर आयो” भनेर दिदीलाई भन्दो रहेछ ।

त्यही बेला एक डाँकाको फौज आएर त्यो भाईलाई सोधेछ, तिम्रो घरमा कौ कौ छौ ? भाईले भनेछ - मेरो घरमा दिदी, म र माले बाँच्छौ छौ । यति भनेर भाई दिदीलाई भन्न लाग्यो, दिदी आज हाम्रो घरमा नचिनेका मान्छे आए, ती चोर हुन सक्छन् तिनी घरबाट बाहिर नझाया, कोही मान्छेले बोलायो भने पनि बाहिर नझाया, बाहिर गइहाले पनि मुखमा कालो मुसो लगाएर झाया, तिम्रो अनुहार राम्रो मानेर तिनीहरू आएका हुन सक्छन् भनी दिदीलाई भनेर भाई घर बाहिर साथीसँग खेल्न गयो । भाई खेल्न गएको केही समयपछि ती डाँका आएर यो घरमा को छ भनी सोध्यो छ, तर कोही पनि बोलेनन् । फेरी पनि यही घरको छ भनी सोध्दा दिदीले म छु भन्यो । ताँ पछि ती डाँकाले पानी तिस लागी पानी देउता भन्यो, उसकी दिदीले भनी पानी आच्छी, साग पखालेको पानी मात्र छ, भन्दी भइ । ताँपछि ती डाँकाले साग पखालेको पानी भए पनि देउ भनेछन्, ताँपछि दिदी पानी दिन आईछन् र पानी दिइछन्, उनको अनुहारमा लगाएको कालो मुसो थियो, ती डाँकाले त्यही पानी मागेर उनको अनुहारमा पानी फालेछन् र उनको अनुहारमा भएको कालो मुसो पख्लिएर पहिलेको जस्तै अनुहार टलक्क टल्कियो । ताँपछि ती सुन्दरी दिदीलाई ती डाँकाले जबरजस्ती लगेछन् त्यही बेला भाई पनि आइ पुगेछ, र दिदीलाई डाँकाले अपहरण गरी लिएको धेक्दा भाई असाध्यै रून लागेछ र भने । दिदी भन्याकी बाडको सिलो होउ ।

बाडबाट गया पछि गोठको किलो होडा भनी करान लाग्यो छ, उसले जे भनेपनि डाँकाले दिदीलाई लगिहालेछन् । भोली विहान भएपछि उसलाई भोक लागेछ र भात पकाउन लाग्यो छ । बाहिर कौवा का का भन्दै उसको घरको बाहिर रूखमा आयो छ । यति गर्दै भात पकाइ खाएछ र सानो भात बाहिर कौवालाई लिएर आएछ र भनेछ - का का भन्योछ, भात पातमा राखेर विसालेछ, कौवा पनि नजिक आएछ र भात खान थालेछ । यसरी फेरी त्यो भात सकिएपछि भात पातमा राखेर का का भनेछ र बाँकी भात कौवालाई दिएछ । कौवादेखि त्यो मान्छे रूदो रहेछ, कौवालाई लागेछ यो मान्छे किन रूदो होला ? कौवाले का का गरेर म पछि आइझा तेरी दिदी लिएको बाटो राइ दिन्छु भन्ने संकेत गरेछ र त्यो मान्छेले पनि कौवाको भाषा बुझि हाल्यो छ र कौवा पछि गएछ । कौवा जहाँ उसकी दिदीलाई डाँकाले लिएको ठाउँतिर पुगेर रूखमा बसेछ, त्यही उसकी दिदी पनि रइछ भन्ने थाहा पाएर भाई पवुलिस ठाउँ गएर मेरी दिदी अपहरण गरेर राखेकी छ त्यही गएर मेरी दिदी डाँकाबाट छुटाई डाँकालाई कारबाही गरिदिनु माग गर्दछ । पुलिस पनि त्यही ठाउँमा पुगेर उसकी दिदीलाई अपहरण मुक्त गरी भाईलाई दिदीको साथमा लाइदिन्छन् । ती डाँकाहरूलाई छोपेर जेल चलान गरी दिन्छन् । यसरी दुवैभाई बहिनी घर आएर सुखपूर्वक बस्छन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : धर्मराज जैसी, धामीलेक**

### ३.२० सुर्मा देवीको बात

सुर्मा देवीको जन्म सोन्ह बहिनी दुर्गाका रूपमा भारतमा जन्म भएको रहेछ, तिनका एक मष्टा नाम गरेका भाई पनि रैछन् ती भारतमा अशान्ती अत्याचार भएर त्यो सहन नसकि नेपालका हिमाल पहाड तिर आएछन् । यसरी ती आउँदा - आउँदा बझाङ्गको थली भन्ने ठाउँमा सुर्मा देवी पुगिछन् । ति सोह्रबहिनी दुर्गाको विवाह महालीङ्ग सँग भएको थियो । त्यहाँ थलीमा पुग्दा सोह्रबहिनीका पति महालिङ्गलाई कुष्ठरोग लागेछ । कुष्ठरोगलाई निको पार्न दुर्गाले सुर्मादेवीलाई लसुन कुट्न लगाई छन्, तर सर्मादेवीले लसुन नकुट्ने विचार गरी लसुनको गन दिदी तइका लगनवात भनी दिदीलाई भनेछन् । तापछि दिदीलाई रीस उठेछ र भनिछिन् तत्तिकी छिपीली सुर्मा झिखाआग आग भनी जवाफ दिएछन् । दुई बहिनीको बिचमा झगडा भयो मनमुटाव भयो र सुर्माले सिखाआग्र नै झाउला भनि भित्री मनमा मानेछन् र। भनिछन् म सिखाआग नै झान्छु यहाँको भाग हिस्सा डोल जात्रा गरी झान्छु, पाङ्रजडी आधा चुडी लिन्छु, ल्वाडी र लेकगाउँको जेठो, बटुली बोरा, जुली रोकाया आफ्नो भागमा लिन्छु भनी भाग हिस्सा हाली सरोवर झान ताँबाट निस्किन् । दुर्गा त्यही बसिन् त्यसैदिन देखि सुर्मा र दुर्गा अलग भइन् ।

सुर्मादेवी वत्तीस लक्षणले युक्त थिइन् । लम्वा केश, उच्च पयोधर बासुकी नागको जस्तो कम्मर भएकी अति छिपिली थिइन् । सुन्दर नारीले एक्लै भ्रमण गर्नु हुँदैन भनी कसैले नचिनिने गरी धारको भेषमा थलीबाट बुठखोरी आइन् त्यहाँ ९ वर्षसम्म थारकै भेषमा बसिछन् । एकदिन थारले खोरेल बोराको विस्कुन खाई दिँदा बोराकी स्वाइनी सादै आफ्ना गाउँलेलाई बोलाउँदै भन्दीभई अब तिमी भर्दहरू हाम्रा गुन्यूचोला लाउ तम्रा झगुला पाग्रा हमे लाउली घरमा राखेको विस्कुन थारले खाइदिँदा पनि नमारीसक्नु तम्रो कस्तो कातरपन हो भनी तिनलाई भन्दा गाउँका सबै लोग्ने मान्छे आएर धारको खोजी गर्न हिडे, बुठखोरीको पहाडबाट धार निस्क्यो, अनि भाला, भुत्या लिएका लोग्नेले थारलाई खेद्न लागे तर छोप्न सकेनन् । थार दौडदै बुगल तम्तोली आइपुग्यउो । खोरेलहरू थारलाई नदेखी छक्कपरे थारले तम्तोलीमा आएर आफ्नो रूप परिवर्तन गर्‍यो । सुनमायाको रूपमा तम्लोलीमा भगु जोशीका घेरमा गई सिखाआगुमा जाने दिन हेरी भागिन् । ती ज्योतिषले धुलौटो हेरी मेगल, बुधबारको राती सिखाआग जाने शुभ साइत छ भने मंगल र बुधबार उत्तरतर्फ दिशा पर्ने हुनाले ज्योतिष भईका नपनि दिशा नै नचिन्ने कस्तो बाहुन रहेछ भनी “क्या जानी गुयाा ढाँटा लगनकी बात” भनी थारकै भेषमा किङयाली आइन्, किङ्यालीबाट थार विनायक आयो, विनायकमा वल्ट्यो पल्ट्यो अनि दौड्दै कँगुरा आई पुग्यो, ताँसम्म खोरेल थारको खोजीमा नै हिडेका थिए, ताँहीबाट खोरेल लज्जित भइ घर फर्के । उता थार मष्टामाडु छविषमा आइपुग्यो । त्यहाँ थारको रूप बदली सुर्माको रूपमा प्रकट भई दाजु मष्टाका मन्दिरमा बास बसिन् । दाजुसँग भलाकुशाली गर्दै जानेवोला दाजुबाट केही दाइजो माग्ने आग्रह गरिन् । दाजु मलाई सुगाली ग्वालो दाइजो देउ भन्दा “सबै दाइजो हिउँला सुगालो दाइजो दिँदैन” भनी मष्टाले भने । अनि सुर्माले “सुगाली गयो पात मण्डेल लाग्यो साथ” “हातकी बाउसी नाइपर झाउसी” भनी भन्दै त्यहाँबाट थारकै भेषमा सुनिको सुवेडा आइँछन् । सुवेडा आइ नारी रूप धारण गरी दाना जोशी कहाँ गई ए दाना जोशी मेरो शिखाआगु झाने दिन हेराइ देउ भनिछन् र दाना जोशीले धुलौटो होरई आइत बुधबारको रातमा सरोबर झान ठीक छ भन्यो छ । ताँपछि देवीले धन्टा दाना जोशी “बाइसै मडको सुर्रो सिजाउँला, गंगा जमुनाको कुलो सिजाउँला भनि दाना जोशीलाई बचन दिइछन् । दानाजोशीकै दिन अनुसार शुर्मादेवी कपटेनीको रूप धारणा गरी कुमाल्लडा आईछन् । कुमाल्तडामा थापाको बसोबास रहेछ, त्यहाँका थापा लाई मलाई पानी सिस लाग्यो पानी देउन थापा भनेर भनिछन् । त्यहाँ थापाले तिमी कपटिनीलाई पानी दिँदैनौ भनी उनको स्तनमा हात हाल्यो । यसरी ती मूर्खले आफ्नो बेइज्जत गरेको देखी सुर्मा देवलाई रीस उठी कुमालतडो बगाउने आप दिइन् । “वारि रिट्यो बाहुलीगाड पारी रिट्यो गंगा कुमालतडो बगाईलैग्यो बाराणसी लंका” भन्ने बाँकी रहयो, त्यसैले होला देवस्थानको बीच भाग मात्र अग्लो रहेको छ । आफ्नो मनोरथ पुरा अरी सुर्मा देवी नारी रूपमा चिउरीका माडु गई बसिन् ।

मानिसलाई आफ्नो शक्ति दिई पाली प्रजा कायम गरिन् । अनि त्यहाँबाट खेतकोट गई सुरू खड्काका घर बाहिर बसिन् । सुरू खड्काकी न्याउली खड्क्यानी मुन्टोकोर्न लागेकी रैछन् । बाहिर आएर हेर्दा पेटीमा उवा खुट्टा उदो मुन्टो गरी बसिरहेकी सुन्दर आइमाईलाई देख्दा अचम्म मानी आफ्ना लोग्ने सुरू खड्कालाई बोलाइन् । दुवै जना बाहिर आएछन् बाहिर सुकेको अमिलाको रूख हराभरा भई अमिलाका दाना पहेला भई पोका, गोठमा १२ वर्षसम्म थाडी (नब्याउने) गाई बाच्छो भएको देख्दा अचम्म मानी यी आईमाई देवी हुन्, यिनको स्वागत गर्नु पर्‍यो भनी बाह्रविण्डा दूधले देवीको पाउ धोएछन् । बाह्धानी ध्यूले पाउ मलेछन् साह्रसाडा गजिनाले छोपेछन् । गजिनो ध्यूले पाउ मलेछन्, साह्रसाडा गजिनाले बाटो छोपेछन् । गजिलो नपुगेका ठाउँमा लोग्ने स्वास्नी आफै पल्टेर आफुमाथि हिड्न लगाई मजेलामा लगेछन् । मजेलामा बत्ती बाली राम्रो-राम्रो खानेकुरा खुवाई स्वागत गरेछन् । अनि देवी खुशी भई तिम्रो छोरा छैन, तिमी ६० वर्ष नाघेकी रजस्वला बन्द भएकी छौ ता पनि तिमो छोरा होस् भनी बरदान दिइछन् । देवीकै वरदानले रजस्वला भई १० महिनापछि बालक जन्मियो । यसरी देवीको वरदानले खेतकोटको वंश वृद्धि भएको हुनाले अहिले पनि उनी देवीका भक्त बनेका छन् । र विरीजातको मेलामा आलम लगी सुर्मा सरो बरमा देवीको दर्शन गर्न जान्छन् ।

ताँपछि सुर्मादेवी खेतकोटबाट सेलाखेतमा गइछन् र वास त्यही बसिछन् । सुर्मासरोवर जान चोखो भएर जानकी लागी भनी त्यहाँ की बासिन्दालाई पञ्चगव्य बनाउन लगाई पञ्चगव्य चाखी थारको भेषमा बारिल्ल गईछन् । बारिल्ल ६ वर्षसम्म बसिछन्, थारको भेषमा बारिल्ला बोरेनीको खिस्कुन खाइदिएछन् र विस्कुन खाई दिएको रिसमा बोरेनीले (शिकारी कुकुरलाई) घाँडो लगाई विहानै किमुरूखको ओढारमा थार बसेको छ, त्यहाँ मार्न जाउ भनेर लोग्नेलाई मार्न लाएछन् । यसरी मान्छे सहित मार्न आएको थाहा पाएर त्यो ओढारबाट सुर्मादेवी (थार भेष रूपी) निस्केर दोगाडे पुगेछ । ठूलाभिरमा आएछ । ९ वर्षसम्म थार त्यही ठूलाभिर (डुबाडुम्री) मा बसेछ । एकदिन थारले घोगाडी बोराको बिस्कुन खाएछ । बिस्कुन खाएको रीसले बोराकी स्वास्नीले आफ्ना लोग्नेका भाई राम्दु र बाउदुलाई हम्रा घरको विस्कुन खाँदासम्म पनि चुप लागी बस्यौ, तमु जसाले मरे पनि काम छैन भ्री हप्कायो । त्यो हप्काएपछि भोलीपल्ट बिहार्ने भालु भुत्या लिएर थार मार्न भनि घरबाट निस्के । डुवाडुम्री पडबाट थार निस्केछ । ताँबाट थार ढाका रिटाउन पुगेछ, त्यहाँबाट खेदेर थार पाथरपाटा पुगेछ, त्यहाँबाट भाग्दै गालाढुङ्ग्रा पुगेछ, त्यहाँबाट वेबरी, वेवरीबाट वाउन काँडा आएछ । ताँबाट दौलीचौर, गालापाटा, पिपलडाँडा, पाटन ढुङ्गाबाट थार सफियाफालको पाँगरजडी, विपिया फाँतको पाटन ढुङ्गामा घुम्दै थार विरपानी पुग्यो ।

ताँपछि थाररूपी देवीले सिंगले जमिनमा हामी पानी निकालेको हुनाले त्यस ठाउँको नाम विरपानी रहयो । थारको खोजी गर्न गएका राम्दु र बाउदुले आश्चर्य मान्दै पानी पिए पानी पिइसकेपछि फेरी थारको पछि लागे थार स्याउली हाल्ना गयो । ताँबाट थार अन्नीखान गयो राम्दु, बाउदु पनि त्यही अन्नीखान गए, त्यसैले त्यसको नाम अन्नीखान रहन गएको हो । ताँबाट थार लोट्नी गयोछ, ताँ लोटी पल्टी खेलेछ राम्दु बाउदुले पनि थार भ्रै लोटी पल्टी खेलेको हुनाले त्यस ठाउँको नाउँ लोट्नी रहन गयो । फेरी थार ताँबाट नाचनी गयो र नाच्यो ती बोराहरू पनि नाँचे त्यसैले त्यसको नाम नाचनी रहन गयो । ताँपछि थार मधुखर्क गयो, राम्दु बाउदुले पनि त्यही गएर खरक हाले, त्यसबेलादेखि त्यसको नाम मधुखर्क रहन गयो । त्यहाँबाट थार भाग्दै बुढा विनायक गयो ताँबाट खेदेपछि जलजला गयो, त्यहाँ थार थरेनी पैदा भई धौल्देउ पैदा भए । धौल्देउ जन्मदा सालनाल भ्ररेको हुँदा त्यहाँको भुमि दलदल चिप्लो र गिलो हल्लिने किशिमको छ । त्यहाँबाट थार अगौठे, चाँढे शिर्क गयो ताँबाट देलठेला गयो र त्यहाँकै पडमा बस्यो । राउदु र बाउ हान भन्यो, भाईले दाईलाई बाण हान भन्यो त्यहाँपछि जेठाले नै वाण हानी ताँबाट थार भगायो । ताँबाट थार भागेर गोपीचौर गयो राउदु र बाउदु पनि त्यही पुगे, थार त्यहाँबाट सोझ्रै माझ्र कुण्ड (सरोवर) गयो र प्रत्यक्ष सुर्माको रूप देखाई राम्दु र बाउदुलाई भनिन् "हे घोडाडी बोरा हो, तिमी मेरो अन्त नगर म थार पनि होइन मेरा रूप देखिहाल्यौ, तिमीले मलाई धेरै दुःख दियौ अब तिमीलाई आप दिन्छु, तिम्रो परिवार ६० जनाको पुगेको छ त्यो नाशु हुनेछन् तिम्रो परिवारमा एक मात्र सन्तान लागोस्, तिमी दुवै देवै बाँच्ने छौ, एक छोरा होला राम्रो बन्ला, किनभने द्वेष भावमा भएपछि तिमीले मेरो दर्शन पायौ । अब तिम्रो वंशहरू मेरा करिया बनुन् । जहाँ जहाँ म गए

त्यहाँ त्यहाँ कुनै न कुनै रूपमा मेरो पुजा चल्नेछ, त्यहाँका मानिस मेरा पाली प्रजा बन्नेछन् भन्दै अन्तरध्यान भइन् ।

त्यसपछि राउदु र बाउदु पश्चात्तापमा परे । देवीको आप पर्‍यो हामीले अनर्थ गर्‍यौ, यसरी थारको हामीले तति खेदो नगर्नुपर्ने रहेछ स्वास्नीको वशमा पर्दा आज विनाशको कारण बन्न पुग्यो । भन्दै आपसमा दुवै भाई बादविवाद गर्न थाले अनि दाईले भाइलाई घर जाऔ भन्दा भाइले दुःखित भई म घर जाँदैन, मामां जान्छु भने अनि दाइले तिमी मसँग घर जाँदैनो भने अब देखि तिम्रो मेरो डिठ भिट कहिल्यै नहोउ, तिम्रो मेरो सन्तानगा पनि यही लागु होस् भनी श्राप दिँदै कान्छा भाई मार्मा तिर लागे, जेठा भाई सरोवरबाट फर्कि थकुन्नाडा आई पुजाराबाट नचाल्याको आटाको रोटी माँगी दहीसँग खाई घर फर्के । देवीको श्राप पर्ने गै ६० परिवार घोगाडी जलजला चेपिद्दई मरे । त्यो श्रापको असर पनि परेकै छ भन्छन् ।

थारको भेषमा सरोवरमा प्रवेश गरेको हुँदा त्यो सरोवरको नाउँ सुर्मा सरोवर रहन गयो, त्यहाँ अहिले पनि श्रावण र भदौको महिना साउन शुक्ल त्रयोदशीका दिन भकजन त्यहाँ गई स्नान गरी सुर्मा देवीको मव्यु पूजा आराधना गर्छन् भोलीपल्ट ताँबाट फर्की, थकुन्आडा आई, ताँबाट घोगाडा, ताँबाट सुर्मादेवीको पाली भएको गाऊँ आई सबैले भक्तिपूर्वक पूजा गर्छन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : धनभक्त जोशी, चैनपुर**

## ३.२१ गरिबलाई दुःखको लोककथा

धेरै वर्ष अगाडिको कुरा हो एउटा कुनै गाउँमा मान्छेहरू खुट्टामा जुत्ता, चप्पल केही लाउन पाउँदैन थे । खुट्टामा जुत्ता चप्पलको सट्टा छालाको चप्पल बनाएर लाउन्थे जसलाई पाना भन्थे । जसको उत्पादन गाउँ कै सार्कीहरूले गर्थे, त्यस मध्येको दले सार्की एकजना यियो ।

उसले जुत्ता चप्पल, सिलाउने बनाउने काम गर्दथ्यो । दैनिक छाक छार्न विचरालाई धौ धौ पर्थ्यो, पाँच केटाकेटीको बुबा अभइसकेको दले सार्की की श्रीमती बडी सोझो थिई । करीब ५०/६० घरधुरी भएको गाउँमा बस्नेहरूमध्ये दले पनि एक स्वाभिमानी बनेर जिविका चलाई रहेको मान्छे थियो ।

समयको मागसँग दुवैजना आफ्नै भुइमा पसिना चुहाएर केटा केटीको र आफ्नो जीवन चलाई रहेका थिए, दिउँस भरी गाउँ गर्खातिर कसैको गाई भैँसी मरेको छ कि भनेर खोजी गर्ने झान्थे र कसैको गाई, भैसी मरेको थाहा पायो भने त्यसको छाला गीी जुत्ता चप्पलसम्म बनाउन सक्ने सिप उनलाई थियो । बस्नको लागि भने बाबुबाजेको दिनदेखि बनाएको सानो झुपडी थियो, त्यो पनि वर्षा आयो भने पानी चुहेर घरभित्र आउने घरको बान्ना पनि बाङिगएको थियो, बाहिरराता माटाले छिपेको हुनाले त्यो घर माटाको ढिस्का जस्तै देखिन्थ्यो । खरपातले छाएको घरभित्र चार जना बसिहाल्यो भने त्यो घर भत्कि जान्छ कि जस्तो र उसका घरमा सातजना परिवार थिए तर पुरानो घरमा काठ सबै बलियो रइछ त्यसैले त्यहाँ सबै बस्दा पनि त्यो घर भत्केनछ ।

बिचरा दलेको गाउँ गर्खा झाई मानामुठी मागी जुत्ता चप्पल बेच्नु थियो । त्यसैबेला जेठको महिना ठूलो खडेरी परी दादुरा रोग आयो छ, यसरी दादुराको प्रकोपमा अर्का दुई छोरा र एक छोरी पनि परेछन् । तिनको औषधी उपचार गर्न पैसा पनि थिएन र विचराले औषधी उपचार गर्न नपाई ती मरेर गएकोमा दलले साहै दुःखी भएछ । आफ्नो काखको दुईटै छोराछोरी कालले लिएपछि विचद्धरी दलेकी स्वास्नी पनि धेरै विलाप गर्न लागीछ । यसरी दिनहरू बित्दै झाँदा । दलेकी स्वास्नी चिन्तित हुँदै गइछ एकातिर खान लाउनको समस्या अर्को तिर छोराछोरी मरेको सम्झना गर्दा गर्दै दिनका दिन आँखाबाट आशु पनि नआउला जस्तै भइसकेकी थिइ । त्यही ग्रीस्म ऋतुको समय जेठ असारको महिना थियो झरी सुरू हुने बेला भएकोले मान्छेहरू जहाँको तही थिए । गाउँमा मानामुठा बटुल्दै गएको दले पनि खोलामा ठूलो बाणी आएको र त्यो खोला तर्न नसकी अर्को गाउँमा रोकिन बाध्य भएछ । यता घरमा भने साउने

झरीले गर्दा बाहिरको भन्दा बढी पानी घरभित्र गएछ । ओढ्ने ओछ्याउने धेरै नभएका कारण चिन्तामा परेकी दलेकी स्वास्नीले पनि ज्यान गुमाइछन् । दुइटा छोराछोरीले एकै साथ छोड्दा पनि चिन्तित नभएका दलेलाई त अब जीवन (स्वास्नीले) पनि छाडेर जाँदा अफठ्यारो भयो अब घरमा बाँकी रहे दुईटा छोरी र एउटा छोरा ती छोरा छोरी पनि दिनका दिन आमाको विलाप गर्दै ठूलो चिन्तामा पर्दै गएछन् । बिचरा दलले पनि आफ्नो मन थाम्न नसकी घोराई रहन लाग्यो । दिनहुँ नगरी नहुने काम पनि मन लगाएर नगर्ने भयो । बिहान आधा पेट खाइहाले पनि बेलुका के खाने भनी सोच्ने स्थितिमा पुग्यो ।

एकदिन आफ्नो गाउँबाट पूर्व दिशा खेतमा जाने बाटोको बिचमा एउटा बस्ने चौको थियो, विचरा दले त्यही चौकामा बसेर मनमनै सोची रहेको थियो, तसैबेला एक मुख्या उसलाई केही माना मुठी दिन्या बालो त्यहाँ आयो र चौकोमा बस्यो । दललेलाई भन्यो दले बाबु चिन्ता नमान सबै कम र दैवको खेल हो अब चिन्ता नमा, मेरो खेतीको काम गर म खान लाउन म दिउँला भनी सकेपछि दलले बाध्यताले नमानी नमानी अभनेछ, खेती लाउने समय शुरू भएछ लगातार महिनौ सम्म खेतीको काम पनि गरेछ, विचरा दलेका छोराछोरी पनि कहाँ जान्थे र १० वर्षका ती जहाँ सुयो उहाँ धागो भने झै एक महिनासम्म खाई नखाई बिताईहाल्यो । खेतमा पानी लगाउने कुलो बनाउदेखि सबै काम दलेले गर्नु पर्थ्यो । सबै काम दलले गर्नु पर्दा उसले आफ्ना छोराछोरीलाई समयमा खुवाउन चुठाउन पनि समय थिएन । वर्षोदिनदेखि बाँझो भएका खेत पनि सोझो दलेले आफ्नो पाखुराको भरमा खेती गर्ने जमिन बनाइदियो । जब खेती पाती पाकेर भित्र्यायो, त्यति बेला बोल बोलेको भन्दा आधा मात्र दिएर दलेलेलाई रन्काइ-दन्काई घर लाइदियो, तर उसको नाउँ थियो देतार मुख्या । जसले मुठी छाड्न वर्ष दिन त्यसमा पनि आधा दिने तिनको नाउँ रहेछ देतार । तर दले भने त्यहाँबाट रूदै कराउँदै विलाप गर्दै घरतिर फर्केछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : ध्वजवीर सार्की, डाँडागाउँ**

## ३.२२ बुद्धिमान बुढाबुढी

धेरै वर्ष पहिले उन्टी ढुङ्गा भन्ने गाउँमा रिठ्या र बाटुली नाम गरेका लोग्ने स्वास्नी बस्थे, आफ्नो जीवनमा दुःख सुख जे भएपनि रमाइलोसँग जीवन बिताउन चाहन्थे । रिठ्या र बाटुलीको व्यवहार देखेर गाउँले छक्क हुन्थे ती लोग्ने स्वास्नी गाउँका सबैको काम गर्न जान्थे र आफ्नो कामको लागि कहिले चिन्ता मान्दैनथे । कसैले गाँस बासको बारेमा सोध्यो भने हाँसोमा उडाई दिन्थे । हाँस्नु, खेल्नु रमाइलो गर्नु बाहेक उनलाई केही अरू चिन थिएन तर भविष्यका लागि तिनका न छोरा न छोरी न घर केही थिएन । बुढाबुढीले घर लगाउन सक्ने न क्षमता थियो, तर गाउँलेले सानो सानो झुपडी त बनाइदिए त्यो झुपडीमा अन्य चीज केही थिएन । आफ्नो जीवन बिताउन सकि नसकि बाध्यता स्वीकारी रहेका थिए ।

विहान बेलुकाको छाक टार्न धौ धौ थियो । स्वास्नीले छिमेकीमको ढीकी, जाँतो, घाँसदाउरा गरेर मुश्कील मुस्किलले छाक टार्न पुगेको थियो, काम नगरेको दिनमा त भोकै बस्नु पर्थ्यो । कसैले खानेकुरा गर्‍यो भने आँसु झार्दै धुरू धुरू रून्थे । चाडपर्वमा भोक भोकै बस्दा भाग्यलाई साराप्दै जान्थे, आफ्ना सबैभित्र भाइबन्धु पनि उनका लागि कोही नजिक थिएन । बाल्यकालमा हाँसेको खेलेको सम्झना आउँछ । आमा बाबुको मन छोरछोरीमाथि, छोराछोरीको मन ढुङ्गामाथि न कि उनको सम्झना गर्ने कोही थिएनन् । यसर संसारमा सहाराविहिन लोग्ने स्वास्नी केवल चिन्ता चिन्तामा मात्र मन बुझाउन बाध्य देखिन्थे । गरीव महलमा बाँडेर रूपना बाँडिरहेका थिए । नजिक चाडपर्व आउँदा रमाउँदै मृत्युको वरणमा पुग्न आतुर थिए, माघी सङ्क्रान्ति पर्व नजिक आउँदैथियो । बुढा बुढीले सेलरोटी पकाएर खाने धोका थियो । एक आपसमा कुरा कानी राखेका थिए । खाउँ भने कुनै सामान पनि थिएन गाउँ घरबाट घरदैलो गरे माग्ने गरेका थिए तर बुढाबुढी मागिरहँदा सबै हैरान भएका थिए । एक दिन बुढाबुढीले एक आपसमा सरसल्लाह गरेर निधो गरेछन् अब आउने माघी संक्रान्तीमा सेल रोटी पकाउनु पर्छ । त्यस कारण बुढीलाई अलि टाढाको गाउँ जान आग्रह गरेछन् । टाढा टाढाको गाउँ जाँदा बस्ती बस्ती

जानुपर्थ्यो, आफुले नजिकको गाउँ जाने विचार गरेछन् । तर नजिकको गाउँ जाँदा जंगलको बाटो हिड्नु पर्ने र त्यहाँ जंगली जनावरको डर हुन्थ्यो, त्यसै दिन दुवै लोग्ने स्वास्नी आ-आफ्नो गन्तव्य तर्फ प्रस्थान गरेछन् ।

बेलुकी तर्फ घर फर्कँदा बुढी पहिले नै घर फर्किसकेकी थिई बुढाको चिन्तामा बुढी बाटो कुर्दै टाढैबाट हेरी रहेको थिइन् । बुढो साँझ झमक्क पर्न थालेको समयमा पसिना पुछ्दै छिटा अघिल्ला तर्फ बढ्दै पछिल्लातर्फ फर्के र हेर्दै जंगलमा हिड्दै गरेकोमा भालु देखा पर्‍यो । शिव शिव भन्दै कराउन थाल्यो । भालुले भन्यो छ रिठ्या तिम्रो बाँच्ने दिन आजसम्म मात्र थियो । मृत्युको साथमा माफी मागेर पनि माफी पाउन सक्दैनौ । तिम्रो झोलामा के छ, त्यो झिकेर मलाई देउ म खान्छु । बुढाले भन्यो छ भाई भालु भोली माछी सङ्क्रान्ती हो, झोलामा मागी ल्याएको मास हो । भोली मास रोटी पकाएर खानालाई तर तिम्रो लागिहोइन्, केवल म अनि बुढीलाई खान चाहना छ भने खाऊ म दिन्छु । जसमा कुनै रस छैन सिङ्गोमासको दाना छ, ति मास रोटी पकाएर खादा मीठो हुन्छ, त्यती मलाई खाए पनि मीठो हुँदैन कसो ? मलाई खान्छौ भने म पनि मर्न तयार छु भनेपछि भालेको मन रमाएर आयो । त्यसो तिमीलाई पिठीमा राखेर घर पुऱ्याउँछु भोली म पनि मासको रोटी खान्छु तिमीले पनि खानु हुँदैन र भनी भालले झेपछि रिठ्याले हुन्छ भन्यो भालुले बुढालाई पिठ्यूमा बोकेर घरको आँगनमा राखेको देख्दा बुढी त अकमक्क पर्दै भनिन् भालुको पिठीमा चढेर आउँदा सम्मडर लागेन । यति भनिसकेपछि बुढाले धेरै हल्ला नगर मैले झोलामा एक माना मास ल्याएको छ त्यो समाएर भिलाई राख, भोली तिमी म र भालु बुढाको सहस्यमय शब्द बुझ्दै बुढाको आग्रह अनुसार जुन जुन काम गर्न लगाये त्यही मात्र गरी रहिन बुढा बोल्दा पनि मृत्यपर्ला झै गुन गुन मात्र गरूी रहयो । रातभर बुँढालाई निद्रा परेन र भुतभुताई मात्र रहयो । त्यहाँ पछि बुढी भन्छे चिन्ता नगर मरे सँगै मरौला बाँचे सँगै बाँचौला अनि बुढा त खुशी भयो र भन्यो म भन्दा बुद्धिमान् तर बुद्धि पो रहेछ । गरीबी जिवन कतिसम्म बिताउनु पर्दो रहेछ जति दुख दिएर छँदा पनि त्यो भन्दा बढी दुख पर्ने रहेछ । बुढीले जाँतोमा सेलरोटी पकाउँदै गरेकी थिइन् बुढो पाक्छु र खान्छु भनी आशै आशामा बसेको थियो त्यति मात्र कहाँ हो बाटुली झन् छिटो गर्न लागेकी थिइ खाउला भनेर अनि तिनवटा सेल पाके बुढीले बुढालाई भने १/१ रोटी खाउ कि भनेर १ रोटी भालुलाई बाँकी राख्नुपर्छ । बुढाको मन २ रोटी खाने १ रोटीको बुढी र भालुलाई आधा-आधा दिने भन्यो । बुढीले त्यसमा ढिपी गरिरहिन् यति गर्दा पनि बुढा ले ३ वटै रोटी खाएदिएछ र पछुतो लागेछ भोली भालु आउने छ भनि हामीलाई जिउँदै खानेछ, भन्ने विचार गरी बुढो रन्थनिएछ अनि बुढीले भनिन् नखाउ भन्दा मान्नु भएन अब उपाय एउटा मात्र छ, भालु घरमा पुग्नु भन्दा पहिले नै भित्री राखेको चिन्डोभित्र लुक्नुपर्छ तब मात्र बाँच्न सकिन्छ नत्र बाँच्न सकिँदैन भन्दै झट्पट चिन्डो भित्र लुकेर बसे ।

भोली भालु घरमा आउँछ चारैतिर हेर्छ केही भेटाउँदैन बुढाबुढीलाई खोज्न थाल्यो तर भेट्दै भेटेन तर कतै राम्रो खाने कुरा छकि भनी खोज्यो त्यो पनि भेटाएन । बुढा र बुढी त धुर्त रहेछन् भन्दै रिसले आगो हुँदै घरभित्रको राम्रो बस्तु नलागि हुँदैन भन्ने सोच बनाए र घरभित्र पस्यो, कतै केही भेटाउन सकेन, चिन्डोलाई कौसीमा झुन्ड्याइरसहेको देख्यो, त्यही आफ्नो घाटीमा राख्दै हिड्यो बुढाबुढीलाई खुलदुली लागेछ र चिन्डोभित्र बरबराउन थाले । भालु विस्तारै जंगलतर्फ जाँदै थिउयो, जंगलमा काफल पारेको देखेछ र बच्चालाई काफल टिपेर लग्नुपर्छ र आफूले पनि खानुपर्छ भन्ने सोचेर रूखमा चढ्यो । रूखमा चढेपछि काफल टिप्दै चिन्डोमा राख्तै थियो भने काँचो काफल आफु नदिने विचार गर्थ्यो र बुढीबुढी जोरले झगडा गरिरहन्थे चिन्डोभित्र नै मानिसको आवाज सुन्नुले य खान्छु त पछि खालीस् भनेको सुन्दा चिन्डोलले मलाई खाने भयो अब बच्नुपर्छ भन्दै भालुले चिन्डो त्यही रूखमा फाल्दै जंगलतर्फ दौड्यो । बुढी र बुढा जमिनमा खसे र बुढा बुढी घरतर्फ लागे भने भालु जंगलमा नै रमाउन लाग्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : रामबहादुर बम्म, सुनकोट**

### ३.२३ एक राजा सात रानी

कुनै एक दरामा एक राजा थिए, उनका सातवटा रानी थिइन् । राजा सबै भन्दा प्यारी कान्छी रानीलाई मान्दा रहेछन्, राजाका कोही रानी बाट पनि सन्तान भएका थिएनन्, राजालाई दिक्क लागेको रहेछ । यसै अवस्थामा कान्छी रानीबाट बच्चा पाउने सम्भावना भएछ । राजाको बानी सधै शिकार खेल्न झाने रहेछ र सिकार खेल्न झाँदा पनि रहेछन् र अब रानीको पनि बच्चा हुने (सुत्केरी हुने) अवस्था आएछ र एकदिन राजा नभएका बेला रानीलाई व्यथा लागेछ, पेट दुखेछ, त्यो कुरा राजालाई बासा मात्र थाहा भएछ, फेरि छकाल भएपछि अझ राजा सिकार खेल्न झान लाग्दा रानीलाई लागेको व्यथाको बारेमा रानीलाई भेटी शोधपुछ गरेछन् । रानी बेली तिमीलाई व्यथा लागेछ, मैले रात मात्र थाहा पाएँ, म अब तिमी हिड्ने देला खि एउटा ठूलो घण्टी लगाई दिन्छु, रानी छक्क परिन् र राजालाई सोधी हालिन्, हजुरले यो के गर्नु भएको ? राजा भन्छन । रानी तिमीलाई केही भयो भने पेटमा व्यथालाग्यो भने यो घण्टी बजाइदिया अनि सुनेर म आउँला भनेर राजा बनतिर शिकार खेल्न गएछन् तर राजालाई अरू छ वटा रानीको कत्ति पनि विश्वास थिएन ।

एक दिन कान्छी रानी बाहिर झाने बेला ढोकामा कपाल ठोकेर घण्टी बजेछ, राजा त्यो घण्टी बजेको आवाज सुनेर रानीलाई के भयो भनेर घर आउनु भएछ, र घर आएपछि रानीलाई सोधेछन् के भयो आज तिमीलाई ? रानीलाई भनिछन्, मलाई केही पनि भएको होइन, म बाहिर झाादा कपाल घण्टीमा ठोकियो तसाइले घण्टी बजेको हो अरू केही भएको होइन भनि रानीले भनेपछि भोली पनि राजा शिकार खेल्न जंगल गएछन् अझ दिउँसतिर घण्टी बजेछ, त्यो घण्टी बजेको सुनेर फेरी राजा अझ घर आएछन र रानीलाई सोधेछन् आज के भयो ? रानीले केही पनि भएन बाहिर झाँदा खेरी बजेको हो भनि यसरी दुई तिन दिन सम्म दिउँस घण्टी बज्दो रहेछ, राजा शिकार खेल्ने ठाउँ बनबाट घर आउँदा रहेछन् तर रानीलाई केही भएको हुँदैन रहेछ । तर एक दिन भने साँच्चि नै रानीलाई व्यथाले चेपेछ, र रानीले घण्टी बजाएछन्, राजाले बेलीको जस्तै होला केही भएको छैन होला भनेर राजाले सोचेछन् र राजा आएछन् तर रानीले पटक पटक घण्टी बजाउँछिन् राजा भने आउँदैनन् । यसरी राजा नआएपछि ती दरबारमा भएकी अरू छ वटा रानी कान्छी रानीलाई के भयो भनेर उनको कोठामा आइछिन् र कान्छी रानीलाई के भयो भनेर सोध्छिन् सोधेको केही समय पछि कान्छी रानीले छोरा ( राजकुमार) लाई जन्म दिन्छिन् र वेहोस हुन्छिन् । पछि कान्छी रानी होसमा आउनुभन्दा अगाडि नै जेठी रानीले त्यो छोरालाई लिएर गोठमा फालेर एउटा ढुङ्गोमा रगत लगाएर ती सुत्केरी भएकी रानी नजिक राख्छिन् र केही समउपछि कान्छी रानीलाई होस आएछ र भनिछन्, बच्चा कहाँ छ ? अरूरानीले भनिछन्, तिमीले त ढुङ्गालाई जन्म दिएकी रहेछौ, लौ यही हो तिम्रो बच्चा भनेर ढुङ्गो दिएछन् । त्यो गोठमा फालेको बच्चा गाईको दूध खाएर बाँचेको हुन्छ । माहिली रानी गाई हेर्न भनि गोठ गइछन् र बच्चा जिउँदै देखेछन् । गोठबाट गाईको पोर्सो फाल्न लागिछन् र त्यो बच्चालाई पनि पोर्से । फाल्ने खाडलमा फालिदिएछन् र त्यो बच्चाले पोस्या किणा खाएर बाँचेछ । रानीहरू पोर्सोलाई खेतबारीमा फाल्न भनि नोकरहरूलाई काम गराई रहेकी हुन्छिन् त्यही बेला साहिँली रानीले त्यो बच्चालाई सिन्नाको झारमा फालिदिएछन् र त्यो सिन्नाका झारमा पनि त्यो बच्चा केही दिनसम्म बाँचेछ । त्यो राजाको दरबार भन्दा तल एउटा गाउँ रहेछ, त्यो गाउँमा एउटा बुढी आईमाई मागेर खाने गर्दिरहिछ, त्यो बुढी आइमार्य सिन्नु काट्न भनि सिन्नाको झारमा बच्चा देख्छिन् र त्यो बच्चालाई घर ल्याएछन् । ती बुढी आईमाईको घर कोही हुँदैनन् उनको घरमा खान लाउन पनि केही रहेनछ । ती बुढी आइमाई त्यो बच्चालाई घरभित्र राखेर ढोका लगाएर बाहिर गाउँलेलाई माग्न झान्छिन् । यसरी मागेर त्यो बच्चालाई घर भित्रै पालेर १० वर्षको बनाइछिन् र उसको नाम रमित राखिछिन् । रमितले १० वर्षसम्म बाहिर काँही धेकेको हुँदैन र त्यो घरको पाखाबाट एक सानो दुलोबाट रमित सुत्ने कोठामा उज्यालो आउँदो रहेछ, त्यही उज्यालोमा रमित दिउँस बसिरहदो रहेछ । एकदिन रमितले ती बुढी आमालाई म बाहिर जान्छु भनेर जिद्दी गरेछ र बाहिर गएछ । बाहिर झाँदा एक बच्चाले गुल्याली लेखिरहेको रहेछ, त्यो धेकेपछि बासा आफ्नी बुढी आमालाई गुल्याली किनिदेउ भनेर रोइकराई गरेछ र बुढी आमाले पनि दोकानबाट गुल्याली किनी ल्याई दिन्छिन् र रमित गुल्याली खेल्छ त्यही बेला पल्लो घरका मान्छेले बाहिर धान बिस्कुन हालेको रहेछ, त्यो बिस्कुनमा चणाहरू आएछन् र त्यही रमितले गुल्यालीले हान्दा

ती धान पोखिएछन्, ती धान पोखिएपछि त्यो पल्ला घरकी स्वास्नी मान्छेले गाली गरिछन् र तँ रानीको अपुतो छोरा भनेर झनै गाली गरेछन्, त्यो गाली रमित सुन्छ र त्यो आइर्माको नजिक आएर भन्छ, काकी तमुले के भन्नुभयो, म हजुरलाई एक पाथी धान दिन्छु भन्छ र भित्र जान्छ र सबै कुणा र मितले ती स्वानीको मुखबाट सुन्छ र आफुले भने बमोजिम एक पाथठी धान पनि दिन्छ ।

भोलिपल्ट एक अर्को मान्छे घोडामा चेढेर गइरहेको देख्छ र बेलुका बुढीआमालाई घोडा किनिदेउ भनेर भन्छ, बुढी आमा घोडा किन्न पैसा छैन भनेर काठको घोडा बनाइ दिन्छिन् । रमित काठको घोडासँग खेल्छ, असारको महिना रहेछ राजाको खेतमा रोपाइ चेलको रहेछ, रोपाईमा राजा सहित उहाँकी सातै वटी रानी पनि गएकी रहिछिन् त्यही बेला रोपाईमा आउने कुलो भाँचेर आफ्नो काठको घोडालाई पानी खुवाउँछु भनेर रमितले कुलो भाँची दिएछ ।

कुलो भाँचेपछि रोपाईमा बाधा परेछ र राजाले जेठी रानीलाई पानी काँ भाँचियो झ्ा हेरेर आ भनेर लाएछन् । जेठी रानी पनि कुलाको मूलमा आइछन् त कुलो रमितले भाँचेको । कुलो भाँचेको धेक्दा रानीले रमितलाई कुलो किन भाँच्यौ भनिछन् । रमितले भनेछ, म काठको घोडालाई पानी खुवाउँछु त्यसैले पानी भाँचेको हो भनेर भनेछ । रानीले भनिछिन् काठको घोडाले पानी खान्छ कस्तो कुरा र्छस् भनि रानीले भनेपछि रमित भन्छ तमुले मान्छेबाट ढुङ्गो यो भन्नु भएको रहेछ, के मान्छेबाट ढुङ्गो जन्मन्छ भनी रमितले उल्टै प्रश्न गरेछ । रमितले त्यसरी भनेपछि रानी केही नबोले र खेतमा गईछन्, राजाले सोधेछन् किन आएन पानी के भयाको रहेछ, रानीले म सक्दिन भनेछन् । अनि रानीले माहिली रानीलाई पानी लिएर आऊ भनि लाएछन्, माहिली रानी पनि सरासर गईछन् त रमितले पानी भाँचेर काठको घोडालाई खुवाउन लागेको धेकिछिन्, ताँपछि रानीले यो कस्तो मुर्ख मान्छे होला काठको घोडालाई पानी भाँचेर खुवाइरहेको किन भाँचिस् पानी काठको घोडाले पनि पानी खान्छ भनेर रानीले भनिछन् । ती रानीलाई पनि रमित जेठी रानीको जस्तै जवाफ दिएर फेर्ता पठाउँछ, यसरी राजाले ६ वटा रानीलाई लाएछन् ती सबैलाई यस्तै जवाफ दिएर फेर्ता लाएछन् । अनि अन्तिम कान्छी रानीलाई पानी लिएर आउ भनी लाएछन् र कान्छी रानी पनि सरासर गईछन् र भनिछन् बाबु काठको घोडाले पनि कहाँ खान्छ, काठको घोडाले पानी खाएको काँ धेक्यौ भनि भन्छिन् रमित भन्छ ! तपाईंले ढुङ्गाको बच्चा जन्मेको का धेक्यौ भनेर रमित ताँबाट हिड्छ र रानीको आँखाभरि आँशु आउँछ । रानी केही बोल्न नसकि खेतबारीमा फर्किन्छिन् । ताँपछि राजालाई ताँ कुलामा भएका सबै कुणा राजालाई भनिन् ।

ताँपछि राजा र रानी दुवै त्यो बच्चा कहाँ छ भनि खोज्न झान्छन्, त्यहाँका सबै मान्छेलाई सोच्छन् त्यो बच्चा काँ छ भनि । त्यहाँ भेटिएका मान्छे कोही भन्छन् या ँतिर गयो, कोही भन्छन् उहाँतिर गयो, यसरी खोज्दै झाँदा रमितलाई भेटाएछन् र रमितलाई पाल्ने बुढी आमालाई पनि सोधेछन र राजाले रानीहरूले गरेका सबै व्यवहारहरू थाहा पाएछन्, रमित घर भित्र बसेको हुन्छ । बुढी आमा र राजा रानी रमितलाई भेट्न आउँछन्, रमितले आफ्ना बुबा हुन भनेर अगाडि चिनिसकेको हुन्छ, बुबा आमा भित्र आउँदा, ढोग दिन्छ, ताा भित्रबाट राजा, रानी, रमित, बुढी आमा सबै दरबार झान्छन् । ताँपछि राजा अरू ६ वटा रानीलाई के सजाय दिने भनि राजकुमार रमितलाई सोध्छन्, राजकुमार रमित अब सजाय केही नदिने भनेर रमितले भनेपछि राजाले सबै रानीलाई माफी दि आजबाट यस्ता काम नगर्नु भनि राजाले भनि सबै परिवार सुखसँग बसेछन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

**संकलन स्रोत : काशी जोशी, धमेना**

## ३.२४ देवताको वरदानबाट छोरा पाए

धेरै पहिलेको कुरा थियो, सुनिकोट भन्ने ठाउँमा विशु नाम गरेका राजा थिए, तिनका भाना र कुवेर नाउँ गरेका दुई छोरा रहेछन् । भाना भन्ने जेठा र कुबेर भन्ने कान्छा थिए । यसरी दिन बित्दै जाँदा विशु राजा मरेछन् र भाना भन्ने राजा भएछन् र कान्छा कुवेरलाई सन्तुष्ट पारी भानाले राजकाजको काम गरेछन्, ती राजाले राज्य गर्दा खेरी मष्टा देवताको अपमान गरेका रहेछन् त्यही कारणले तिनका छोरा सन्तान केही भएका थिएनन् रानीका गर्भमा बच्चाहुँदै ५/६ महिनामा नै ती

बच्चा मरेर आउँथे र यसरी अब राजकाज हामीले कसरी गर्ने हामी पछि राज्य कसले गर्छ भन्ने चिन्तामा परेछन् । यसरी रानीको उमेर जाँदै गर्दा उनको रजस्वला बन्द हुन गई गर्भिणी नहुने भइछिन् ।

राजाले राजकाज गर्दा राजाको हुकमीबाट मष्टा देवलाई गोठमा थुनेका थिए त्यही कारणले छोरा पाउनुमा मात्र होइन अन्य सबै कुरामा दुःख पाएका थिए, त्यही दुःखका कारणले राजाले कति शान्ती गरे कति पुजापाठ गरे । केही दुःखका कारणले राजाले कति शान्ती गरे कति पुजापाठ गरे । केही गरेपनि राजाको दुःख पीडा राम्रो भएन र राजा चिन्ता मान्दै गए राजा र रानी दुवैलाई साठी वर्ष नाघी सकेछ । अनि यस्तो अवस्था भएपछि राजा र रानी दुवै देवलमा गएर देवी र केशरीको भक्ति गरेर विधि विधानका साथ आराधना गरेछन् निराहार गरेछन् र छोराको वगर पाउँ भनी बरदान मागेछन् र रानीले धेरै दुःख कष्ट गरेपछि लाँकुडा अवतार भइ राजारानीसँग कुरा गर्न लाग्योछ । र मेरा बचनले छोरा अवश्य होला छोरा भएपछि यहाा फेरी आउनु तिमी सँग मेरा सम्बन्ध गर्ने इच्छा छ अनि पछि म तिमीसँग वार्ता गरूला भनेर लाँकुडा देवले राजालाई भनेछ र फेरी भनेछ टाउकोमा चिन्ह भएको एकपुत्र जन्मने छ त्यसैले सबै राज्य गर्ने छ भनेछ । अनि राजा खुशी भए लाँकुडालाई प्रदक्षिण गरी आफ्नो ठाउँमा फर्केछन् ।

अनि रस्वलाबन्द भएकी रानी लाँकुडा देवको बरदानका कारण रजस्वला भइन्, त्यसै अवसरमा गर्भधारण भई राजा र रानी हर्षले खुशी भएर बसे । ताँपछि दश महिना पुग्यो छोरा जन्मियो राजाले हर्षले खुखशी भई आफ्ना पाली प्रजा डाकी उत्सव बनाउँछ ।

भएछन् र छोराको नाम शक्तिराखेर नाम करण गरेछन् हुनु पनि लाँकुडाले भनेझै टाउकोमा सेतो सिगारो चिन्ह भएको रहेछ त्यसपछि राजा लाँकुडा केशरी देखि खुशी भई रानी छोरा र भाइलाई साथमी लिइ, पुजाको सबै सरजाम तयार गरी देवलमा आए ।

ताँपछि राजाले बाहुन बोलाई होमपाठ गराई सबै आफ्ना शुभचिन्तकलाई बोलाई पुजा गरे । राजाको पुजादेखि खुशी भई केशरी अवतार भई ती छोरा अगाडि ल्याउ भनी राजालाई मागी काखमा लिइ ती पुत्रलाई काखमा नचाइदिएछन् । फेरी भाना, कुवेरलाई बोलाई हे राजनन् मैले तिमीलाई पुत्र दिया मैले तपाइँसँग ठूलो सम्बन्ध लिया भनि भनेछन् । ताँपछि अब तपाइँले प्रत्येक पर्वहरूमा बली चढाइदिनु, तिम्रो कुलको मान्छेले बस्त्र र गहना पनि पहिराई दिनु भन्ने सत्य कबोल गर भनेर केशरीले राजालाई भनेछन् ।

ताँपछि राजाले छोरा पाएको खुशीमा सुनको कटारो दिएछन् केही जग्गा गुठी चढाई लाकुडाले भने झै उहाँले भनेको सबै कुरा पुरा गरि दिएछन् र उसदिन देखि सम्पूर्ण राजाका ती सन्तानहरूले छोरा दिने वंश दिने भनि पिता मह भनेर पुजा गर्छन् र यही सम्बन्ध जोडेर राजा आफ्नो दराबर कहाँ फर्केछन्, त्यसपछि ती पुत्र झन् झन् बढ्न थालेछन् र जवानी भएछन् ती राजा मर्न गएछन् । राजमरेपर्छा ती शक्ति नाम गरेका राजकुमार राजा भएछन् । देवताका बरदानबाट भएका ती शक्ति भन्ने राजा आनन्दले राज्य गर्दा भएछन् र केही वर्षपछि ती शक्ति राजाका सारी नाम गरेका पुत्र जन्मेछन्, ती अत्यन्त प्रतापी बलवान् सबै राजाहरूमा आफ्नो वंशमा निकै शक्तिशाली भएर राज्य गरेछन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

**संकलन स्रोत : हर्कबहादुर बम, सुवेडा**

### ३.२५ माल बाखाको लोककथा

रमेश बहादुर नाउका एक जना गरीव व्यक्ति थिए । उनका एउटा छोरा र एउटा छोरी थिइन् । छोरा छोरीलाई ४/५ वर्षको उमेर भइसकेपछि आमाको अकस्मात् मृत्यु भयो । अनि घर धन्दा चलाउन मुश्किल भयो र उसले दोस्रो विवाह गर्‍यो । समय वित्दै गयो र उसकी कान्छी श्रीमतीबाट पनि ३/४ छोरा छोरी भए र रमेश बहादुरलाई आर्थिक बोझ भयो । केटा केटीलाई खान लाउन समस्या भयो उहाँपछि उ धन कमाउन भारततिर गयो प्रदेशजाँदा उसले आफ्ना छोरा छोरीलाई भारतबाट के के

ल्याउँला भनी सोध्यो । सबैले आफू-आफुलाई चाहिने लुगा-कपडा खानेकुरा ल्याइदिनु भन्यो, तर जेठी पट्टिका छोरा विमल र छोरा रमिलाले केही ल्याउन पर्दैन भयो भन्यो । ताँपछि फेरी रमेश बहादुरले सोध्यो उहाँपछि उनीहरूले हामीलाई माल बाखा ल्याइदिनु भन्यो । यी सबै कुराको बचन खाएर रमेश बहादुर प्रदेश तिर गएछ ।

रमेश बहादुर प्रदेश धेरै वर्ष बस्यो, धेरै धन सम्पत्ति कमायो, घर आउँदा सबै छोरा छोरीलाई लुगा कपडा, खानेकुरा, धन सम्पत्ति र माल बाखो समेत लिएर आयो, भनेको माल सबैलाई बुझाइ दियो ।

जहिले पनि घरमा सौतेनी आमाले आफ्ना छोराछोरीलाई राम्रो र टन्न पेटभरि खानेकुरा दिन्थिन् भने सौतेनी छोरा विमल र छोरी रमिलालाई पेटभरि खान पनि नदिने त्यही पनि जौ को रोटो मात्र दिने गर्थित् । आफ्ना छोराछोरीलाई विद्यालय पठाउँथिन् भने सौतेनी छोराछोरीलाई बाखा चराउन बनतिर लाउँथित् । विमल र रमिला घरमा पेटभरि खान नपाएका कारण एक असाध्य भोक लोगछ र ती दुवै भाइ बहिनी रून, कराउन लागेछन् र मालबाखालाई दया लोछ र भनेछ बालक तिमी मेरो बाँया सिङ फुकाल अनि के खाने मन लाग्यो त्यसै सिङलाई माग खाना दिन्छ भन्यो । ताँपछि बालकहरूले पनि त्यसै गर्‌यो र खाना माग्यो र सिङले र पुरा मीठो खानेकुार दियो, दुवैले खाए र घर आए यस्तै खाना खाने कुरा त्यसै सिङबाट प्राप्त भयो । जसले गर्दा विमल र रमिला निकै मोटा घाटा भ एभने सौतेनी आमाका छोरा छोरी दुब्ला पातला भए । अनि आफ्ना छोराछोरीहरू दुब्लाएको र सौतेनी छोरा छोरी खुब मोटाएको देख्ता उसलाई आश्चर्य लाग्यो । आफ्नो छोरी छोराले राम्रो खानेकुरा खाएर पनि दुब्लाउन उनीहरूले पेटभरि नखाएर पनि मोटाउनु भन्ने सौतेनी आमालाई लाग्यो र सौतेनी छोरा विमललाई फकाई फुल्याई सोध्यो, तिमी के खान्छौँ ? विमलले भनि हाल्यो हामी भात बाखाको सिङबाट दिने खाना खान्छौ यसो सुन्दा सौतेनी आमाले आफ्ना छोरा छोरीलाई बाखा चराउन लायो । रमिला र विमललाई घरमै राख्यो ।

विमल र रमिलाले भने जस्तै गरी बाखो चराउन गएका केटा केटीलाई भोक लाग्यो र ति केटाकेटीले माल बाखा भन्यो, यस्तो भनेको कुरा माल बाखाले सुनि मेरो दायाँ सिङ फुकाल भन्यो, दाँया सिङ फुकाल्नसाथ त्यहाँबाट अरिङगल भ्वाँ-भ्वाँ गरि निस्केर केटोकेटीहरूलाई टोकी दियो । केटाकेटी रूदै घर फर्के । झट्ट हेर्दा केटाकेटी मोटाएजस्तो देखेर खुशी भइन् तर उनीहरूको घटना सुन्दै झाँदा अरिङगालले टोकेको थाहा पाएपछि आमालाई सहिन सक्नु री उठ्‌यो ।

ताँपछि सौतेनी आमाले एउटा जाल रचिन् केरचिछिन् भने त्यो गाउँमा एउटा ज्योतिष थियो त्यो ज्योतिषलाई पैशा दिएर तिम्रो त्यो बाखो तिम्री श्रीमतीको औषधीको लागि मार्नुपर्छ भन्न लगाउनु पर्छ त्यसपछि बाखा मर्छ, ताँपछि विमल र रमिला दुब्लाउने छन् दुःख पाउनेछन् । केही बेर पछि उसको श्रीमान् घरमा आएछन् र आफ्नो बाखोलाई मार्ने प्रसताव राखिछिन् र मेरो विश्वास नमाने ज्योतिष कहाँ झाउँ त्यही सबै कुरा थाहा पाउनुहुन्छ भनेर ज्योतिषकहाँ लिएर गइछ । ज्योतिषले पैशा खाएको भयो उसले तपाइको श्रीमतीको औषधी अर्नको लागि माल बाखो मार्ने पर्छ नत्र तिम्री श्रीमती मर्न सक्छन् भनेर भन्यो अब रमेश बहादुर पनि एक श्रीमती मरेर दुःख पाएको भयो उसले पनि त्यो बाखोलाई मार्न सहमत भयो । ताँपछि यी कुराहरू सबै रमिला र विमलले पनि थाहा पाएछन् र माल बाखालाई अब बाखा तिमीलाई मार्ने षड्‌यन्त्र भइ सक्यो अब के गरू भनेर बाखालाई सोधछन् । माल बाखाले अब ती दुष्टहरूले मलाई मार्छन् ठीकै छ तर तिमी दुवैले मेरो सामु नखानु, असले खाए र छोडेको हड्‌डी टिपेर खाडलमा खड्‌याइ राख्नु भनेर बाखाले ती दुवैलाई सम्झाएछ । ताँपछि केही दिनमै बाखालाई मारिदियो, सबैले मासु खाए । विमल सानो हुँदा बाखाले भनेको नमानी उसले पनि मासु खायो तर रमिलाले भने रूदै अरूले खाएको मासुका हड्‌डी टिपेर खाडलमा खड्‌याई राखिन् र विमलले बाखाको मासु खाएको हुँदा सुनको सर्प हुन पुग्यो । रमिलालाई साहै अफ्ठ्‌यारो भयो, अब मैले मेरो भाई कसरी चिन्ने भनेर उनले चाँडै चिन्न सकियोस् भनेर टीका लगाइ दिइन् ।

जहाँ रमिलाले बाखाका हड्डी रोपेका थिए त्यस ठाउँमा सुनको खम्बा बनेछ, तर त्यो सुनको खम्बालाई कसैले हल्लाउन नसक्ने र काट्न पनि नसक्ने भयो भने रमिलाले अलिकति औला लाउँदा पनि ढल्ने गर्दथ्यो ।

भाई बाखाको मासु खानाले सुनको सर्प भई विभिन्न सर्पहरूसँग गई एउटा ठूलो सर्पको समूहभित्र दुलामा गयो । यस्तो अवस्था आफ्नो भाइृ सर्प भएकोमा रमिला रून लागिन् । उनी रूदा रूदै आसुले एउटा खोलो नै बन्यो । तिर्खाएका शिकारीले त्यो आँसुको खोलामा पानी खाएछन् त्यो पानी एकदम नूनिलो भएकोले शिकारीहरू त्यसको मुहान नजिक आए त्यहाँ एउटी केटी रोइरहेको र उसैकै आँसुबाट खोलो बनेको देखे । यसो गरी किन रोइरहेको भनेर ती शिकारीले केटीलाई सोधेछन् । अनि केटीले सबै घटनाहरू आफ्नो र आफ्नो भाईको बतायो मेरो भाई सर्प भएर दुलामा गएको छ, त्यसलाई बाहिर निकाली दिनुपर्‍यो भनेर शिकारीलाई अनुरोध गरिन् र शिकारीले पनि सोही बमोजिम त्यो दुलामा बाण हानी सर्प बनेको विमललाई बाहिर निकाले सम्पूर्ण सर्प बाहिर आउँदा रमिलाले त्यो टीका लगाएको सर्प मेरो भाई भनिन् र सिकारीले त्यस सर्पलाई वाण हानी चार टुक्रा पारिदियो अनि रमिला खुशी भइन् । अन्तमा सुनको खम्बा, रमिला, विमललाई शिकारीले आफ्नो घरमा लिएर राख्यो ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला ।

**संकलन स्रोत : जन्मजय जोशी, पणेस**

### ३.२६ मान्छे राक्षसको कब्जामा

धेरै वर्ष पहिलेको कुरा हो, काँडा गा.वि.स. अन्तर्गत धलौन भन्ने ठाउँमा बोहराहरूको बस्ती थियो, अचेल पनि त्यो बस्ती छदैछ, एकजनाको घरमा दुई भाइहरू रहेछन् । मसीरको महिना जो खेती पातीको काम गहुँ, जौ बुने गरिन्छ, त्यही समयमा एक जनाका परिवारका जेठा र कान्छा भाई बिहानै उठेर गोठबाट गोरू निकालेर गहुँ, जौ बुन भनी खेतबारीमा गएछन् र ती दुई दाजुभाईहरूले दिनभरी बाने, बुने काम गरेछन् बेलुका अध्यारो हुन सम्म ।

ताँपछि खेतबारीको काम अरी रात पर्ने बेला भएपछि बल्ल (गोरू) खुएर घर आएछन्, तिर्खा लागेको रहेछ, पानी खाएछन् र एकछिन चुरोट तमाखु खान लागेका रहेछन् । त्यही बेलामा जेठा दाजुले भनेछन्, भाई हलौणो ल्याइ कि ल्याइन भनी सोधेछन्। कान्छाले भन्यो छ

दाई मँ त भुलिसके कहाँनिर थियो त्यो पनि मलाई थाहा भएन भाई । हलौणो त लइ आउनु पर्‍यो नत्र भने राती स्यालले वा अरू कुनै जन्तुले लिइ दिन्ना झाउ । अहिले ल्याउन लाएछन् । दाजुले भनेपछि भाई पनि सरासर गएछन् । त्यहाँनेर अरू कसैका घर पनि थिएनन् गाउँ अलि टाढा थियो । अकस्मात के भएछ भने त्यो मान्छे हलौणो समाउन लाग्दा ठीक अगाडीबाट राक्षस आएर त्यो मान्छेलाई समाई आफु बस्ने ठाउँतिर लिन लाग्यो छ । त्यो मान्छे मलाई राक्षसले लियो आउ बचाउ, बचाउ भन्दै रूदै कराउन थालेछ ।

त्यसपछि राती ९/१० बजेसम्म पनि त्यो मान्छे नआउँदा उसका दाजु लगायत परिवारलाई चिन्तालागेछ, राती अबेर भइसकेको हुनाले खबर गर्न सकेनछन्, विहान भएछ, गाउँ घरमा सबैलाई खवर गरेछन् हिजो रातीतिर मेरो भाई खेतितिर हलौणै लिन् भनि गयो, त्यो फेर्ता आएन अब के गर्ने भनी रूँदै मान्छेलाई खोज्न लाग्दा पनि पाउन सकेनन् ।

अनि त्यो मान्छेलाई वारिबाट विचमा पर्ने एउटा गर्ने गाड भन्ने ठाउँ छ, त्यो गाड तराएर पारी लगेछ त्यो पारी पुगेपछि ठूलो पण (चट्टान) उकालो रहेछ, त्यो ओकालोमा त्यो मान्छेलाई लिन सकेनछ, ताँपछि त्यो मान्छेलाई तहरा, डोरीले बाँने र राखेछ र उसको घरपरिवार त्यो पण (चट्टान) को टुप्पोमा रहेछ, त्यही गएर एउटा मोटो डोरी (लणो) रूखमा बानेर तल जो त्यो मान्छे बाँनेको छ । त्यही फाल्योछ र राक्षस पनि अब त्यो मान्छेलाई पिलन भनी तल आएछ, त्यत्ति हुँदासम्म डरले बिचल्लीमा परेको मानिस, आफूलाई बाँनेका डोरी, लहरालाई खुसाएर भाग्यो छ, भाँग्दा त्यो मान्छेले गाड तरेर बारी

त आइसकेको रहेछ, पछि पछि त्यो मान्छे छोप्न भनी राक्षस पनि दौडदै पख, पख भन्दै आएछ, र त्यो मान्छेलाई छोपेर फेरी गर्ने गाड तराएर आफ्नो घरतिर लिन लाग्यो छ । यसरी लिन लाग्दा पहिला त्यो पणमा उकाल्न नसकेपछि लणो (डोरी) बाट तान्दै माथितिर लिएछ र माथि राक्षसको बासस्थान रहेछ । भोलि दिउँसो त्यो राक्षस बाहिरति गयोछ । त्यो मान्छे हेर्ने जिम्मा आफ्नी बुढी आमा र छोरी लाइदिएछ । यसरी त्यो मान्छेलाई निकै डर लागेको रहेछ, मलाई कतिबेला मार्ने हुन भनेर । ताँपछि बेलुकातिर त्यो राक्षस आएछ, विभिन्न प्रकारको मासु ल्याएर त्यो मान्छेलाई पनि मासु खान्छ र भनी सोधेछ, त्यो मान्छेले खाँदैन भनेछ, अनि तेस्रो दिनमा फेरी राक्षस घरबाट बाहिर गयो, उसकी आमा त्यो दिनमा त्यो मान्छेको रेखदेखमा नबसी बाहिर गई छ, उसकी छोरी मात्र मान्छेको ड्युटीमा काँही भाग्छ भनेर बसिछ र भनिछ, गाणु भन्ने काँप गाये अआएपछि त मारि दिन्या थियो अब कति बसिसकु भनेर त्यो राक्षसनी भन्न थालिछ । अब त मान्छेलाई मार्छन् भनेर झन् डर लागो छ, अचानक त्योराक्षसकी छोरी पनि त्यहाँबाट अर्को टाढा गर्दछ, त्यही मौका पारेर त्यो मान्छे जो उसलाई लिनको लागि लणो ( डोरी) बानेको थियो, त्यही लणो (डोरी) बाट तल ओर्लेर भाग्यो छ र त्यहाँबाट गर्ने गाड्वाटवारी आफ्नो गाउँतिर र दौडदै थियो, त्यो राक्षसनी घर आउँदा त्यो मान्छे भागेर गएको देखेछ, अनि त्यो राक्षसनी करदै, गर्जदै त्यही डोरी (लणो) बाट तल ओर्लेर पछि पछि आउ दै थिइ अगाडि अगाडि मान्छे डरले कराउँदै गाउँ नजिक पुगी ए दाजुभाई मलाई बचाउँ पछि पछि मलाइ मार्न राक्षसनी आएकी छ बचाउ भन्दै घरतिर हिड्यो, गाउँलेलाई अचम्म लागेछ अस्ति खेतबारीबाट हलौणो आन्न गएको हो त्यो आज रूदै करादै राक्षसको समाजबाट भागे र आयको हो भनि गाउँलेले पनि चकिन माने सबै गाउँले जम्मा भए, त्यहीका घर नजिक बन्धुक, तरबार, भालु, भुत्या समाय र सबै एक ठाउँमा बसे ताँपछि त्यो मान्छेलाई छोप्न अगाडि अगाडि राक्षसनी पछि पछि राक्षस पनि गर्जदै त्यहाँ आइपुग्यो । मान्छे पनि सबै जम्मा भएको डरले राक्षस त्यहाँबाट भागेर गयो तर त्यो राक्षसनी भने भागिन् । ताँपछि त्यो मान्छे घरभित्र गएर आफ्ना घरका मान्छेलाई अगाडि भएको सबै कुरा भन्न लाग्यो । म हलौणो समाउने बेला राक्षस आयो मलाई त्यहाँबाट समाएर लग्यो, ताँबाट लिँदा लिँदा गर्ने गाड तरायर पारी लियो, ताँपछि त्यो पणम्मो लिन नसकेर मलाई त्यही बाँनी राखेर उ माथि गयो, त्यही बेला म भागेर गर्ने गाड बारी सम्म पुगेको थिए, फेरी आएर मलाई त्यही लग्यो पणम्मो लिन नसकेको ठाउँमा एक डोरी (लणो) झुन्ड्याएर मलाई त्यसै लणामो तानेर माथि लग्यो, ताँमाथि उसको परिवार रहेछ, राक्षस दिउँसो भाग्ने उसकी बुढी आमा र छोरीलाई मलाई माग्छ भनी डूयुटीमा राख्यो, एकदिन तेइसकी आमा र छोरी भागेको मौका पाएर मैले त्यही लणा (डोरी) बाट तल ओर्ली आया म बाटोमा आउँदै गर्दा उसकी छोरी मलाई छोप्न गर्जदै अगाडि र त्यो राक्षस गर्जदै पछाडि आयो भनेर पहिले भएका सबै कुरा भन्न लाग्यो ।

घरमा जम्मा भएका मान्छेले त्यो राक्षसलाई खेदाउन सकेछन् तर राक्षसनीलाई सकेनछन् उ त त्यो मान्छेको घरको अगाडि बसिरहिछ, यसरी रात जाँदै गर्दा त्यो मान्छे मध्य रातपछि मरिहालेछ, त्यही विहान राक्षसनी वसेकी ठाउँ अथाृत् त्यो राक्षसनी ढुङ्गोमा परिणत भइछ, अहिले पनि त्यो ढुङ्गा यथावथ छ र राक्षसकै रूप जस्तो छ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

**संकलन स्रोत : ध्वजराज जोशी, काप्रीकोट**

## ३.२७ धामीले राक्षसको भूत खाए

लगभग एक सय वर्ष अगाडिको कुरा हो । धुली भन्ने गाउँमा एउटा धामी रहेछन्, ती धामीमा निकै शक्तिशाली देवता भनेको कुरा पनि सबै मिल्ने रहेछ । धामी देवताका मठ मन्दिरमा साक्षात् देवताका रूपमा अवतार लिन्थे ।

एक दिनको कुरा हो, धामीका आफ्ना घर नजिकै सानो जग्गा थियो, त्यो जग्गामा विभिन्न रूखहरू थिए झारपातहरू थिए, त्यहाँ धामीले त्यो जग्गामा भएका रूखहरू, झारपात सबै काटेर खेती गर्ने विचार गरेछन्, धामीले त्यो जग्गाका रूखहरू र, लहरा झारपात काटेर, त्यहाँ भएका सबै

ढुङ्गाहरू उटेलेर जग्गा राम्रो खेती योग्य बनाउन थालेछन् । ती धामी त्यो जग्गामा काम गर्न लाग्दा उनको वरिपरि, बाखाको एक सानो पाठो आउँथ्यो तर धामी समाउन लाग्थे, त्यो पाठा छोप्न सक्दैनथे । धामीकै जग्गामा एउटा ढुङगाको ओढार थियो, ती धामी यसरी दिनका दिन त्यो जग्गालाई खेती योग्य बनाउन भनी सधै आउँथे । र एक दिन ती धामी दिउँसो काम गरेर राती घर गएछन्, खाना खाएछन् र सुतेछन् । सुतिकेको तीन चार घण्टापछि धामीलाई पसपना भएछ, कस्तो सपना भने एक जना राक्षस आएर हात जोड्दै हजुर तपाईले जग्गा बनाउँदा मलाई ठूलो डर लाग्यो, मलाई केही नगर्नु होला मैले हजुरलाई एक पाठो दिएको छु भन्यो छ ।

ताँपछि धामी फेरी भोली विहान खाना खाएर त्यही जग्गामा आएछन् त्यो जग्गामा फाँडेका रूख झारपात आगो लगाएर पोलेछन् । झारपातमा आगो लगाउँदा धामीको लुगा कपडामा कालो खरानी लागेछ । त्यसपछि कालो खरानीलाई सफा गर्न धामीले त्यहाँ नजिकै भएको पानीको धारामा हण र लुगा धुएछन् । धामीलाई चिसो लाग्यो छ, अनि धामी त्यो ओढारको माथितिर पणेछन् घाम तापेछन् आफ्नो टाउकोमा भएका केशहरू सबै फिजाएर जब ढुङ्गामा पल्टेछन्, त्यही ढुङ्गाको तल ओढारमुनि एउटा राक्षसको बासस्थान रहेछ, ती धामीमा देवताले साक्षात् अवतार लिएको हुनाले त्यो राक्षस डराएछ र गर्जी गर्जी करान लागेछ । ताँपछि धामी ताँबाट ओर्लेर आएछन् ओढारमा हेरेछन त्यहाँ केही पनि छैन, अनि धामी के हो भनेर एकछिन छक्क परेछन् र सधैँको जसो गरी धामी जग्गा वरिपरिको ढुङ्गामुढा फाल्न लागेछन् । धामी काम गर्दै गर्दा सधै आउने त्यो बाखाको पाठो पनि आएछ र धामीले त्यसलाई छोपेछन् र घर आनेछन् ।

यसरी त्यही दिनको राती धामी सुतेपछि अर्को सपना देखेछन् । त्यो सपनामा राक्षसले के भन्यो छ भने हामी त्यो जग्गामा बस्न नसक्ने भयौ मेरा लाला बाला डरले धेरै चिन्ता मान्न लागे मैले एक पाठो समेत दिइसके । सपनामै धामीले भनेछन्, तेरा एक पाठाले के हुन्छ अर्को पाठाो पनि दिनुपर्छ नत्र भने म छोड्दैन । राक्षसले भन्यो छ, म अर्को पाठो पनि दिउँला तम्रा कुनै पनि सन्तानका विरूद्धमा लाग्ने छैन भन्दै रूदै कराउँदै धामीलाई विन्ती गर्न लागेछ । यसरी हुँदाहुँदै धामीको निन्द्रा खुलेछ । विहान भएछ । अनि खाना खाएर फेरी त्यही खेतमा गएछन् र बाँकी रहेका सबै ढुङ्गामुढा फाल्न लागे छन् र त्यो जग्गालाई खेती गर्न समथर बनाउन थालेछन् । यसरी ती खेत बनाउँदै गर्दा फेरी अर्को पाठो आयो छ । त्यो पाठो जहाँ धामी काम गर्छन्, त्यही वरीपरि घुम्न लागेछ । धामीले त्यो पाठोलाई समाउन धेरै प्रयास गरेछन् तर सकेछन् तर अन्तिम प्रयास गर्दा धामीले त्यो पाठो समाउन सकेछन् र त्यो पाठो लिएर घर फर्केछन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

**संकलन स्रोत : करन खडका, साइँलाबगर**

# चौथो परिच्छेद

# बभ्फाङी लोककथाको वर्गीकरण र विश्लेषण

## ४.१. बभ्फाङी लोककथाको वर्गीकरण

नेपाली लोककथाको क्षेत्रमा विभिन्न अध्ययन भइरहेका छन् । बभ्फाङ जिल्लाको लोककथाको क्षेत्रमा हालसम्म अलग्गै छुट्टै अध्ययन भएको छैन । अतः यस परिच्छेदमा बभ्फाङ जिल्लामा प्रचलनमा आएका लोककथालाई वर्गीकरण गरेर तिनको अध्ययन विश्लेषण गर्नु सान्दर्भिक ठहर्छ । मोटामोटी रूपमा बभ्फाङ लोककथालाई यसरी वर्गीकरण गरेर देखाइएको छ । विषयका आधारमा १. पशुपक्षीका लोककथा २. दैवी लोककथा ३. साहस तथा बहादुरीका लोककथा ४. धार्मिक पौराणिक लोककथा ५. मानवका विशेष स्वभाव र प्रकृतिका लोककथा ६. सांस्कृतिक-ऐतिहासिक लोककथा ७. अतिमानवीय रूपका लोककथा ।

### ४.१.१ पशुपक्षीका लोककथा

विभिन्न पशुपक्षी सँग सम्बन्धित लोककथाहरू यस शीर्षक अर्न्तगत पर्दछन् । पशुपंक्षीले पनि मानिस सरह बोल्ने र क्रियाकलाप गर्ने गरेको कुरा यी कथाहरूमा आएको पाइन्छ । यहाँ संकलित लोककथामा पशुपक्षी विषयकका लोककथा **सुगा चणाको बात, कुकुर-बिल्लाको बात, माल बाखाको बात** आदि रहेका छन् ।

### ४.१.२ दैवी लोककथा

देवी देवता र उनीहरू सँग सम्बन्धित लोककथाहरू दैवी लोककथा अर्न्तगत पर्दछने । यस्ता लोककथामा **लाँगा देवताको बात, जालपादेवीको बात, सुर्मादेवीको बात, देवताको वरदानबाट छोरा पाए** आदि पर्दछन् ।

### ४.१.३ साहस तथा बहादुरीका लोककथा

विभिन्न मानिसहरूले गर्ने साहस तथा बहादुरीपूर्ण कार्यसँग सम्बन्धित कथाहरू साहस तथा बहादुरीका लोककथा हुन् । यस्ता लोककथामा **राँगो र दलबिरया, भाग्यमानी भाइबैनी, बुद्धिमान बुढाबुढी** आदि पर्दछन् ।

### ४.१.४ धार्मिक लोककथा

धर्म र पुराणसँग सम्बन्धित कथाहरू धार्मिक लोककथा अन्तर्गत पर्दछन् । मानिसहरूलाई धर्म र पुराण सम्बन्धी ज्ञान दिने यस्ता कथाहरू भन्ने प्रचलन पाइन्छ । यस्ता कथामा **पाले पुण्य मारे पापा, नभ्फाने गाउँको बाटो नसोध्नु, कसाइ र शिक्षक** आदि पर्दछन् ।

### ४.१.५ मानवका विशेष स्वभाव र प्रवृत्तिका कथा

मनिसहरूले गर्ने विभिन्न क्रियाकलाप र सो क्रियाकलापका क्रममा देखाउने स्वभाव र प्रवृत्ति भएका लोककथाहरू मानवका विशेष स्वभाव र प्रवृत्ति अर्न्तगत पर्दछन् । यस्ता लोककथामा **सत्यको विजय, लामो चुल्ठीको बात, बाहुनले पाएको न्याय, सिलिङ्ग्या डालीको बात, झुटो गर्दा दुःख पाउनु, बाबु चेलाको बात, दिदी नहुँदा भाइको बिचल्ली, गरीबलाई दुःखको बात, धर्म राख्यो भने भेट हुन्छ** आदि हुन् ।

### ४.१.६ सांस्कृतिक ऐतिहासिक लोककथा

इतिहास संस्कृतिसँग सम्बन्धित लोककथाहरू सांस्कृतिक ऐतिहासिक अर्न्तगत पर्दछन् । यस्ता लोककथामा **राजकुमारीको भ्यागुतोसँग विवाह, एक राजा सात रानी** पर्दछन् ।

### ४.१.७ अति मानवीय पात्र भएका लोककथा

अति मानवीय पात्रहरू हुने लोककथाहरू अति मानवीय पात्र पर्दछन् । यस्ता लोककथामा **धामीले राक्षसको भूत खाए, नौमुखे राक्षस, मान्छे राक्षसको कब्जामा** पर्दछन् ।

## ४.२ विश्लेषण

बझाङ जिल्लामा प्रचलित लोककथालाई विश्लेषण गर्दा लोककथाका तत्त्व कथानक, पात्र, परिवेश, उद्देश्य, उद्देश्य, भाषाशैली र निष्कर्षका आधारमा गरिएको छ ।

### ४.२.१ लागा देवताको बात लोककथाको विश्लेषण

लगा देवतको बात लोककथा बझाङ जिल्लामा प्रचलित धार्मिक लोककथा हो । यसामा लागा देवताको कार्यका बारेमा वर्णन गरिएको छ । यो कथा आस्था र श्रद्धाका साथ भन्ने गरिन्छ । यो निकै प्रसिद्ध लोककथा हो ।

(क) **कथानक**

प्रस्तुत कथा धार्मिक स्रोतबाट लिइएको हो । यो कथा संयोगान्त रहेको छ । लागा देवताको उत्पत्ति, बाल्यकालका साथै उनले विभिन्न ठाउँ डुलेर गरेका असल कार्यहरू कथामा प्रस्तुत गरिएको छ । उनले समाजका लागि उदाहरणीय कार्य गरेकोले बझाङ जिल्लाभरि उनको पुजा गरिन्छ ।

लागा देवताको जन्म भारतमा आइतबार आठ मासमा भएबाट कथाको प्रारम्भ भाग शुरू भएको पाइन्छ । दुई वर्षका हुँदा चार वर्षका जस्ता जस्ता देखिएछन् । सात वर्षसम्म बाख्रा ग्वाला, दश वर्षसम्म गोरू ग्वाला र बाह्र वर्षमा भैंसी ग्वाला भएछन् । भैसी चराउँदा उनले दिउँसै सुत्दा सेतो घोडामा चढेको, रातो कम्मल ओडेको, भेडा, बाख्रा, बाँसुरी, हिमाल पर्वत आदि देखेको सपना देखेछन् । एक जना कौशल्यावती भन्ने महिलालाई सपनाको अर्थ सोधेपछि उनले नेपालबाट मानराय जानु भन्ने अर्थ बताउँछिन् । उनले अर्थ बताएपछि उनी नेपाल तर्फ प्रस्थान गर्छन् ।

कथाको मध्य भाग उनको नेपाल प्रस्थानबाट शुरू हुन्छ । उनी विभिन्न स्थान पुग्दै मानिसहरू केही कुरा माग्दै, केही कुरा दिँदै गर्दछन् । डडेल्धुरा, पूर्णागिरी, ढुङ्गाड, देउरा, सुवेडा, लगायतका ठाउँ हुँदै सुनिगाड पुग्छन् । सुनिगाड पुग्दा सम्मका घटना यस खण्डमा रहेको छन् ।

कथाको अन्त्य भागमा सुनिगाडका राजालाई राज्य, कर, उपहार दिने कुरा गरेपछि राजा सारी बम्मले बाबियो बेरेर सुनिगाड तर्ने बाटो बनाएपछि सुनिगाड तर्न पुग्छ । त्यसपछि धारासी, खुन्ना, चाँदया, बाठपाला, बेलौरी, धुलिकोट, जिजैकोटमा पुग्छन् । जिजैकोटमा लामासँग बस्छन् । रूपा जडयानीसँग भेटेर मानराय गएर गौरीका घरमा बास बस्न पुग्छन् । बझाङमा विभिन्न ठाउँ गएर लोकहितका कार्य गरेकोले जिल्लाभरी उनको पूजा गरिन्छ ।

(ख) **पात्र/चरित्र**

यस लोककथामा लागा देवता प्रमुख पात्र हुन् भने कौशल्यावती, दानु जोशी, भागु जोशी, राजा सारी बम्म, कुँवरको श्रीमती, लामा, रूपा जडयानी सहायक पात्रको रूपमा आएका छन् । घटनाको तारतम्य र पात्रहरूको उचित तालमेलले कथा आकर्षक भएको पाइन्छ ।

### (ग) परिवेश

प्रस्तुत कथा नेपाली पहाडी परिवेशमा आधारित छ । कथाको परिवेशका  रूपमा बभ्फाङ जिल्लाका विभिन्न ठाउँहरू, तिनको भौगोलिकता आएको छ । यस कथामा आन्तरिक भन्दा बाह्य परिवेशको चित्रण पाइन्छ । लागा देवताले विभिन्न ठाउँमा भ्रमण गर्दा उनले विभिन्न मानिसहरू सँग कुरा गर्दा उनको र अन्य मानिसहरूको मानसिकता आन्तरिक परिवेशका रूपमा आएको छ ।

बाह्य परिवेशको रूपमा बभ्फाङका विभिन्न ठाउँ र अन्य विभिन्न जिल्ला तथा भारतका भारत, डडेल्धुरा, घटाल, ढुङ्गाड, सुवेडा, देवल, बाहुली गाडा, सुनिगाड, धरासी, खुन्ना, चाँडया खोला, बेलौरी, धुलिकोट जिजैकाटे, मानराय परिवेशका रूपमा आएको पाइन्छ । भ्रमणका क्रममा विभिन्न ठाउँमा देखिएका मठ मन्दिर, धार्मिक स्थलहरू सांस्कृतिक परिवेशका रूपमा आएको छ ।

### (घ) उद्देश्य

लागा देवताको  चरित्रको विश्लेषण गर्नु र उनका सिद्धी का बारेमा बताउनु लोककथाको उद्देश्य रहेको छ । मानिसहरू मा धर्मप्रति आस्था जगाउनु कथाको मूल उद्देश्य रहेको पाइन्छ ।

### (ङ) भाषा

यस लोककथामा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । डोटेली र बभ्फाडी भाषिकाको मिश्रण कथामा आएको छ । स्थानिय भाषाका शब्द मासि, जसा, छिया, जियाज्यू, पण कथामा आएका छन् ।

### (च) शैली

लोककथाको शैली वर्णनात्मक रहेको छ । कथामा आंशिक रूपमा सम्वादहरू पनि आएका छन् । संवादमा स्थानिय पनको झल्को आएको पाइन्छ ।

### (छ) निष्कर्ष

यस लागा देवताको बात लोककथामा लागा देवताको जन्मदेखि मानसरोवर पुग्दा सम्मका घटना आएका छन् । भ्रमणका क्रममा उनले विभिन्न राजादेखि सामान्य मानिससम्म केही लिएर केही दिएका कुरा कथामा आएको छ । उनले गरेका लोकहितकारी कार्यका कारण बभ्फाडी जनताले उनको पूजा गरेको पाइन्छ ।

## ४.२.२ राँगो र दलवीरयाको बात लोककथाको विश्लेषण

बझाङ जिल्लामा प्रचलित सामाजिक लोककथा हो । वीर व्यक्तिलाई राजाले समेत सम्मान गरेको कुरा कथामा आएको छ । यो सुखान्तक कथा हो ।

(क). **कथानक**

यो कथा सामाजिक विषयमा आधारित छ । समाजमा वीरहरू को सम्मान हुने र राज्यले समेत उनीहरू लाई मान्ने गरेको कुरा कथामा आएको छ ।

कथाको प्रारम्भमा बझाङको सुनिकोट गा.वि.स.मा दलवीर द्वाल भन्ने बलियो र तागतवर मानिस रहेको हुन्छ । बझाङ्गी राजाले राँगा र गोरूलाई दरबारमा मगाएर जुझाउन लगाउने र जसका पशुले जित्थे, तिनलाई पुरस्कार दिने गर्दथे ।

कथाको मध्य भागमा हाल बाजुरामा रहेको कोल्टी गाउँमा भिडी भन्ने अविवाहित महिला कहाँ २० भैसी एउटा राँगा हुन्छ । त्यो राँगो मानिस देखेपछि हान्न आउने हुन्छ । त्यो राँगाको बारेमा राजाले थाहा पाएछन् । राजाले चाँदीको रूपिया राखेर सिधा गर्न सक्नेलाई त्यो राँगोसँग भिडाउने घोषणा गर्छन् । अरूले नसकेपछि दलवीरले त्यो कुरा पुरा गर्दछ । यी घटना मध्य चरणमा घटेको पाइन्छ ।

कथाको अन्त्य भागमा दलवीरलाई बाजुराको कोल्टी पठाइन्छ । राजाले दलवीरलाई कोल्टी पठाउँदा ऊ महिलासँग पुग्छ । महिलाले सोधेपछि उसले त्यहाँ आउनुको कारण र उद्देश्य बताउँछ । महिलाले साठी रोटी, चार ठेकी दही, एक टाउको साग खानेले मात्र राँगो लग्न पाउने कुरा गर्छिन् । दलवीरले त्यो कुरा पुरा गरेपछि उसले राँगोलाई कायम गरेर लग्न खोज्छ । महिलाले ऊ सँग प्रभावित भएको कुरा गर्दै जान भनी विदा गर्छिन् । दलवीरले त्यो राँगो राजाकहाँ पुऱ्याएको पुरस्कार पाएको घटना सँगै कथा सकिएको छ ।

(ख). **पात्र/चरित्र**

यस लोककथामा कथाको प्रारम्भ देखि अन्त्य सम्म दलवीर द्वाल आएको ले ऊ प्रमुख पात्र हो । ऊ सत पात्र हो । त्यस्तै राजा र भिडी भन्ने महिला सहायक पात्रका रूपमा आएका छन् । गौण पात्रका रूपमा जनताहरू आएका छन् ।

**(ग) परिवेश**

प्रस्तुत कथा पहाडी परिवेशमा आधारित छ । बभ्फाङ र बाजुरा जिल्लाको भौगोलिकता यसमा आएको छ । दलवीर द्वाल, राजा र भिडीको मानसिकता आन्तरिक परिवेशको रूपमा आएको छ । दरबार र भिडीको घर मुख्य परिवेशको रूपमा आएको छ ।

**(घ) उद्देश्य**

मानिसहरू लाई मनोरञ्जन प्रदान गर्नुको साथै वीर पुरूषहरू प्रति समाजले सम्मान गर्छ भन्ने सन्देश दिनु कथाको मूल उद्देश्य रहेको पाइन्छ ।

**(ङ) भाषा**

यस लोककथामा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । बभ्फाङी भाषिकाका शब्द बल्ल, अर्‍याको, तमे, धेकन्या, टाउक्या कथामा आएका छन् ।

**(च) शैली**

लोककथाको शैली वर्णनात्मक रहेको छ । कथामा आंशिक रूपमा संवादहरू पनि आएका छन् । संवादमा स्थानीयपनको भ्फल्को दिने कुराकानी गरिएको पाइन्छ पाइन्छ ।

**(छ) निष्कर्ष**

यस कथामा दलवीरेको जीवनका असल कार्यहरू आएका छन् । वीरताले समाजलाई प्रभावित गर्ने र राज्यबाट समेत पुरस्कार पाएकोले उसलाई जनताले सम्मान गरेको पाइन्छ ।

### ४.२.३ नौमुखे राक्षस लोककथाको विश्लेषण

नौमुखे राक्षसको लोककथा अतिप्राकृतिक विषयसँग सम्बन्धित छ । यो लोककथा बभ्फाङ्गको राक्षस विषयक लोककथा हो । यसमा मानिसलाई सताउने राक्षसलाई दिदीभाई मिलेर मारेका प्रसङ्ग आएको छ । यो अन्त्यमा संयोगान्त भएको छ ।

**(क) कथानक**

कथाको प्रारम्भ भागमा एक गाउँको जनसंख्या बढेर अशान्ति, भ्फगडा बढ्छ । गाउँ नजिकको जंगलमा एउटा नौमुखे राक्षस बस्छ । जीवजन्तुका साथै जंगलमा आउने मानिसलाई पनि खाने गर्दछ । जंगलमा खान नपाए गाउँमा गएर मान्छे खान थाल्छ । यो देखेर गाउँका मानिसहरूले सल्लाह गरी एक दिन एक घरको एक जना मान्छे राक्षस कहाँ जाने र उसको

आहारा बन्ने निर्णय गर्छन् । राक्षसँग यो कुरा राख्दा उसले पनि स्वीकार्छ । राममति नामको एक गर्भवती महिला हुन्छिन् । उनको घरमा खाना केही हुँदैन । सेती भुजो (फर्सी) खान मन लागेपछि गाउँभरि खोज्दा नपाएपछि मुखियाकहाँ पुग्छिन् । मुखियाले जंगलमा खोज भन्छन् । जंगल जाँदा उनी झस्किन्छे । महिलाले आफू गर्भवती भएको बताएपछि राक्षसले फर्सी दिन्छ । छोरा भए घर राख्नु र छोरी भए मलाई दिनु भन्छ । छोरी जन्मेपछि राक्षसले जर्बजस्ती लगेर जान्छ । महिला रूने, कराउने गर्छिन् ।

कथाको मध्य भागमा महिलाले आफ्नी छोरीका लागि जंगलमा मिठो मिठो खाना वरको रूपमा झुड्याएर जान्छिन् । नौमुखे राक्षस बाहिर जाँदा ती बालिका मिठो खाना खाने गर्छिन् । नौमुखेले ती बालिकालाई श्रीमती बनाएर राख्छ । ती बालिकाकी आमाले छोरा जन्माउँछिन् ठूलो भएपछि त्यो केटा जंगलमा मिठो खाना लगेर जाने गर्छ । एक दिन दिदी चाँही सोध्दा आफूहरू दिदी भाइ भएको यथार्थ कुरा बताउँछ ।

कथाको अन्त्य भागमा दिदीले भाइलाई सन्दुकभित्र लुकाएर राख्छिन् । राक्षस आएर मान्छेको गन्ध आएको भन्छ । विहान ती दिदीले राक्षसलाई टाढा गएर केही वस्तु ल्याउन भन्छ । भाईलाई राक्षसको मृत्यु बारेको रहस्य बताउँछिन् । दुवै दिदी भाइ मिलेर कृतिम पुल बनाएर राक्षसलाई पुलबाट खसाएर मार्छन् । राक्षसको सम्पत्ति कुम्ल्याएर घर फर्कन्छन् ।

**(ख) पात्र/ चरित्र**

यस लोककथामा नौमुखे राक्षस प्रमुख पात्र हो । यो असत पात्र हो । यसले मानिसहरूलाई दुःख दिने काम गर्दछ । लोककथाको प्रारम्भदेखि अन्त्यसम्म उसको भूमिका रहेको छ । त्यस्तै सहायक पात्रमा दिदी र भाइ पर्छन् । कथाको मध्यदेखि अन्त्यसम्म उनीहरूको भूमिका रहेको छ । कथामा गौण पात्रमा दिदी र भाइ पात्रकी आमा राममति, मुखिया, गाउँले रहेका छन् ।

**(ग) परिवेश**

यो लोककथा नेपालको पहाडी परिवेशमा आधारित छ । यसमा गाउँघरका साथै जंगल, राक्षस बस्ने ठाउँ बाह्य परिवेशका रूपमा आएको छ । आन्तरिक परिवेशमा दिदी पात्र र राक्षसको मानसिक परिवेश आएको छ ।

**(घ) उद्देश्य**

गलत काम गर्ने मानिसको अन्त्य पनि नराम्रो हुन्छ भन्ने सन्देश दिनु यस लोककथाको प्रमुख उद्देश्य रहेको छ ।

**(ङ) भाषा**

नौमुखे राक्षस लोककथामा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । बझाङी भाषिकाका शब्द नअर्ने, झान्छ, स्वाइनी आदि कथामा आएका छन् ।

**(च) शैली**

यस लोककथाको शैली वर्णनात्मक रहेको छ । कथामा आंशिक रूपमा संवादहरू पनि आएका छन् । संवादमा स्थानियपनको झल्को पाइन्छ ।

**(छ) निष्कर्ष**

नौमुखे राक्षसको लोककथा अतिप्राकृतिक विषयसँग सम्बन्धित छ । मानिस र राक्षस बिचको द्वन्दमा मानिसको जीत देखाइएको छ । मानिस सत पात्र र राक्षस असत चरित्रको रूपमा कथामा आएका छन् ।

### ४.२.४ भाग्यमानी भाइ बैनी लोककथाको विश्लेषण

प्रस्तुत लोककथा बझाङको वीरता र साहस विषयक लोकप्रिय सामाजिक लोककथा हो । यस लोककथामा भाइ-बैनीको प्रेमलाई आदर्श ढंगले प्रस्तुत गरिएको छ । कथा संयोगान्त रूपमा टुङ्गिएको छ ।

**(क) कथानक**

यस लोककथाको प्रारम्भ भागमा दुई जना टुहुरा भाइबैनी हुन्छन् । सम्पत्तिका नाममा उनीहरूको एउटा भैंसी हुन्छ । उनीहरू भैंसी चराउन जाने गर्छन् । दिदी घर बाहिर निस्कदा मुखमा कालो मोसो दलेर मात्र बाहिर जान्छिन् । दाम्लो बनाउन भाइलाई जान भन्दा नमानेपछि दिदी आफै जान्छिन् ।

कथाको मध्य भागमा घरमा भएका बेला दिदीलाई ३/४ जना राजाका डाँका आएर पानी माग्छन् । बटुवालाई पानी दिँदा उनीहरूले अनुहारमा पानी फाल्दा उनको अनुहार टलक्क

देखिन्छ । उनलाई आफूसँग हिँड्न कर गरेपछि उनी जान अस्विकार गर्छिन् तर उनलाई जर्बजस्ती लग्ने काम उनीहरूले गर्छन् ।

कथाको अन्त्य भागमा भाइले घर जाँदा दिदीलाई नभेटेपछि रून कराउन थाल्छ । सिलौटी र दाम्लोले के हो भनी सोध्छन् । सोध्दै जाँदा पिपलको रूखको टुप्पाबाट चौरासम्म लामो रौं हावामा हल्लिएको देख्छ । दिदीको रौं हो की भनी हेर्दा उसले त्यहाँ विदुषी नारी भेट्छ । त्यसबेला काग आएर कराउँछ । काग जहाँ सम्म जान्छ, त्यहाँ जाउ भन्दा उसले पनि त्यस्तै गर्छ । काग दरबारको कौसीमा बस्छ । पर्खाल भएकाले त्यहाँ जान पाउँदैन । सुरक्षाकर्मीले उसलाई जान दिँदैनन् । बुढो पाले आएर उसलाई त्यहाँ आउनुको कारण सोध्छ । उसले त्यहाँ आउनुको कारण बताउँछ । बुढाले राजालाई बिन्तिपत्र हाल्छ । राजाले रानीलाई सोधेपछि उसलाई त्यहाँ आउन दिइन्छ । त्यहाँ भएका सबै आश्चर्यमा पर्छन् । रानीले हेर्दा आफ्नो भाइ भनेर चिन्छिन् । भाइलाई मन्त्री बनाएर राख्छिन् ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा दिदी भाइ प्रमुख पात्रका रूपमा आएका छन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म यिनीहरूको भूमिका रहेको छ । त्यस्तै कथामा विभिन्न समयमा देखिएका राजा, बटुवाहरू, विदुषी, बुढो पनि सहायक पात्रका रूपमा आएका छन् । मानवेत्तर पात्रका रूपमा आएको भैंसी पनि सहायक पात्र हो । गौण पात्रका रूपमा आएको दरबारमा आएका मानिसहरू, सिलौटो र दाम्लो हुन् ।

**(ग) परिवेश**

लोककथामा दिदी भाईको घर, जंगल, राजाको घरबार, परिवेशका रूपमा आएको छ ।

**(घ) उद्देश्य**

एक आपसमा प्रेम भएमा जस्तोसुकै विपत्ति परे पनि भेट भइहाल्छ भन्ने सन्देश दिनु कथाको उद्देश्य रहेको पाइन्छ ।

**(ङ) भाषा**

भाग्यमानी भाई बैनी लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग भएको  पाइन्छ । बझाडी भाषिकामा प्रयोग गरिने शब्द दाउलो, मोसो, भैसौ, चौपातो कथामा आएका छन् ।

**(च) शैली**

लोककथाको शैली वर्णनात्मक रहेको छ । कथाको अन्तमा संवादहरू आएका छन् । संवादमा स्थानीयताको झल्को पाइन्छ ।

**(छ) निष्कर्ष**

यो लोककथा पारिवारिक विषयसँग सम्बन्धित रहेको छ । दिदी भाईको प्रेम कथामा आएको छ । आफू ठूला ठाउँमा पुगेपछि खोज्दै आएको भाइलाई माया गर्ने दिदीको भाइप्रतिको प्रेम अनुकरणीय रहेको छ ।

## ४.२.५ जालपा देवीको बात लोककथाको विश्लेषण

यो लोककथा बझाङ जिल्लामा प्रचलित प्रमुख पौराणिक लोककथा हो । यो आस्था र श्रद्धाका साथ भन्ने गरिन्छ । यो निकै प्रसिद्ध लोककथा हो ।

**(क) कथानक**

यो धार्मिक स्रोतबाट लिइएको छ । यो कथा संयोगान्त रहेको छ । जालपादेवीको उत्पीत्त, बाल्यकालका साथै उनले विभिन्न ठाउँमा गरेका असल कार्यहरू यस कथामा आएका छन् । उनले समाजका लागि गरेका उदाहरणीय कार्यका कारण बझाङमा उनको पूजा गरिन्छ ।

लोककथाको प्रारम्भमा सुरक्षेत्र भन्ने ठाउँमा देवताहरू रहेको कथा छ । राक्षसहरूले आक्रमण गरिरहने हुँदा देव राक्षस लडाँई भइरहन्छ । देवतातर्फकी महादेवी थाकेपछि देवताको हार हुने संभावना देखिन्छ । त्यसपछि मष्टालाई कैदी बनाइ पानीमा डुबाइन्छ । जालपा देवी एक्लै राक्षससँग लडन जाँदा उनलाई पसिना आयो । त्यो पसिना पत्थरमा खस्दा लाकुडा देवको जन्म भयो । लाकुडाको विशाल रूपरेखा देखेर दानव डराउँछन् । सिंह जस्तो रूप भएका लाकुडा जालपाको आर्शीवाद लिएर लड्न जान्छन् । दानवको हार हुन्छ र देव पक्षको जीत हुन्छ । मष्टाको पूजा गर्दा लाकुडालाई पहिले भाग दिने चलन चल्यो । लडाइमा लाकुडाको खुट्टामा चोट लागेकोले नाम डुडो राखियो ।

लोककथाको मध्य भागमा देवताहरू सबै मिलेर भारतको जालन्धर बस्ने निर्णय गर्छ । त्यहाँ सूर्य भट्ट नामका बाल ब्रम्हचारी आएर बस्छन् । उनलाई देवीले आफ्नो पुत्र समान ठान्छिन् । सूर्य भट्टका मित्र बज्रु पण्डित पनि त्यहाँ आउँछन् । दुवै मित्र एकै कुटीमा बस्छन् । त्यसपछि देवताहरू कर्णालीको तटमा बस्छन् । भैरवलाई द्वारे बनाउँछन् । भट्ट बाहुनले झोली बनाउँछन् । लाकुडा देव लोप हुन्छन् । झोलीबाट देवता प्रकट भएपछि बाहुनले पूजा गरूँला भन्दछन् । बाहुन मित्र बज्रु पण्डित कहाँ जान्छन् । पण्डित जुम्लामा वसेका हुन्छन् । बज्रुका खर्लुराम नामका छोरा हुन्छन् । देवता खलुमा अवतार लिन्छन् । भैरव शंकरको दर्शन गर्न कैलाश पर्वत जान्छन् ।

शंकर भैरवलाई जालपादेवी गुफामा बस्न ठीक नहुने बाहिर आउनु पर्ने कुरा भन्छन् । भैरवलाई बली चौखुट्टी नामको जग्गामा बस्न अनुरोध गर्छन् । शंकरले बाहुनलाई जुम्ला गएर मन्दिर बनाएर जालपादेवी स्थापना गर्नु भन्छन् । आफू पनि भैरवलाई लिएर आउने कुरा गर्छन् ।

कथाको अन्त्य भागमा बाहुन जुम्लाका राजा पूर्ण मल्ल भेट्न जान्छन् । राजालाई सबै कुरा बताउँछन् । बाली चौखण्डीमा राजा र बाहुन पुग्छन् । जालपादेवी भमरा बनेर त्यहाँ पुग्छन् । राजाले मन्दीर त्यहाँ बनाउन खोजे पनि देवीले बनाउन चाहँदिनन् । अर्को ठाउँमा मन्दिर बनाइन्छ । रूखहरू रोपेर ठाउँको नाम देवल  राखिन्छ । राजाले गुठी चढाउँछन् । पण्डित गृहस्थ भएर बस्छन् । भैरव पनि पुग्छन् । खर्लुराज पण्डित भट्टबाट अभिषेक गराएर धामी भएर बस्छन् ।

भैरवले भेष बदलेर कालसैन अवतार लिन्छन् । बाहुनहरूले नौरथामा पुजा गर्दछन् । पशुका साथै नरबलि पनि दिने गर्दछन् । नुवाकोटमा बुढाहरूले बली दिने गर्छन् । एकजना साधु आएर नरबलि नगर भन्दा मानिसहरू मान्दछन् । साधु बाटोमा गइरहँदा एक जना बुढी रोइरहेकी देख्छन् । उनको छोरालाई बलि दिन लागिएको  हुन्छ । साधु मन्दिर गएर नरबलि गर्ने भए मर्छु भनेपछि देवी सकसमा पर्छिन् र त्यस बेलादेखि पशुबलि मात्र चल्न थाल्छ ।

**(ख) पात्र/चरित्र**

लोककथामा जालपादेवी, लाकुडा देव, सूर्य भट्ट प्रमुख पात्र हुन् । यिनीहरूको सेरोफेरोमा कथाले पूर्णता पाएको छ । जालपा देवी र लाकुडा देव हुन भने सूर्य भट्ट ब्राम्हण हुन् । त्यसरी नै कथामा विभिन्न प्रसङ्गमा आएका देवताहरू, राक्षसहरू, बर्जु पण्डित, राजा पुण्य मल्ल, साधु सहायक पात्रका रूपमा आएका छन् । गौण पात्रका रूपमा बुढी, बुढीको छोरा, खर्लुराम रहेका छन् ।

**(ग) परिवेश**

प्रस्तुत लोककथामा बझाङको पहाडी परिवेश आएको छ । त्यस्तै कथामा देवताहरूले राक्षससँग लडाइ गरी आफ्नो क्षेत्र कब्जा गर्नु र देवता शक्तिशाली बन्नु आन्तरिक परिवेशका रूपमा आएको छ । त्यस्तै गरी विभिन्न भूगोलका क्षेत्र सूरक्षेत्र, कर्णालीको तट, जुम्ला, बाली चौखण्डी गुफा आएको छ । धार्मिक क्षेत्र, यहाँ गरिने कार्यहरू, सांस्कृतिक परिवेशको रूपमा आएको छ ।

**(घ) उद्देश्य**

एक आपसमा प्रेम भएमा जस्तोसुकै विपत्ति परे पनि भेट भइहाल्छ भन्ने सन्देश दिनु कथाको उद्देश्य रहेको पाइन्छ ।

**(ङ) भाषा**

जालपादेवीको कथा लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग भएको पाइन्छ । बझाङी भाषिकाका स्थानीय शब्द लणाई, धेके, झाँदा, भिटुली, हुडो कथामा आएका छन् ।

**(च) शैली**

लोककथाको शैली वर्णनात्मक रहेको छ । कथाको ठाउँहरूमा गरिएका संवादहरू आएका छन् । संवादमा स्थानीयता आएको छ ।

**(छ) निष्कर्ष**

यो लोककथा सामाजिक स्रोतबाट लिइएको हो । सामाजिक स्रोतबाट लिइएको भए पनि यसमा धार्मिक कार्य र निष्ठा आएको छ । बझाङमा जालपादेवीलाई आस्था र श्रद्धाका साथ मान्ने गरेकोले यस लोककथाको महत्व रहेको पाइन्छ ।

### ४.२.६ सुगा चणाको बात लोककथाको विश्लेषण

यो लोककथा बझाङ जिल्लामा प्रचलित प्रमुख लोककथा हो । यो लोककथाम पशुपक्षी सम्बन्धी लोककथा हो । मानव र मानवेत्तर सम्बन्धको बारेमा यस लोककथामा स्पष्ट ढङ्गले आएको छ । यो संयोगान्त कथा हो ।

(क) **कथानक**

लोककथाको प्रारम्भ भागमा सानो कथा छ । एउटा गाउँमा एक परिवारका सबै सदस्य मुर्ख हुन्छन् । उनीहरूले गाउँमा पनि आफू जस्तै साथी बनाएका हुन्छन् । मुर्ख केटाकेटीले जंगलमा गएर एउटा सुगा लिएर आउँछन् । घरमा बुबाले सोधेपछि यथार्थ बताउँछन् । बुबाले एउटा पिंजरा बनाएर त्यमसा सुगालाई राखिदिन्छन् । ती मुर्ख केटाकेटी विभिन्न ढंगले सुगालाई सताउने काम गर्छन् ।

कथाको दोस्रो भागमा विद्यार्थीहरू स्कुल जान लागेका हुन्छन् । बाटामा एक बाबाजीको कुटी पर्छ । सुगाले आफूले दुःख पाएको कुरा बाबालाई भनिदिनु भनेर ती विद्यार्थीहरूलाई आग्रह गर्छ । केटाकेटी गएर बाबालाई सो कुरा अवगत गराउँछन् । बाबाले मरे जस्तो गरी आँखा चिम्म गरेर बस्छन् ।

कथाको अन्त्य खण्डमा साँझ बाटामा विद्यार्थीहरू फर्कँदा सुगाले सोध्छ । उनीहरू यथार्थ घटना बताउँछन् । सुगाले बाबाको चाल बुझ्छ र बाबो जस्तै मरे जस्तो गरेर पल्टिन्छ । मुर्ख केटाकेटीहरू 'मऱ्यो होला' भनेर उसलाई बाहिर  निकाल्छन् । ऊ त्यहाँबाट भागेर जान्छ । मुर्ख केटाकेटी जिल्ल पर्दछन् ।

**(ख) पात्र/चरित्र**

यस लोककथाको प्रमुख पात्र मानवेत्तर पात्र सुगा हो भने मानवीय पात्र मुर्ख केटाहरू हुन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म यिनीहरूको भूमिका रहेको छ । सहायक पात्रका रूपमा बाबाजी, स्कुले केटाहरू रहेका छन् भने गौण पात्रका रूपमा मूर्ख केटाको बुवा रहेका छन् ।

**(ग) परिवेश**

यस लोककथामा ग्रामीण परिवेश आएको छ । मूर्ख केटाकेटीको घर, जंगल आएको छ भने सांस्कृतिक परिवेशको रूपमा कुटी आएको छ ।

**(घ) उद्देश्य**

मूर्खता लामो समयसम्म टिक्दैन भन्ने कुरा केटाकेटीको प्रसङ्गबाट आएको छ भने बुद्धिमानीपूर्वक काम गरेमा जस्तोसुकै कठिनाईबाट पनि पार पाउन सकिन्छ भन्ने सन्देश सुगाको माध्यमबाट थाहा पाउन सकिन्छ ।

### (ङ) भाषा

यस लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग भएको पाइन्छ । भाषिकाका स्थानीय शब्द धेक्याउ, आन्याउँ कथामा आएका छन् ।

### (च) शैली

कथाको शैली वर्णनात्मक रहेको छ । कथामा छिटपुट सम्वादको प्रयोग भएको छ । संवादमा स्थानियता आएको छ ।

### (छ) निष्कर्ष

यो नीतिपरक औपदेशिक लोककथा हो । नैतिक आदर्शका साथै सत्यको विजय हुने कुरा कथामा वर्णित छ । कथा रोचक रहेको पाइन्छ ।

## ४.२.७ सत्यको विजय लोककथाको विश्लेषण

सत्यको विजय लोककथा बझाङ जिल्लामा प्रचलित मानव विशेष स्वभाव र प्रवृत्ति भएको एक लोकप्रिय कथा हो । यस लोककथामा आफ्नै बहिनीलाई षडयन्त्र गरी दुःख दिने महिला प्रवृत्ति आएको पाइन्छ । यो कथा अन्त्यमा संयोगान्त छ ।

### (क). कथानक

यो सामाजिक स्रोतबाट लिइएको कथा हो । यस लोककथामा आफ्नै बहिनीलाई षडयन्त्र गरी दुःख दिने महिला प्रवृत्ती आएको पाइन्छ । यस लोक कथाको प्रारम्भ भागमा बझाङमा बस्ने विराजित नाउँका व्यक्तिका तीन सुन्दरी छोरी हुन्छन् । चौबिसे राजकुमारले केटी हेर्न आउँदा माहिली मन पराएर विवाह गर्दछन् । माहिली बैनी रानी भएपछि रिसले गर्दा दिदी बैनी षडयन्त्र गर्दछन् र छल गरेर कुवामा फाल्छन् ।

लोककथाको दोस्रो भागमा दरबारमा रानीको नवजात शिशु हुन्छ । आमा नआउँदा बालक रोइरहन्छ । राजाले पहरेदारलाई यथार्थ कुरा पत्ता लाउन जिम्मा लगाउँछन् ।

कथाको अन्त्य चरणमा राती कुवामा फालिएकी रानी फिर्ता आएर बच्चालाई दुःख खुवाउँछिन् । उनी आउँदा ढोका आफै खुल्ने र जाँदा बन्द हुने हुन्छ । राजाले भेद पत्ता लगाउन खटाएका पहरेदारले राती को-को आउँछन् भनी पत्ता लगाउँदा बच्चालाई दुध खुवाएर फर्कँदा

रानी पक्राऊ पर्छिन् । राजाकहाँ पेश हुँदा उनले यथार्थ वर्णन गरेपछि षडयन्त्रकारी बहिनी पक्राउ परी मारिन पुग्छिन् ।

**(ख) पात्र/चरित्र**

यस लोककथाको प्रमुख पात्र रानी हुन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म यिनको भूमिका रहेको छ । विवाह भइसकेपछि बहिनीले रिसले कुवामा फाली त्यहाँबाट बचेको कथा पाइन्छ । कथामा आएका राजा, रानीका षडयन्त्रकारी बहिनी र पहरेदार सन्दर्भ अनुसार आएकोले सहायक पात्र हुन भने गौण पात्रको रूपमा रानीका बुवा विराजित रहेका छन् ।

**(ग) परिवेश**

यस लोककथामा बझाङको स्थानीय परिवेश आएको छ । आन्तरिक परिवेशमा कुवामा फालिएपछि रानीको मनोदशा आएको छ भने बाह्य परिवेशमा राजाको दरबार, कुवा आएको छ । स्थानिय विभिन्न ठाउँको वर्णन भएकोले कथामा रोचकता थपिएको छ ।

**(घ) उद्देश्य**

गलत ढंगले स्थापित हुन खोज्नेको पतन हुन्छ भन्ने कुरा षडयन्त्रकारी बहिनीको प्रसङ्गबाट आएको छ । त्यस्तै जस्तो सुकै दुःख आएतापनि प्रयास गरे सुख पाइन्छ भन्ने सन्देश बहिनीको प्रसङ्गबाट आउँछ ।

**(ङ) भाषा**

यस लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग भएको पाइन्छ । भाषिकाका स्थानिय शब्द अड्क, किल्क, देला, द्वार आदि प्रयोग गरिएकोले कथामा स्थानीयता आएको पाइन्छ ।

**(च) शैली**

कथाको शैली वर्णनात्मक रहेको छ । कथामा कतैकतै संवादको प्रयोग भएको छ । संवादमा स्थानीयपनको झल्को आएको छ ।

**(छ) निष्कर्ष**

लोककथामा पारिवारिक षडयन्त्र आएको छ । आफ्नै बहिनीको सफलतामा खुशी हुनुको सट्टा दुःख दिने प्रवृत्ती आएको छ । गलत प्रवृत्तिको अन्त्य एकदिन हुन्छ भन्ने कुरा कथामा आएको छ ।

## ४.८ लामो चुल्ठोको बात लोककथाको विश्लेषण

यो बझाङको लोकप्रिय लोककथा हो ।  मानवीय विशेष स्वभाव र प्रवृत्ति अर्न्तगत पर्दछ । यस लोककथामा पारिवारिक सम्बन्धका जटिल पक्षहरूको चर्चा गरिएको पाइन्छ । कथा संयोगान्त रूपमा अन्त्य भएको छ ।

**(क) . कथानक**

'लामो चुल्ठोको बात' लोककथा सामाजिक स्रोतबाट लिइएको हो । कथाको प्रारम्भ भागमा मनबहादुर भन्ने मानिसका चैते र साउने नामक छोरा र सुन्दरी र शान्ता नामका छोरी हुन्छन् । साउने लाटो हुन्छ । साउने जाल हाल्न नदीमा गएर माछा मार्दछ । त्यसै बखत उसकी दिदी सुन्दरी पनि नुहाउन नदीमा गएकी हुन्छिन् । उनका टाउकोदेखि खुट्टासम्म पुग्ने रौँ हुन्छन् । एउटा रौं साउनेको जालमा अड्किन्छ । ऊ रौँ लिएर घर पुग्छ । रौं बुबाको हातमा दिएर त्यस्तै रौ भएकी महिलासँग आफूले विवाह गर्ने कुरा गर्छ ।

कथाको मध्य भागमा मनबहादुरले जहाँजहाँ खोजी गरेतापनि त्यस्ती केटी कतै पाउँदैन । आफ्नी छोरी सुन्दरीको त्यस्तो रौ भएको थाहा पाउँछ । साउतेले दिदीसँग विवाह गर्न खोज्छ । यस कुरामा उसका आमा बुबा पनि राजी हुन्छन् ।

कथाको अन्त्य भागमा सुन्दरी रिसाएर जंगल गएर रूखको माथि चढ्छिन् । बुबा आमाले बोलाउँदा नआएर उनीहरूलाई श्राप दिन्छिन् । दाजु चैते र भाउजु आउँदा पनि त्यस्तै गरिन् । बहिनी खाजा लिएर आउँन खोज्दा खाजा र काइँयो ल्याउन भन्छिन् । बहिनीलाई आफ्नो चुल्ठोमा झुण्डिएर आउन भनेपछि बहिनीले पनि त्यसै अनुसार गर्छिन् । उनीहरू कसैगरी नआउने भएपछि उसले रूख काट्न खोज्छ । बन्चरो आफ्नै घुँडामा लागेर उसको मृत्यु हुन्छ । दुवै दिदी बहिनी रूखबाट ओर्लेर राजाका कर्मचारीसँग विवाह गरी सुखसँग बस्छन् ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा प्रमुख पात्रका रूपमा साउने र सुन्दरी पर्दछन् । साउने खल चरित्र हो भने सुन्दरी कथाकी नायिका हो । कथाभरि यिनीहरूको भूमिका रहेको पाइन्छ । आफ्नै भाइले विवाह गर्न खोज्दा भाग्नु पर्ने बाध्यता सुन्दरीलाई आएको छ । कथामा आएका शान्ति, दाजु चैते सहायक पात्र हुन भने बाबु आमा गौण पात्रका रूपमा आएका छन् ।

(ग) **परिवेश**

यस लोककथामा बझाङको परिवेश आएको छ । आन्तरिक परिवेशमा दाजुले विवाह गर्न खोजेपछि भाग्न पुगेकी सुन्दरीको मानसिकता आएको छ भने बाह्य परिवेशमा मनबहादुरको घर, केटी लुक्न गएको जंगल र नुहाउन गएको नदी आएको छ ।

(घ) **उद्देश्य**

गलत कार्य गर्नेको अन्त्य हुन्छ भन्ने सन्देश साउनेको प्रसङ्गबाट आएको छ भने दुःख गरेपछि सुख पाइन्छ भन्ने सन्देश सुन्दरी र शान्तिको पछि राजाको कर्मचारीसँग विवाह भएबाट थाहा हुन्छ ।

(ङ) **भाषा**

यस लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग छ । कथामा बझाङी भाषिकाका शब्दहरू लैझा, फाँको, अगाणी आदिको प्रयोग गरिएको छ ।

(च) **शैली**

कथाको शैली वर्णनात्मक रहेको छ । ठाउँ ठाउँमा कतैकतै संवादको प्रयोग भएको छ । संवादमा स्थानयीता आएको छ ।

(छ) **निष्कर्ष**

लोककथामा पारिवारिक षडयन्त्र आएको छ । आफ्नै परिवारका सदस्यलाई दुःख दिने प्रवृत्ति कथामा आएको छ । दुःख दिनेको आफै अन्त्य पनि भएको छ ।

## ४.२.९ बाहुनले पाएको न्याय लोककथाको विश्लेषण

यो कथा सेती अञ्चलको बझाङ जिल्लामा प्रचलित कथामध्ये एक हो । यस कथामा एउटा परिवार, कार्यालय न्यायलय र दरबारसँग सम्बन्धित घटनाहरू आएको पाइन्छ ।

(क) **कथानक**

'बाहुनले पाएको न्याय' कथा सामाजिक स्रोतबाट लिइएको हो । विषय सामाजिक भएपनि यसमा न्याय र नीतिका कुरा आएका छन् । कथाको प्रारम्भ भागमा एउटा गरीव बाहुन र त्यससँग सम्बन्धित घटनाहरूमा आधारित छ । ६ जना सदस्यहरूमा दुई छोरी, दुई छोरा, एक श्रीमती र एक जना आफू रहेका छन् ।

कथाको मध्य चरणमा चामल लिन खाद्य संस्थानमा गएर पाँच क्वीन्टल माग्दा खरिदारले कारण सोध्छ । दुई बगाउने, एक राक्षस पाल्ने एक पैचो गर्ने र एक खाने कुरा गर्दा दिन अस्वीकार गरेपछि घर फर्केको घटना रहेका छन् ।

कथाको अन्त्य भागमा उसले जिल्ला, क्षेत्र र सर्वोच्चमा मुद्दा दिए पनि हार्नु रहेको छ । मुद्दा हारेपछि राजासँग बिन्तिपत्र हाल्ने कार्य गर्दछ । उसले आफ्नो परिवारसँग सम्बन्धित तथ्य सहित बताएपछि राजाले उसलाई जिताएर हेलिकोप्टरबाट घर फकाईदिएको पाइन्छ ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा प्रमुख पात्रका रूपमा बाहुन आएको छ । । कथाभरि बाहुनको भूमिका रहेको पाइन्छ । कथामा आएका राजा र खरिदार सहायक पात्रका रूपमा आएका छन् भने बाहुनको श्रीमती र छोराछोरी गौण पात्रका रूपमा आएका छन् ।

**(ग) परिवेश**

यस लोककथामा बझाङको परिवेश आएको छ । आन्तरिक परिवेशमा बाहुनको आन्तरिक मनोदशा आएको छ । बाह्य परिवेशमा बाहुनको घर, खाद्य संस्थान, अदालत, राजको दरबार रहेको छ ।

**(घ) उद्देश्य**

वास्तविकता सबैले बुझ्न सक्दैनन् । कतै न्याय नपाएपछि राजाकहाँ जाँदा न्याय पाइन्छ भन्ने सन्देश नै यस लोककथाको उद्देश्य रहेको छ ।

**(ङ) भाषा**

यस लोककथामा स्थानीय कथ्य भाषा छ । कथामा बझाङी भाषिकाका शब्दहरू अरी, तापछि, उहाँपछि आदिको प्रयोग गरिएको छ ।

**(च) शैली**

यस लोककथाको शैली वर्णनात्मक रहेको छ । कथामा कतैकतै संवादको प्रयोग आएको छ । संवादमा स्थानीयपन झल्कन्छ ।

**(छ) निष्कर्ष**

यो सामाजिक लोककथा हो । अरूले नबुझ्ने कुरा राजाले बुझ्छन र न्याय पनि उनले दिन्छन् भन्ने कुरा कथामा अभिव्यक्त छ ।

## ४.२.१० कसाई र शिक्षक लोककथाको विश्लेषण

यो लोककथा बझाङ जिल्लाको प्रमुख लोककथा हो । यस लोककथामा विपरीत पेशाका मानिस र उनीहरूको जीवनका घटनालाई आधार बनाइएको छ ।

**(क) कथानक**

यो कथा सामाजिक स्रोतबाट लिइएका हो । यसमा नैतिक शिक्षा आएको पाइन्छ । कथा वियोगान्त रहेको छ । यस लोककथाको प्रारम्भ भागमा एक जना शिक्षक हुन्छन् । उनलाई जीवन निर्वाह गर्न असहज हुन्छ । नदी तरेर जंगल भएर घर जानु पर्ने हुँदा ऊ आफ्नो पेशाप्रति असन्तुष्ट हुन्छ ।

कथाको मध्य भागमा उसले बजारका सबै दोकानदारसँग राम्रो सम्बन्ध राखेको हुन्छ । बजारमा एउटा बगरे पनि थपिन्छ । बगरे छिट्टै धनी भएको देखेर उसलाई पनि बगरे बन्ने इच्छा जाग्छ । नोकरी पुरा गरेपछि उसको पनि मृत्यु हुन्छ ।

लोककथाको दोस्रो चरणमा एकै चोटी मृत्यु भएर शिक्षक र बगरे दुवै स्वर्ग पुगेछन् । इन्द्रले शिक्षकलाई नर्क र बगरेलाई स्वर्ग लग्नु भनेर आदेश दिन्छन् । शिक्षकले स्वर्ग कसाइ भन्दा नराम्रो भएको विचार व्यक्त गर्दा इन्द्रहरूले तिमीले कसाई जस्तो हुन पाए हुन्थ्यो भन्ने विचार राख्नु र आफ्नो पेशाप्रति घृणा गरेकोले नर्कमा पठाएको र कसाईले इमान्दारीपूर्वक काम गरेर आफ्नो पेशाप्रति घृणा गरेकोले उसलाई स्वर्ग पठाइएको कुरा कथामा अभिव्यक्त भएको पाइन्छ ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा प्रमुख पात्रका रूपमा शिक्षक आएको छ । । कथाभरि शिक्षकको भूमिका रहेको पाइन्छ । कथामा आएका कसाइ, इन्द्र सहायक पात्रका रूपमा आएका छन् भने इन्द्रका कर्मचारी गौण पात्रका रूपमा आएका छन् ।

**(ग) परिवेश**

यस लोककथामा बझाङको  परिवेश आएको छ । आन्तरिक परिवेशमा अरूको पेशा राम्रो ठान्ने शिक्षक मनोचिन्तन आएको छ । बाह्य परिवेशमा बजार, स्वर्ग र नरक रहेको छ ।

**(घ) उद्देश्य**

धनप्रति आशक्ति गर्नु राम्रो कुरा होइन भन्ने सन्देश दिनु यस कथाको प्रमुख उद्देश्य हो ।

**(ङ) भाषा**

यस लोककथामा कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बझाङी भाषिकाका शब्दहरू दोकान, भलाकुशली आदि को प्रयोग पाइन्छ ।।

**(च) शैली**

यस लोककथाको शैली वर्णनात्मक रहेको रहेको छ । कथामा विभिन्न समयमा  सम्वादहरू आएका छन् । संवादमा स्थानियता पाइन्छ ।

**(छ) निष्कर्ष**

यो नैतिक शिक्षा दिने कथा हो । आफू राम्रो, योग्य भएर पनि गलत चिन्तन राख्ने मानिस नरकमा परेको रोचक प्रसङ्ग कथामा आएको छ ।

## ४.२.११ राजकुमारीको भ्यागुतोसँग विवाह लोककथाको विश्लेषण

राजकुमारीको भ्यागुतोसँग विवाह लोककथा बझाङ जिल्लामा निकै प्रचलित छ । मानव र मानवेत्तर प्राणीबिच विवाह भएको रोचक प्रसङ्ग यस कथामा आएको पाइन्छ ।

**(क).कथानक**

प्रस्तुत कथा सामाजिक स्रोतबाट आएको हो । या कथा अन्त्यमा संयोगान्त बनेको छ । कथाको प्रारम्भ राजकुमारीको भ्यागुतोसँग विवाह नामक लोक कथामा एकजना रघुवीर भन्ने किसान हुन्छ । उसकी श्रीमतीको नाम असौजी हुन्छ । सन्तान नभएको रघुवीर दयालु, धार्मिक स्वभावको हुन्छ । चाडपर्वमा कोही माग्न आए भएको दिने र नभए नदिने गर्छ । ऊ तरकारी फलाउने काम गर्छ ।

कथाको मध्य भागमा रघुवीरले श्रीमतीलाई भुजो समाएर ल्याएर तरकारी बनाउनु भन्छ । भुजो ल्याउँदा भुजेबाट तल माथि काट, बिचमा नकाट भनेपछि सोही अनुसार गर्दा त्यहाँबाट

भ्यागुतो निस्कन्छ । उनीहरूले भ्यागुतोलाई छोरा मानेर पाल्न थाल्छन् । एकदिन श्रीमान खेतमा काम गर्न गएका बेला श्रीमती घरमा खाना बनाइरहेकी हुन्छिन् । छोरा भएर खाना पुऱ्याएर आउँथ्यो भन्दा भ्यागुतोले म लग्छु भन्छ । उनले नपत्याउँदा पिठयुँमा बाँध्न भन्छ । सोही अनुसार गरे पछि खेतमा खान पुऱ्याउँछ । हलोमा आफूलाई बाँधिदिए काम गर्ने भनेपछि सोही अनुसार गर्दा चार दिनको काम एक दिनमै सक्छ । यस प्रकार भ्यागुतो बढ्दै जान्छ ।

कथाको अन्त्य भागमा राजाकी एक छोरी हुन्छिन् । विवाह गर्ने उमेर पुगेपछि उसलाई राजाले बिहे गरिदिन चाहन्छन् । उसको बिहे गरिदिने र आधा राज्य पनि दिने प्रस्ताव राख्छन् । धेरै राजकुमार त्यहाँ पुग्छन् । भ्यागुतो पनि पुग्छ । विमानबाट राजकुमारीले फूल फाल्दा भ्यागुताको टाउकोमा पर्छ । अर्को पटक पनि त्यस्तै भएपछि भ्यागुतोसँग राजकुमारीको विवाह हुन्छ । भ्यागुतोले राजकुमारीलाई राजाले धेरै धन वितरण गरेका छन्, लिएर आउनु भन्दा सोही अनुसार गर्छिन् र धन ल्याउँछिन् । अर्को दिन भरिया समेत लिएर जानु भन्दा उनी निदाउन पुग्छिन् । भ्यागुतो आफ्नो सपनाको देशमा जान्छ । बिहान भ्यागुतो नदेख्दा छाला मात्र पोल्छिन् । पछि भ्यागुतो आएर आफू स्वर्गको राजा इन्द्र भएको खुलासा गर्छ । राज कुमारीले छाला पोलिदिँदा धेरै वर्ष आफू त्यही बस्नु पर्ने अवस्था आएको बताउँछ । उनीहरू सुखपूर्वक त्यहीँ बस्छन् ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा मानवेत्तर प्राणी भ्यागुतो प्रमुख नायक पात्र हो । कथाभरि उसको भूमिका देखिन्छ । सहायक पात्रको रूपमा रघुवीर र असौजी रहेका छन् । गौण पात्रका रूपमा राजा र राजकुमार आएका छन् ।

**(ग) परिवेश**

यस लोककथामा बझाङको स्थानीय परिवेश आएको छ । आन्तरिक परिवेशमा बुढाबुढीको मनमा उठेका मनोतरङ्ग रहेका छन् । भ्यागुतोसँग विवाह गर्नु परेपछि राजकुमारीका मनमा उठेका शंका उपशंका आएका छन् ।बाह्य परिवेशमा गाउँपाखाका साथै खेत र दरबार आएको छ ।

**(घ) उद्देश्य**

जीवनका असहज क्षण आएपनि तिनलाई सामना गरेर अगाडि बढनुपर्छ भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य हो ।

**(ङ) भाषा**

यस लोककथामा कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बझाङी भाषिकाका शब्दहरू पिठी, बनि, बानी आदि को प्रयोग पाइन्छ ।।

**(च) शैली**

यस लोककथाको शैली वर्णनात्मक रहेको रहेको छ । कथामा विभिन्न समयमा संवादहरू आएका छन् । संवादमा स्थानीयता पाइन्छ ।

**(छ) निष्कर्ष**

यो मानव र मानवेत्तर प्राणीबिच सम्बन्ध देखाउने कथा हो । भ्यागुतो स्वर्गको राजा इन्द्र भएको खुलासा हुनुले कथामा रोचकता थपिएको पाइन्छ ।

## ४.२.१२ सिलिङ्गा डालीको कथा लोककथाको विश्लेषण

यो लोककथा बझाङको राक्षस विषयक लोककथा हो । यस लोककथामा अपराधी बाबुसँग बचेर राक्षसको फन्दामा परेकी दिदी बैनीले राक्षसको फन्दाबाट बचेको घटना पाइन्छ । यो संयोगान्त कथा हो ।

**(क) कथानक**

कथाको प्रारम्भ भागमा एउटा गाउँमा एक जना लाटो, उसकी श्रीमती, दुईवटा छोरी र दाजु भाउजु हुन्छन् । श्रीमती मरेपछि उसले आफ्नो दाजु भाउजुलाई बिहे गरिदिन भन्छ । एकदिन लाटो माछा मार्न नदीमा गएको हुन्छ । लाटोकी जेठी छोरी पनि केही टाढा लुगा धुन गएकी हुन्छे । छोरीकी रूमाल बगेर गएपछि त्यो रूमाल लाटोले पाउँछ । घर गएर त्यो रूमाल भएकी केटीसँग बिहे गरिदिन भन्छ । दाजुले गाउँघर सबै ठाउँमा सोधेपनि त्यो रूमाल कसैको नभएको थाहा हुन्छ । रूमाल छोरीको भएको थाहा पाएपछि सबै जना छक्क पर्छन् । लाटोले छोरीसँग पनि बिहा गर्छु भनेपछि दुवै छोरी घर छाडेर जंगल जान्छन् । पछि लागेर गएको लाटो बुबा वरको रूखमा चढेकी जेठी छोरीलाई ओराल्न नसकेपछि घर फर्कन्छ ।

लोक कथाको दोस्रो भागमा बहिनी रूखमा चढ्न नसकेपछि रून्छे । दिदीले आफ्ना कपाल तल फालेर त्यसमा झुन्डेर चढ्न भनेपछि सोही अनुसार गर्छे । दिदी बहिनी रूख बढ्दै गएपछि स्वर्ग पुग्छन् । त्यहाँ घुम्ने, डुल्ने कार्य गर्छन् । दिदीलाई तिखो लागेपछि पानी खोज्दा एउटा घरको अगाडि पानी भएको देख्छिन् । पानी खाएर हेर्दा घरको ढोका खुल्छ । भित्र पसेपछि ढोका बन्द हुन्छ । बहिनी दिदी नभेट्दा रून्छे ।

लोककथाको अन्त्य भागमा एक जना शिकारी उनका भाइ र बहिनी त्यही बाटो भएर आइरहेका हुन्छन् । बहिनी चाँहीलाई रोएको देख्दा शिकारीले कारण सोध्छ । उसले राक्षसको घर भएकोले तिम्री दिदीलाई राक्षसले खायो की के हो भन्ने आशंका गर्छ । मेरो भाइसँग विवाह गर भनेपछि विवाह हुन्छ । त्यो घर नजिक पुगेपछि त्यहाँको ढोका खुल्छ । दिदी बैनीको भेट हुन्छ । दिदी आफूलाई राक्षसहरूले खान खोज्दा बुढो राक्षसले बचाएको कुरा बताउँछिन् । छोरी भनेर छुट्टै कोठामा राखेको कुरा भन्छिन् । बहिनीले पनि आफ्नो यथार्थ बताउँछे ।

शिकारीले दिदीलाई राक्षसहरू बारे सोध्दा आहार खोज्न गएकी भन्छिन् । उनीरूले आफूलाई पनि खान दिएको बताउँछिन् । राक्षसहरू आएपछि शिकारीले बन्दुकले सबै राक्षसलाई मार्छ । दिदी चाहिँले अनुरोध गरेपछि राक्षसलाई मार्दैनन् । सबै त्यहाँबाट फर्कन्छन् । दिदीले शिकारीसँग विवाह गर्छे ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा दिदी-बहिनी प्रमुख पात्रका रूपमा आएका छन् । कथाको प्रारम्भदेखि अन्त्यसम्म उनीहरूको भूमिका रहेको पाइन्छ । यिनीहरू सत पात्र हुन् । लाटो बुवा, लाटोको दाजु भाउजु, शिकारी सहायक पात्र हुन् । लाटो बुवा खल पात्र हो । लाटोको दाजु भाउजु, शिकारी सत पात्र हुन् । गौण पात्रका रूपमा आएका राक्षसहरू असत पात्र हुन भने  बुढो राक्षस सत पात्र हो । गौण पात्र शिकारीका भाइ बहिनी पनि सत पात्र हुन् ।

**(ग) परिवेश**

लोककथामा स्थानीयताको झलक पाइन्छ । कथामा दिदी बहिनीको मानसिकता आन्तरिक परिवेशका रूपमा आएको छ । गाउँघर, जंगलको साथै राक्षसको घर पनि बाह्य परिवेशको रूपमा आएको छ ।

**(घ) उद्देश्य**

खराब बाबु भए सन्तानले दु:ख पाउँछन भन्ने कुरा लाटो बुबाको प्रसङ्गबाट आएको हो । विपत्तिमा सहयोग गर्नेलाई सहयोग प्राप्त गर्नेले पनि जीवनभर साथ दिन्छ भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य हो ।

**(ङ) भाषा**

यस लोककथामा कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बझाडी भाषिकाका शब्दहरू धुदी, दाज्यु, तम्रो आदिको प्रयोग पाइन्छ । ।

**(च) शैली**

कथामा वर्णनात्मकता पाइन्छ । कथामा विभिन्न समयमा संवादहरू आएका छन् । कथामा प्रसङ्ग अनुसार आएको संवादमा स्थानीयता पाइन्छ ।

**(छ) निष्कर्ष**

यो पारिवारीक कथा हो । यसमा अतिप्राकृतिक पात्र पनि आएका छन् । आफ्नै छोरीसँग विवाह गर्न खोज्ने लाटोको कथा अनौठो छ । विभिन्न सङ्घर्षपछि दिदी बहिनीले सफलता पाएको कुरा कथामा आएको छ ।

## ४.२.१३ झुठो गर्दा दु:ख पाउनु लोककथाको विश्लेषण

झुठो गर्दा दु:ख पाउनु लोककथा बझाङ जिल्लाको सामाजिक लोककथा मध्ये एक हो । यसमा नैतिक आदर्श आएको पाइन्छ । यसमा पारिवारिक/सामाजिक घटनाहरू पाइन्छन् ।

**(क) कथानक**

कथाको प्रारम्भ भागमा एक जना (जोगी) गरीव रामेको घरमा आएबाट प्रारम्भ हुन्छ । घरका बच्चा देखेर जोगी खुशी हुन्छ । उनीहरूलाई आफूले विभिन्न ठाउँ घुमाउने कुरा गर्छ । रामे बाबासँग केटाकेटीलाई सिस्नुको झोलमा बचाइराखेको छु । हजुरको के सेवा गरौं भन्दा भएको चिज देउ भन्छ ।

कथाको मध्य भागमा उसले बाबालाई चिसो पानी खुवाउँछ । धेरै पल्टसम्म यो क्रम जारी रहन्छ । बाबाले तिमीमा पहिले लोभ, मोह, क्रोध र अहंकार भएकोले दु:ख पायौ भन्छ । रामे पुराना दिनमा फर्कदै रून्छ । तिम्रो काम सफल हुन्छ । बाह्र वर्षसम्म नब्याएको गाई ब्याउँछ र

घरभरि फलफूल भरिन्छ भनेर आर्शिवाद दिँदा सोही अनुसार हुन्छ । भनेको कुरा पुरा भएपछि बाबालाई खोज्दा माटोको ढिस्को मात्र देखेपछि रामे महादेव सम्भेर पुजा गर्छ । रामे धनी हुन पुग्छ ।

कथाकी अन्त्य भागमा रामे धनी भएको देख्दा उसका छिमेकी ईर्ष्यालु भएका घटना रहेका छन् । रामेलाई सोध्दा महादेवको सेवा गरेर भएको भन्छ । धने भन्ने मानिसले विश्वास गरे जस्तो गरेर कसरी जाने भनेर सोध्छ । यथार्थ थाहा पाएपछि एकजना सन्यासी बाटामा आउन लागेको देखेर उसलाई घरमा बोलाउँछ । चामलको बोरी दिन खोज्छ । जोगी (बाबा) ले भिक्षा पात्रमा अट्ने कुरा देउ भन्दा पनि मान्दैन । जति चामल हाले पनि भिक्षा पात्रमा अट्दैन । धने रिसाएर बाबालाई पिट्छ । बाबा अदृश्य हुन्छन् । त्यो मानिस सम्पत्ति सकिएर गरीब बन्छ ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा बाबा, रामे र धने मुख्य पात्र हुन् । कथामा यिनीहरूको प्रमुख भूमिका रहको पाइन्छ । बाबा र रामे सत पात्र हुन भने धने असत पात्र हो । केटाकेटीहरू गौण पात्रको रूपमा रहेका छन् ।

**(ग) परिवेश**

कथामा स्थानीय परिवेश आएको छ । रामेले असल कार्य गर्दा सुख पाएको र धनेले खराब काम गर्दा दुःख पाएको अनुभूति कथाको आन्तरिक परिवेशका रूपमा आएको छ । बाह्य परिवेशमा गाउँघरका घटना आएका छन् ।

**(घ) उद्देश्य**

अरूको रिस गर्दा सफलता प्राप्त हुँदैन । राम्रो कार्य गरे मात्र सफलता पाइन्छ भन्ने सन्देश कथामा आएको छ । नैतिक आदर्शको स्थापना गर्नु कथाको उद्देश्य रहेको पाइन्छ ।

**(ङ) भाषा**

लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बभाडी भाषिकाका शब्दहरू बाबाजी, पाखो आदि को प्रयोग पाइन्छ । ।

(च) **शैली**

कथा वर्णनात्मक शैलीको छ । कथामा विभिन्न समयमा  संवादहरू आएका छन् । कथामा प्रसङ्ग अनुसार आएको संवादमा स्थानीयता पाइन्छ ।

(छ) **निष्कर्ष**

यो लोककथामा धार्मिक नैतिक चिन्तन आएको छ । अलौकिक क्षमता भएको बाबाले रामेलाई धनी बनाएकोले कथा रोचक रहेको पाइन्छ ।

## ४.२.१४ कुकुर बिल्लाको बात

यो बझाङ जिल्लामा प्रचलित पशुपक्षी विषयक प्रमुख लोककथा हो । यसमा कुकुर र बिरालोको आपसी झगडालाई विषय बनाइएको छ । यसमा नीतिपरक चेतना पाइन्छ ।

(क) **कथानक**

यस लोककथाको प्रारम्भ भागमा एकजना मानिसले कुकुर, बिरालो र घोडा पालेको हुन्छ । घोडा बस्ने तबेलाको एक कुरामा बिरालो र अर्को कुनामा कुकुरलाई बस्ने ठाउँ बनाएको हुन्छ । कुकुर बिरालोका बिचमा प्रतिद्वन्दिता रहेको हुन्छ ।

मध्य भागमा मा एक दिन कुकुर, बिरालो सुतेका बेला घोडा सुतेको हुँदैन । उसको जिउबाट एउटा रौँ भुँइमा खस्छ । कुकुरले रौँ खसेको सुनिस् भनि बिरालालाई सोध्छ भन्ने बिरालोले कुकुरलाई 'रौ खसेको आवाज देखिस भनेर कुकुरलाई सोध्छ । यस्तै कुरामा उनीहरूको झगडा हुन्छ ।

कथाको अन्त्य भागमा उनीहरू मुद्दा छिन्न धामीकहाँ मन्दिरमा जान्छन् । धामीले कुकुरको श्रवणशक्ति बढी हुनाले छिटो सुन्ने र बिरालोको देख्ने शक्ति बढी भएकोले छिटो देख्ने भएकाले तिमीहरू दुवै बराबर जान्ने हौ भनी घर पठाउँछ ।

(ख)  **पात्र/चरित्र**

यस लोककथामा कुकुर र बिरालो मुख्य पात्र हुन् । कथामा यिनीहरूको प्रमुख भूमिका रहको पाइन्छ । कथामा आएका घोडा, धामी, सहायक पात्रका रूपमा आएका छन् ।

**(ग) परिवेश**

कथामा स्थानिय ग्रामीण परिवेश आएको छ । कथामा रहेको मानवेत्तर प्राणीको प्रतिस्पर्धा आन्तरिक परिवेशका रूपमा आएको छ भने घर, घोडाको तबेला, धामी पूजा गर्ने मन्दिर बाह्य परिवेशका रूपमा आएको छ ।

**(घ) उद्देश्य**

सबैमा एउटै गुण हुँदैन । आ-आफ्नो गुणका कारण प्राणी अरूभन्दा भिन्न हुन्छ भन्ने सन्देश दिनु नै कथाको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

**(ङ) भाषा**

यस कथामा स्थानीय कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बझाङी भाषिकाका शब्दहरू बिल्ला, झान्थ्यो, तहाँ, देवाल आदिको प्रयोग भएको छ ।

**(च) शैली**

कथा प्रस्तुतिको शैली वर्णनात्मक शैलीको छ । कथामा आंशिक रूपमा सम्वादहरू आएका छन् । कथामा प्रसङ्ग अनुसार आएको संवादमा स्थानियता पाइन्छ ।

**(छ) निष्कर्ष**

मानवेत्तर प्राणीबिचको द्वन्द कथामा आएको छ । कथाको समापन रोचक रहेको छ । धामीले दुवैलाई उनीहरूका गुण सम्झाएर द्वन्द शान्त गराएको रोचक घटना कथामा पाइन्छ ।

### ४.२.१५ बाबु चेलाको बात लोककथाको विश्लेषण

यो लोककथा बझाङ् जिल्लाको सामाजिक लोककथामा मध्ये एक हो । यसमा नीतिगत चेतना आएको पाइन्छ । कथा संयोगान्त रहेको छ ।

**(क) .कथानक**

यो मानवीय स्वभाव र प्रवृत्ति चिनाउने कथा हो । यसमा पारिवारीक प्रसङ्ग पाइन्छन् ।

कथाको प्रारम्भ भागमा एक गाउँमा बुढाबुढी बस्छन् । बुढाको नाम रनबहादुर थापा हुन्छ । उमेर पाकेपछि छोरा हुन्छ । १० पास गरेपछि छोरालाई पढ्न बनारस पठाउँछ ।

कथाको मध्य भागमा छोराले विद्यावारिधी गर्छ । छोरा धेरै वर्षसम्म घर नआएपछि बुबा छोरा भेट्न बनारस जान्छन् ।

कथाको अन्त्य भागमा बाबु धर्मशालामा बसेका हुन्छन् । राती अर्को छोरा पनि धर्मशालामा बस्न आउँछ । छोरा र बाबुको कोठा नजिक हुन्छ । बुढाले खोक्ने गरेको सुनेर अर्को कोठामा रहेको छोरा रिसाउँछ । हल्ला नगर्न भन्छ । बिहान दुवैको भेट हुँदा विवाद हुन्छ । पालेले सोधपुछ गर्दा दुवैको परिचय खुल्छ र आपसमा मेल हुन्छ ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा बाबु र छोरा कथाको प्रमुख पात्र हुन् । कथामा उनीहरूको प्रमुख भूमिका रहेको पाइन्छ । कथामा सहायक पात्रको रूपमा धर्मशालाको पाले रहेको छ ।

**(ग) परिवेश**

कथामा बझाङको स्थानीय ग्रामीण परिवेशको साथै बनारस आएको छ । कथामा रहेको बाबु र छोराको मानसिकता आन्तरिक परिवेशका रूपमा आएको छ ।

**(घ) उद्देश्य**

जतिसुकै टाढा भएपनि आफन्तको आखिर भेट हुन्छ भन्ने सन्देश दिनु कथाको उद्देश्य रहेको पाइन्छ ।

**(ङ) भाषा**

कथामा स्थानीय कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बझाङी भाषिकाका शब्दहरू ताँपछि, बुणाबुणी, भोलिबेर आदिको प्रयोग भएको छ ।

**(च) शैली**

कथाको शैली वर्णनात्मक शैलीको छ । कथामा आंशिक रूपमा संवादहरू आएका छन् । कथामा प्रसङ्ग अनुसार आएको संवादमा स्थानीयता पाइन्छ ।

**(छ) निष्कर्ष**

बाबु र छोरासँग सम्बन्धित पारिवारिक विषय समेटेको छ । पहिले बिछोड भएपनि पछि मिलन भएको घटना आएको छ ।

## ४.२.१६ धर्म राख्यो भने भेट हुन्छ लोककथाको विश्लेषण

धर्म राख्यो भने भेट हुन्छ  बझाङको एक सामाजिक लोककथा हो । मानवीय सम्बन्धका संवेदनशील पक्ष यस लोककथामा आएको छ ।

(क) **कथानक**

प्रस्तुत कथा सामाजिक स्रोतबाट लिइएको हो । पहिले राम्रो सम्बन्ध भएमा पछि दुःख पर्दा काम लाग्छ भन्ने सन्देश कथामा आएको छ । कथा संयोगान्त रहेको छ । कथाको प्रारम्भ भागमा बझाङको एक गाउँमा बस्ने राम भन्ने मानिसका एक छोरा एक छोरी हुन्छन् । जेठो छोरा हर्केलाई १० पास गरेपछि आइ. एस्सी पढ्न काठमाडौं पठाइन्छ । काठमाडौंमै बझाङबाट गएकी सरिता भन्ने केटी पनि हुन्छन् । दुवैको भेट हुन्छ । भाइ टिकामा सरिताले हर्कलाई टिका लगाई भाइ बनाउँछिन् । हर्के फेल भएर घर फर्कन्छ ।

कथाको मध्य चरणमा सरिता पास भएर डाक्टरी पढ्न थाल्छिन् । हर्के घर गएर सरकारी स्कुलमा शिक्षक हुन्छ । आइ. यस्सी पास गरेर पछि बि.एड. पनि पास गर्छ । सरिता डाक्टर भएर बीर अस्पतालमा कार्यरत हुन्छिन् ।

लोककथाको अन्त्य भागमा तालिमका निमित्त काठमाडौं आउँदा हर्के दुर्घटनामा पर्छ । वीर अस्पतालमा भर्ना हुन्छ । सरिताले उसलाई चिन्दिनन् । पछि हर्केले सोधपुछ गरेपछि परिचय हुन्छ । उनले हर्केको उपचारमा राम्ररी सहयोग गर्छिन् । हर्के ठीक भएर घर फर्कन्छ ।

(ख) **पात्र/चरित्र**

यस लोककथामा हर्के र सरिता प्रमुख पात्र हुन् । कथाभरि उनीहरूको भूमिका देखिन्छ । हर्केको बुवा रामे सहायक पात्र हुन भने अस्पतालका कर्मचारी गौण पात्रका रूपमा आएका छन् ।

(ग) **परिवेश**

कथामा बझाङको स्थानीय ग्रामीण परिवेशको साथै काठमाडौं आएको छ ।कथाको आन्तरिक परिवेशका रूपमा हर्केको मनमा उठेका तरङ्गहरू रहेका छन् । बाह्य परिवेशमा स्कुल, क्याम्पस, सडक, वीर अस्पताल आदि पर्दछन् ।

**(घ) उद्देश्य**

आपसमा राम्रो सम्बन्ध भए लामो समयपछि पनि सहयोग पाइन्छ र आफन्तको आखिर भेट हुन्छ भन्ने सन्देश दिनु कथाको उद्देश्य रहेको पाइन्छ ।

**(ङ) भाषा**

यस लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बझाङी भाषिकाका शब्दहरू रइछ, भइछ आदि को प्रयोग भएको छ ।

**(च) शैली**

कथामा वर्णनात्मक शैलीको छ । कथामा प्रसङ्ग अनुसार संवादहरू आएका छन् । संवादमा स्थानीयता पाइन्छ ।

**(छ) निष्कर्ष**

यो सामाजिक विषयसँग सम्बन्धित कथा हो । यसमा मानवीय सम्बन्धको संवेदना आएको पाइन्छ ।

### ४.२.१७ 'पाले पुण्य मारे पाप' लोककथाको विश्लेषण

यो लोककथा बझाङमा धेरै प्रचलित लोककथा मध्ये एक हो । यसमा सामाजिक, नैतिक प्रसङग आएको पाइन्छ । यस लोककथामा एक जना धर्मात्मा बाबा र मुर्ख केटाहरूको प्रसङ्ग आएको पाइन्छ ।

**(क) कथानक**

बझाङ्को कुनै गाउँमा केही मुर्खहरू हुन्छन् । उनीहरू त्यहाँका मानिसहरूलाई सताउने गर्दछन् । त्यहाँ एक जना सिद्ध बाबा भएको र उनलाई सबले मान्ने गरेकोमा मुर्खहरूलाई रिस उठ्छ । उनीहरू बाबालाई तह लाउने उपाय सोची त्यहाँ पुग्छन् ।

कथाको मध्य भागमा उनीहरू बाबालाई धम्काउँछन् । उनले धेरै जान्ने भएकोले रिसले उनलाई तह लगाउने भनेर सोच्छन् ।

कथाको अन्त्य भागमा एउटा जिउँदो चरो ल्याएर हातमा बन्द गरी 'यो के हो ?' भनेर सोध्छन् । सोध्दा चरा भनेर जवाफ आएपछि 'जिउँदो बा मरेको' भन्दा 'पाले पुण्य मरे पाप'

भनेपछि उनीहरूको बाबालाई मुर्ख सावित गर्ने योजना असफल हुन्छ । उनीहरू माफी मागेर जान्छन् ।

**(ख) पात्र/चरित्र**

यस लोककथामा सिद्ध बाबा प्रमुख नायक हुन् । कथा उनकै वरिपरि घुमेको पाइन्छ । उरन्ठेउला मुर्ख मानिसहरू  असत पात्रको रूपमा रहेका छन् । उनीहरू सहायक पात्रको रूपमा आएका छन् ।

**(ग) परिवेश**

कथामा बझाङको स्थानीय ग्रामीण परिवेश आएको छ । कथामा रहेका मुर्ख मानिसको मानसिकता आन्तरिक परिवेशका रूपमा आएको छ । बाह्य परिवेशका रूपमा गाउँघर, बाबाको कुटी आदि पर्दछन् ।

**(घ) उद्देश्य**

मूर्खताले क्षणिक मनोरञ्जन भए पनि लामो समयसम्म मूर्खता टिक्न सक्दैन भन्ने सन्देश दिनु कथाको उद्देश्य रहेको छ ।

**(ङ) भाषा**

यस लोककथामा स्थानीय कथ्य भाषाको प्रयोग पाइन्छ । कथामा बझाडी भाषिकाका शब्दहरू भाटा, चणा, मारूली आदिको प्रयोग भएको छ ।

**(च) शैली**

कथाको शैलीमा  वर्णनात्मक आएको छ । कथामा कतैकतै संवादहरू आएका छन् ।  कथामा प्रसङ्ग अनुसार आएको संवादमा स्थानीयपन पाइन्छ ।

**(छ) निष्कर्ष**

कथाले नैतिक आदर्श प्रस्तुत गर्छ । गलत काम गर्नेले माफी माग्नु पर्ने परिस्थिति आएकोले कथामा रोचकता थपेको छ ।

### ४.२.१८ दिदी नहुँदा भाइको बिचल्ली लोककथाको विश्लेषण

दिदी नहुँदा भाइको बिचल्ली बभ्काङमा प्रचलित सामाजिक विषयक लोककथा हो ।

**क. कथानक**

प्रस्तुत कथा सामाजिक स्रोतबाट लिइएको संयोगान्त कथा हो । यस कथामा एक जना मान्छेको एक छोरा र एक छोरी हुन्छ । उनी सानै हुँदा बाबु मरेकाले छोरा छोरीले दुःख पाउछन् । कथाको आदि भागमा कुनै गाउँमा एक जना मान्छे हुन्छ । एक छोरा, एक छोरी भएको उसको छिट्टै मृत्यु हुन्छ । दिदी भाइबाहेक एउटा माले बाच्छो मात्र हुन्छ । दिदी घरको काम गर्दा भाइ बाच्छो चराउन वनमा गएको हुन्छ । भाई बाच्छो सहित साँझ घर फर्कन्छ । बिस्कुन हालेको र चराले बिस्कुन खाइरहेको हुन्छ । भाइले दिदीलाई यो कुरा भन्छ ।

कथाको मध्य चरणमा डाँकाहरू आएर भाइलाई घरमा को छौ भनी सोध्नु, उसले दिदी, आफू र बाच्छो मात्र भएको बताउँछ । भाईले दिदीलाई सर्तक गराएर बाहिर नजान आग्रह गर्नुका साथै मुखमा कालोमोसो दलेर बस्न भन्छ ।

अर्को दिन भाइ बन वएका बेला डाँका आउँछन् । दिदीलाई सोध्दा आफू मात्र भएको भन्छिन् । पानी माग्दा पानी छैन, साग पखालेको पानी मात्र छ भन्छिन् । त्यही माग्दा उनीहरूले त्यो पानी उनको मुखमा फाल्दा उनको अनुहार टलक्क टल्किन्छ । उनलाई जबर्जस्ती लगेर जान्छन् ।

कथाको अन्त्य भागमा भाइ घर आउँदा दिदी भेट्दैन । जति रोए पनि दिदी भेट्दैन । घरको बाहिरी रूखमा आएर भात पकाएर खान्छ । कौवा आउँदा कौवालाई पनि भात दिन्छ । फेरी रून थाल्दा कौवाले उसलाई उसको दिदी लगिएको ठाउँमा पुऱ्याउँछ । भाइले पुलिस कहाँ गएर पुलिसको सहयोगले दिदीलाई छुटाउँछ ।

**ख. पात्र/चरित्र**

यस लोककथामा दिदी, भाइ प्रमुख नायक पात्र हुन् उनीहरुको प्रसंगबाट कथा आरम्भ भई समाप्त भएको छ । त्यसैले यी सत्पात्र हुन । डाकाहरु असत पात्र हुन् । काग र बाच्छो सहयोगी सतपात्र हुन् । पुलिसहरु गौण पात्रका रुपमा आएका छन् । उनीहरु पनि सत्पात्र हुन् ।

**ग. परिवेश**

यस लोककथामा स्थानीय परिवेश पाइन्छ । आन्तरिक परिवेशमा दिदी नभेटेपछि भाइका मनमा उठेका त्रासका भावहरु आउँछन् । बाह्य परिवेशमा घर, जंगल र पुलिस अड्डा आदि रहेको छ ।

**घ. उद्देश्य**

हिम्मत राखेर कार्य गर्ने हो भने जस्तो सुकै असफलताबाट पनि पार पाउन सकिन्छ भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य रहेको पाइन्छ ।

**ङ. भाषा**

लोककथामा कथ्य भाषाको प्रयोग भएको छ । स्थानीय बझाङी भाषीका बाच्छो, बिस्कुन, तिस, कौवा आदिको प्रयोग भएको पाइन्छ ।

**च. शैली**

लोककथा वर्णनात्मक शैलीमा रहेको छ । संवादको प्रयोगले कथामा कौतुहलता उत्पन्न गराईरहन्छ ।

**छ. निष्कर्ष**

ग्रामीण परिवेश र पात्रमा आधारित यस लोककथामा दिदी भाइको प्रेम आएको छ । अप्ठ्यारो अवस्था पार गरेपछि भेट भएको घटना रोचक पाइन्छ ।

## ४.२.१९. सुर्मा देवीको बात लोककथाको विश्लेषण

सुर्मा देवीको बात बझाङ जिल्लामा प्रचलित धार्मिक लोककथा हो । यो कथा आस्था, श्रद्धा, र विश्वासका साथ भन्ने गरिन्छ । यो निकै प्रसिद्ध लोककथा हो ।

**क. कथानक**

प्रस्तुत कथा धार्मिक स्रोतबाट लिइएको हो । यो कथा वियोगान्त हो । दुर्गाका सोह्र बहिनीमध्ये सुर्मा पनि एक हुन् । यिनको उत्पत्ति एक भाइ मष्टाका साथ भारतमा भएको हो । त्यहाँ अशान्ति, अत्याचार भएपछि त्यो सहन नसकी बझाङको थलीमा आइ मनुष्यका लागि असल कार्यहरु गरेको कथामा पाइन्छ । लोककथाको आदि भागमा सोह्र बहिनीका पति महालिङ्गलाई कुष्टरोग लाग्छ । दुर्गाले सुर्मादेवीलाई औषधीका लागि लसुन कुट्न भन्दा सुर्मा देवीले मान्दिनन् । दिदी बहिनी छुट्टिन्छन् ।

लोक कथाको मध्य चरणमा सुर्मादेवीको कथा शुरू भएको छ । सुर्मादेवी बत्तीस लक्षण्ले युक्त हुन्छिन् । थारकै भेषमा बुढखोरी पुगिन् । थारले बिस्कुन खाँदा बोराकी श्रीमती रिसाइन् । गाउँ भरिका मानिस बोलाएर भगाउन खोज्दा सकेनन् । त्यहाँबाट बुंगल तम्लोली पुगिन् । उनले

त्यहाँ तम्तोलीमा आएर सुनमायाको रूप परिवर्तन गरिन् । तम्तोलीमा शिखाग्र जाने साइत हेरि मागिन् । त्यो साइत चित्त नबुझेपछि विभिन्न ठाउँ हुँदै मष्टा पुगिन् । मष्टामा दाजुकहाँ बसिन् । सुँगाली दाइजो माग्दा नदिएपछि सुवेडा डाना जोशी कहाँ साइत हेराइन् । बुधबारको साइत परेपछि आशीर्वाद दिएर अलग गईन् ।

कथाको तेस्रो चरणमा उनले कपटेनीको रूप धारणा गरेर कुमुन्तडा गइन् । थापा बस्ती पुग्दा पानी नदिएपछि श्राप दिइन् । चिउरी माण्डौ, लेकी हुँदै खेतकोट पुगिन् । सरू खड्काको घर बाहिर बसिन् । उनी त्यहाँ पुगेपछि अमिलाका दाना पाके । बाह्र वर्ष देखिको थारी गाई ब्यायो । यो देखेर खड्का दम्पत्तिले स्वागत गरे, सेवा गरे । सन्तानको रूपमा छोरा भयो । त्यहाँबाट सेलाखेत गईन् । बारिल्ला पुगिन् । बोरेनीले शिकारी कुकुर सहित श्रीमानलाई मार्न भनेर पठाउँदा दोगाड, ठूला भीर पुग्छिन् । घोगाडी गएर थारको भेषमा विस्कुन खाएपछि देवीलाई बोरेनीले हप्काउँछिन् । देवरहरू राम्दु र बाउदु थारलाई मार्न पछि लाग्छन् । विभिन्न ठाउँमा विभिन्न कार्य गर्दै माझकुण्ड पुगेर आफ्नो वास्तविक रूप देखाउँछिन् । उनीहरूलाई सन्तानको नाश भएपनि एक मात्र सन्तान बचोस् । तिमीहरू पनि बाँच । तिम्रा सन्तानले मेरो पुजा गरे भनेपछि उनीहरू पश्चाताप गर्दछन् । भाई चाँही दुःख भएर मार्मा जान्छ । धोगाडीहरू चेपिएर मर्छन् । थारको रूपमा सरोवरमा प्रवेश गरेकोले सुर्मा सरोवर नाम रह्यो । बझाङका गाउँ गाउँमा सुर्मा देवीको पुजा हुन्छ ।

### ख. पात्र/चरित्र

यस लोककथामा सुर्मादेवी नै प्रमुख पात्र मानिन्छन् । शुरुदेखी अन्तसम्म उनको वरिपरि कथा घुमेको पाइन्छ । उनको जन्मदेखि लिएर विभिन्न रुप धारण गरी सुर्मासरोवरसम्म पुगेको घटना उनकै भूमिका वरिपरि रहेको छ । कथामा आएका पात्रहरुमा दुर्गा, मष्टा, वोराकी श्रीमती सरु खडका उसकी श्रीमती, राउदु र वाउदु कथाको प्रसङ्गमा आएकाले सहायक पात्रका रुपमा रहेका छन् । घटनाको तारतम्य र पात्रहरुको उचित तालमेलले कथा आकर्षक भएको पाइन्छ ।

### ग. परिवेश

प्रस्तुत कथा नेपाली पहाडी परिवेशमा आधारित छ । कथाको परिवेश बझाङ जिल्लाका विभिन्न ठाउँहरु तिनको भौगोलिकता आएको छ । यस कथामा आन्तरिक भन्दा बाह्य परिवेशको सशक्त चित्रण पाइन्छ । सुर्मादेवीले विभिन्न ठाउँमा भ्रमण गर्दा विभिन्न मानिसहरुसँग अनेक रुप धारण गरी मान्छेको मानसिक भावनालाई बदल्नु आन्तरिक परिवेशको रुपमा आएको छ ।

बाह्य परिवेशका रुपमा भारतमा जन्म लिएर नेपाल (बझाङ)का विभिन्न ठाउँहरु थली तम्तोली, वारिल्ल, सेलाखेत, चिउरी, खेतकोट, घोगाडा आदि आएका छन् । उनले विभिन्न ठाउँमा गरेका भ्रमण विभिन्न ठाउँमा देखिएका मठ मन्दिर साँस्कृतिक परिवेशको रुपमा आएका छन् ।

**घ. उद्देश्य**

सुर्मादेवीको चरित्रको विश्लेषण गर्नु र उनका सिद्धिका बारेमा बताउनु लोककथाको उद्देश्य रहेको छ । मानिसहरुमा धर्मप्रतिको आस्था जगाउनु कथाको मुल उद्देश्य रहेको पाइन्छ ।

**ङ. भाषा**

यस लोककथामा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । बझाङकै लगनवात, तत्तिकी, छिपिली झान हमै आदि विभिन्न ठाउको मिश्रण भाषिका कथामा पाइन्छ ।

**च. शैली**

कथाको शैली वर्णनात्मक रहेको छ । कथामा आंशिक रुपमा संवादहरु पनि आएका छन् । संवादमा स्थानीयपनको झल्को आएको पाइन्छ ।

**छ. निष्कर्ष**

इस सुर्मादेवीको बात लोककथामा सुर्मादेवीको जन्मदेखि सुर्मासरोवरसम्म पुग्दा सम्मका घटना आएका छन् । भ्रमणका क्रममा उनले आफ्नी दिदी बहिनीसग कुरा नमिल्दा अलग बसी विभिन्न ठाउँका मान्छेहरुलाई आशिर्वाद दिने, सन्तान दिने जस्ता कुरा कथामा भएकाले उनको लोकहितकारी कार्यको सबैजसो जनताले स्वीकार गरी पूजा, पाठ गरेको पाइन्छ ।

## ४.२.२०. गरिबलाई दु:ख लोककथाको विश्लेषण

गरिबलाई दू:ख लोककथा बझाङ जिल्लामा प्रचलित सामाजिक लोककथा हो ।

**क. कथानक**

प्रस्तुत कथा सामाजिक स्रोतबाट लिइएको हो । यो कथा वियोगान्त रहेको छ । कथाको आदि भागमा कुनै एक गाउँका मानिस चप्पल लगाउँदैन थिए । उनीहरू छालाको चप्पल लगाउँथे । त्यो छालाको चप्पल बनाउने मानिस दले सार्की थियो । श्रीमती सोझी भएको उसका सात जनाको परिवार थियो । ऊ गाउँका गाईवस्तु मरेको खोजेर त्यसको छालाबाट चप्पल

बनाउने कार्य गर्दथ्यो । खडेरी परेर उसका दुई छोरा र एक छोरीलाई दादुरा आयो र उनीहरूको मृत्यु भयो । छोराछोरीको मृत्युले उसकी श्रीमती अत्यन्त दुःखी हुन्छिन् । कथाका मध्ये चरणमा, जेठको झरीको बेला दले खोला तर्न नसकेर अर्को गाउँमा रोकिन्छ । वर्खामा पानी घरमा जान्छ । चिन्ताले गर्दा उसकी श्रीमतीको मृत्यु हुन्छ । छोराछोरी र श्रीमती मर्नाले दले अत्यन्त दुःखी हुन्छ । ऊ घोरिने, काममा पुस्तिने कार्य गर्दछ ।

कथाको अन्त्य चरणमा दले चौतारीमा बसेको बेला मुखिया आएर खेतीको काममा सहयोग गरे अन्न दिने कुरा गर्छ । दलेले खेतीको काम पुरा गरेपछि मुखियाले भनेको भन्दा आधा दिएर घर पठाइदिन्छ । दले रूँदै कराउँदै घर फर्किन्छ ।

**ख. पात्र/चरित्र**

यस लोककथामा दले मुख्य पात्र, उसकी श्रीमती सहयोगी पात्र र मुखिया खलपात्रका रुपमा रहेका छन् । दलेकै माध्यमबाट कथा शुरु भई अन्त्य भएको देखिन्छ । दले र उसकी श्रीमली सत्पात्र हुन् भने मुखिया असत पात्र हो । दलेका छोराछोरी कथाका सहायक पात्रका रुपमा रहेका छन् । उनीहरु पनि सत्पात्र नै हुन् ।

**ग. परिवेश**

यस लोककथामा स्थानीय परिवेश पाइन्छ । आन्तरिक परिवेश जीवनका विभिन्न कठिनाईहरु भोग्नुपर्दा दलेको मनमा उठेका भावहरु पर्दछन् बाह्य परिवेशमा गाउँघर, खेत, चौतारी आदि आएका छन् ।

**घ. उद्देश्य**

गरिब मानिसलाई लुटेर धनी मानिसहरु सम्पन्न हुन्छन् भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य रहेको पाइन्छ ।

**ङ. भाषा**

यस लोककथामा कथ्य भाषको प्रयोग भएको छ साथै स्थानीय बझाङी भाषीका दिउस, गर्खा, बान्ना, झाई प्रस्तुत गरिएको छ ।

**च. शैली**

यस लोककथामा वर्णनात्मक शैली आएको छ । संवादको प्रयोगले कथामा उत्सुकता जागृत गराइरहन्छ ।

**छ. निष्कर्ष**

ग्रामीण पृष्ठभूमि र पात्रमा आधारित यस लोककथामा मानिसलाई शोषण गर्ने प्रवृति र गरिबको दिनदशाको चित्रण गरिएको छ ।

## ४.२.२१. बुद्धिमान बुढाबुढी लोककथाको विश्लेषण

बुद्धिमान बुढाबुढी बभ्काङको निकै प्रचलित सामाजिक लोककथा हो । यस लोककथामा बुढाबुढी र उनीहरुको बुद्धिमानीको प्रशंसा भएको पाइन्छ । यो लोककथा संयोगान्त लोककथा हो ।

**क. कथानक**

यस कथाको आदि भागमा बभ्काङको उल्टी ढुङ्गा भन्ने ठाउँमा रिठ्या र बाटुली नामका लोग्ने स्वास्नी बस्छन् । गरिब भए पनि श्रम गरेर बाँचेका हुन्छन् । श्रीमती चाँही ढिकी जाँतो, घाँस दाउरा गर्ने काम गर्थिन् । चाडपर्वमा पनि भोकै पर्ने अवस्था कहिलेकाहीँ आउँथ्यो । माघे सङ्क्रान्ति आएपछि दुवैको सेल खाने इच्छा भएछ । बुढीले टाढाको गाउँ र बुढा नजिकको गाउँ जाने कुरा भएछ । बुढीले टाढाको गाउँ र बुढा नजिकको गाउँ गएर माग्ने निश्चय गरेछन् । नजिकको गाउँमा बाघ भालुको डर भएकोले बुढा नजिकको गाउँ गए । बुढी छिट्टै फर्के पनि बुढा साँझसम्म घर फर्केनन् । बुढी चिन्तामा परिन् ।

कथाको दोस्रो चरणमा आउँदा बुढा घर फर्कंदा भालुसँग भेट हुन्छ । भालुले खानेकुरा देउ नत्र मर्न तयार हुनु भन्छ । झोलामा मास भएको हुन्छ । बुढाले आफूलाई खाए पनि मास भन्दा मिठो नभएकोले घर लगेर मास ख्वाउने कुरा गर्छ । भालुले बुढालाई पिठमा बोकेर घरसम्म पुऱ्याउँछ । भोली मासको रोटी खाने कुरा हुन्छ । बुढाले बुढीलाई मास भिजाउन भन्छ र भोलि तिमी म अनि मात्र भन्छ । बुढीले कुरा बुझिसक्छ । बुढाबुढीले सगै मर्न बाँच्ने कुरा गर्छन् । रोटी पाकेपछि बुढीले आफू, बुढा र भालुमा एक/एक बाँड्ने कुरा गर्छे ।

कथाको अन्त्य भागमा बुढाले आफू दुई, आधा बुढी र आधा भालुलाई दिने भन्छ । रोटी पाकेपछि बुढाले सबै रोटी खाइदिन्छ । भालुबाट बच्न बुढाबुढी चिण्डोभित्र लुक्छन् । भालुले केही नदेखेपछि त्यही चिण्डोलाई काँधमा बोकेर लग्छ । वनमा काफल पाकेको देखेर भालु आफू र

आफ्ना बच्चाको लागि भनेर काफल टिपेर चिण्डोमा  खसाल्छ । काँचो आफू खान्छ । पाको चिन्डोमा राख्छ । बुढाले मात्र खाँदा बुढाबुढीमा भ्रगडा हुन्छ । घैटोल आफूलाई खाने हो की भनेर भालु जंगलमा भाग्छ । बुढा बुढी जमिनमा खसेर बच्छन् । भालु जंगल जान्छ ।

**ख. पात्र/चरित्र**

यस लोककथामा बुढाबुढी शुरुदेखि अन्त्यसम्म आएकोले प्रमुख पात्र हुन् । उनीहरु सतपात्र हुन । भालु कथाको बिचबाट आएकोले सहायक पात्र हो । दुख दिने, सताउने कार्य गर्ने भएकोले उसलाई असत पात्र भन्न सकिन्छ ।

**ग. परिवेश**

कथामा बुढाबुढीका मनमा उठेका विभिन्न विचारहरु आन्तरिक परिवेशका रुपमा रहेका छन् भने बाह्य परिवेशमा बुढाबुढीको घर, गाउ र जंगलको परिवेश आएको छ । कथामा स्थानीय पहाडी परिवेश आएको छ ।

**घ. उद्देश्य**

बुद्धिमानी साथ काम गर्ने हो भने जस्तोसुकै आपत आएपनि पार लाग्छ भन्ने सन्देश दिनु नै कथाको उद्देश्य रहेको पाइन्छ ।

**ङ. भाषा**

यस लोककथामा कथ्य भाषको प्रयोग छ । स्थानीइ बभ्राडी भाषिका चिन्डो, रोटो आदिको प्रयोग पाइन्छ ।

**च. शैली**

कथामा वर्णनात्मक शैली प्रयोग गरिएको छ । बुढाबुढी र भालुका बिचको संवादले कथालाई रोचक बनाएको छ ।

**छ. निष्कर्ष**

यो सामाजिक लोककथा हो बुढाबुढीले उट्पट्याङ क्रियाकलाप र भालुबाट बच्न गरेका उपायले कथा रोचक बनेको पाइन्छ । यो बभ्राङको निकै प्रसिद्ध लोककथा हो ।

### ४.२.२२ एक राजा सात रानी लोककथाको विश्लेषण

'एक राजा सात रानी' बझाङ जिल्लाको प्रचलित लोककथा मध्ये एक हो । यस लोककथामा सौतेनी डाहमा परेर एक बालकलाई समाप्त गर्न खोज्ने सौतेनी आमाको प्रवृत्ति आएको पाइन्छ ।

**क. कथानक**

यो लोककथा अति काल्पनिक विषय स्रोतबाट लिइएको हो । कथामा सौतेनी इर्ष्याको कारण महिलाहरुमा हुने द्वन्द्व र अरुलाई दुःख दिने प्रवृत्तिको चित्रण छ । यो कथा संयोगान्तमा नै टुङ्गिएको छ । कथाको आदि भागमा एक राजाका सात रानी रहेको पाइन्छ । राजाले कान्छी रानीलाई बढी माया गर्दा रहेछन् । कान्छीबाट बच्चा जन्मने भएछ । राजा शिकार गएका बेला रानीलाई व्यथा लागेछ । राजालाई राती यो कुरा थाहा हुन्छ । राजाले घण्टी लगाएर अप्ठ्यारो पर्दा त्यो बजाउनु भन्छन् । बजाए आफू जहाँ भए पनि आउने कुरा राख्छन् । कान्छी रानी बाहिर जाने बेलामा घण्टी बज्छ । लगातार तीन दिनसम्म यसरी नै बज्दा राजाले वास्ता गर्न छोड्छन् । एकदिन साँच्चीकै व्यथा लाग्दा राजाले पहिले जस्तै ठानेर आउँदैनन् च्यापेर पटक-पटक बजाउँदा पनि राजा आउँदैनन् ।

छ वटा रानीले थाहा पाएर सोधपुछ गर्छिन् । राजकुमार जन्म दिएर कान्छी रानी मुर्छा पर्छिन् । जेठी रानीले बच्चालाई गोठमा फालेर ढुंगामा रगत लगाएर रानी छेउ राखिदिन्छन् । कान्छी रानीले बच्चाको बारेमा सोध्दा ढुङ्गा जन्म भएको भनिन्छ । त्यो बालक गोठमा गाईको दुध-खाएर बाँच्छ । माहिली रानी गोठ जाँदा बच्चा जिउँदै देखेपछि डोकोमा राखेर खाल्डामा फाल्न लगाउँछिन् । मलको किरा खाएर बच्चा बाँच्छ । नोकरलाई मल फाल्न उनले अह्राउँछिन् । साँहिली रानीले सिस्नाको झाडमा फाल्न लगाउँछिन् ।

लोककथाको मध्य चरणमा गाउँकी बुढी आइमाइले सिस्नुको झाँगबाट बच्चा घर लग्छिन् । बच्चाको नाम रमित राखिन्छ । बच्चा १० वर्षको भएपछि बाहिर जान चाहेको कुरा बताउँछ । बाहिर आएपछि एउटा बच्चाले गुलेली खेलिरहेको देखेपछि गुलेली माग्दछ । गुलेलीले हान्दा छिमेकी महिलाले उसलाई गाली गरेर रानीको अपुतो छोरो भन्छे । किन यस्तो भनेको भनेर थाहा पाउन एक पाथी धान दिएर सोध्छ । घोडामा मानिस गइरहेको देखेर बुढीलाई घोडा किनिदिन भन्छ । बुढीले काठको घोडा किनिदिन्छिन् ।

लोककथाको अन्त्य खण्डमा राजाको खेतमा रोपाँइ चलिरहेको हुन्छ । घोडालाई पानी खुवाउँछु भनेर रमितले कुलो भाँचिदिन्छ । रोपाँइमा बाधा पुग्छ । राजाले जेठी रानीलाई किन रोपाँइ रोकिएको होला भनेर हेर्न पठाउँछ । रानीले किन भाँचेको भन्दा मान्छेबाट ढुङ्गा जन्मन्छ ? भन्दा रानी चुप लागेर जान्छिन् । माहिली रानी आउँदा पनि त्यस्तै जवाफ आएपछि क्रमशः ६ वटा रानीहरू फर्किन्छन् । अन्त्यमा कान्छी रानी आएर ढुङ्गाको बच्चा जन्मेको काँ देख्यौ भनेपछि रानी रूँदै फँर्कन्छिन् । राजासँग उनले सबै कुरा बताएपछि राजारानी बच्चा खोज्छन् । बुढीलाई पनि सोधिन्छ । यथार्थ पत्ता लागेपछि बच्चा र बुढीलाई पनि दरबार लगिन्छ । ६ वटी रानीलाई सजाय दिने भन्दा बच्चाले माफी दिने भनेपछि सोही अनुसार गरिन्छ ।

### ख. पात्र/चरित्र

यस लोककथामा एक राजा र सात रानी प्रमुख पात्रका रुपमा आएका छन् । राजा र कान्छी रानी सत चरित्र हुन भने छ रानीहरु असत चरित्र हुन । त्यस्तै गरी बुढी आइमाइ र कान्छी रानीको छोरा रमित सहायक सतपात्र हुन् । छिमेकी महिला, नोकर गौण पात्रका रुपमा आएकी छन् ।

### ग. परिवेश

लोककथामा स्थानीय परिवेश आएको छ । आन्तरिक परिवेशका रुपमा कान्छी रानी र उनको छोरा रमितका मनमा उठेका भावहरु आएका छन् । बाह्य परिवेशको ठाउँमा दरबार, बुढी महिलाको घर र खेत रहेका पाइन्छ ।

### घ. उद्देश्य

जतिसुकै षडयन्त्र गरेपनि एकदिन पोल खुल्छ  भन्ने सन्देश दिनु कथाको उद्देश्य रहेको पाइन्छ ।

### ङ भाषा

यस लोककथामा कथ्य भाषाको प्रयोग गरिएको छ । स्थानीय बझाडी भाषिका बासा, झान, झाड, पोस्रो आदि कथामा प्रस्तुत गरिएको छ ।

### च. शैली

एक राजा सात रानी लोककथामा वर्णनात्मक शैली अपनाइएको छ । विभिन्न समयमा आउने संवादले कथालाई रोचक बनाएको छ ।

### छ. निष्कर्ष

यो लोककथा अति काल्पनिक स्रोतबाट लिइएको छ । कथामा सौतेनी रिसका कारण निर्दोष बालकमाथि अन्याय गर्ने सौतेनी आमालाई पछि त्यहि बालकका कारण माफी पाएको रोचक प्रसङ्ग कथामा अभिव्यक्त छ ।

## ४.२.२३. देवताको वरदानबाट छोरा पाए कथाको विश्लेषण

देवताको बरदानबाट छोरा पाए कथा बझाङ जिल्लामा प्रचलित धार्मिक लोककथा हो । यो लोककथा देवतालाई आस्था र श्रद्धा मानी भन्ने गरिन्छ ।

### क. कथानक

प्रस्तुत लोककथा धार्मिक लोककथा भएकोले धर्म सम्बन्धी आस्था र विश्वासका साथ अगाडी बढे मनले चिताएको कुरा पुरा गर्न सकिने रहेछ भन्ने विश्वास यहा दिइएको छ । राजाको छोरा नभए पछि देवताको आस्था गरी छोरा भएकोमा कथा संयोगान्त रहेको छ । कथाको आदि भागमा सुनिकोट भन्ने ठाउँमा विशु नामका राजा हुन्छन् । उनका भाना र कुवेर नामक छोरा छन् । भाना राजा भएपछि उनले मष्टा देवताको अपमान गरेकोले उनको सन्तान हुँदैन । देवतालाई गोठमा थुनेका कारण छोरा नभएर दु:ख पाउँछन् ।

कथाको मध्य चरणमा राजा-रानी साठी पुगेपछि चिन्तित हुन्छन् । देवी र केशरीको पूजा गरेपछि लाँकुडा अवतार भएर टाउकोमा चिन्ह भएको छोरा पाउने वरदान दिएको पाइन्छ ।

कथाको अन्त्य भागमा रानी गर्भवती भएर छोरा पाउनु र छोराको नाम शक्ति राखिनु रहेको छ । परिवारका सबैले देवताको पूजा गर्दछन् । केशरी अवतार भएर पुत्रलाई काखमा नचाउने गर्छन् । प्रत्येक वर्ष बलि चढाउनु र वस्त्र गहना चढाउनु भन्ने कबोल गराउँछन् । राज परिवारले दान गरी प्रत्येक वर्ष भने अनुसार गरिरहन्छन् । पछि शक्ति राजा भएको कुरा कथामा आएको छ ।

### ख. पात्र/चरित्र

यस लोककथामा राजा, रानीले कथालाई प्रारम्भ दिइ अन्त्यसम्म भूमिका देखाएकाले नायक/नायिका प्रमुख सतपात्रका रूपमा मानिन्छन् । राजाका बुवा बिशु, राजा कुवेर, भाई मष्टा देवता र शक्ति नाम गरेका छोरा सहायक पात्र हुन् । देवताका पूजारी र जनता गौण पात्रका रुपमा रहेका छन् ।

(ग) **परिवेश**

राजाका सन्तान नहुँदा मनमा उठेको छटपटी आन्तरीक परिवेशको रुपमा आएको छ । बाह्य परिवेशमा दरबार, मन्दिर आएका छन् भने साँस्कृतिक परिवेश मन्दिरमा बोका बलि चढाउँनु रहेको छ, यहाँ स्थानीय परिवेश पाइन्छ ।

**घ. उद्देश्य**

धार्मिक आस्थाका साथ काम गरेमा देवताले फल दिन्छन् भन्ने सन्देश दिनु यस लोककथाको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

**ङ भाषा**

यस कथामा कथ्य भाषाको प्रयोग गरिएको छ । कथामा सरल स्थानीय बझाङी भाषिकाको पनि प्रयोग भएको छ ।

**च. शैली**

लोककथामा वर्णनात्मक शैली अपनाइएको छ । कथालाई संवादले रोचक बनाएको छ ।

**छ. निष्कर्ष**

यो धार्मिक स्रोतमा आधारित लोककथा हो । राजारानीले देवी देवतालाई प्रसन्न बनाएर छोरा पाएको यो कथा बझाङ भरी विशेष महत्वकासाथ सुनाउने गरिन्छ ।

## ४.२.२४. माल बाखाको लोककथाको विश्लेषण

यो लोककथा बझाङमा प्रचलित लोकप्रिय लोककथा मध्ये एक हो । यस लोककथामा पारिवारिक घटना आएको छ ।

**क. कथानक**

माल बाखाको लोककथा सामाजिक स्रोतबाट लिइएको छ । सौतेनी आमाले निर्दोष बालकहरुलाई दुःख दिएको घटना कथामा प्रस्तुत छ । यो संयोगान्त कथा हो । यस कथाको आदि भागमा रमेश बहादुर नामक गरिब मान्छेका एक छोरा र एक छोरी हुन्छ । बच्चाहरू सानै हुँदा पहिलेकी श्रीमतीको मृत्यु हुन्छ । पछि बिहे गरेकी श्रीमतीबाट ३/४ वटा बच्चा जन्मन्छन् । आर्थिक बोझ बढेपछि रमेश भारत जान्छन् । जाने बेला परिवारका सबै सदस्यहरूलाई के के

ल्याइदिउँ भनेर सोध्छन् । श्रीमान गईसकेपछि सौतेनी आमाले आफ्ना बच्चालाई राम्रो र सौतेनी छोराछोरीलाई जौ को रोटी मात्र दिने गर्छिन् । आफ्ना बच्चालाई स्कुल र सौताका छोराछोरीलाई बाखा चराउन लगाउँछिन् । विमल र रमिला नामका केटाकेटी घरमा खान नपाएका कारण वनमा रून थाल्छन् । माल बाखाले दया मानेर बाँया सिङ फूकाल, त्यसले मागेको खाना दिन्छ भनेपछि सोही अनुसार गर्छन् । खाना पाएर उनीहरूलाई नियमित जसो खाना आइरहन्छ । उनीहरू मोटो र सौतेनी आमाको छोराछोरी दुब्ला पातला हुन्छन् । सानो बच्चा विमललाई सौतेनी आमाले सोध्दा उसले यथार्थ बताउँछ । सौतेनी आमाद्वारा छोराछोरी वन पढाइन्छ । दायाँ सिङ फूकाल्दा अरिङ्गाल आएर टोक्छ । शरीर हेर्दा मोटाए जस्तो देखे पनि यथार्थ थाहा पाए पछि रिसाउँछिन् ।

कथाको मध्य चरणमा श्रीमान घर फर्केपछि ज्योतिषलाई पैसा दिएर तिम्री श्रीमती विमार छिन, औषधीका लागि बाखालाई मार्नु पर्छ भन्न लगाउँछिन् । श्रीमान पनि उनको भनाइमा लागेर मार्न तयार हुन्छ ।

कथाको अन्त्य भागमा विमल र रमिलाले थाहा पाएर वास्तविक कुरा बाखालाई भन्छन् । बाखाले तिमीहरूले मेरो मासु नखानु, हड्डी टिपेर खाडलमा राख्नु भन्दछ । विमल सानो भएकोले मासु खाइदिन्छ । रमिलाले हड्डी टिपेर खाडलमा राख्दछ । विमल बाखाको मासु खाएकोले सुनको सर्पमा परिणत हुन्छ । भाई चिनियोस भनेर रमिलाले भाइलाई निधारमा टिका लगाइदिन्छे । हड्डी रोपेको ठाउँमा सुनको खम्बा बन्छ । कसैले हल्लाउन, काट्न पनि सक्दैन । रमिलाले छुँदा मात्र ढल्दछ । भाई सर्प भएर सर्पको दुलोमा जान्छ । दिदी रून्छिन् । रोएर आँशुको पोखरी बन्दछ । शिकारीले पोखरीको पानी खान्छ । पानी नुनिलो कसरी भयो होला भनेर हेर्दा केटी रोइरहेको हुन्छ । कारण सोध्दा भाई सर्प भएकोले दुलाबाट बाहिर निकाल्न अनुरेध गर्दछ ।

भाइ चिनेपछि चार टुक्रा पारेर भाई (मान्छे) व्युँतिन्छ । सुनको खम्बा, रमिला, विमल शिकारीसँगै बस्छन् ।

### ख. पात्र/चरित्र

यस लोककथामा सौतेनी आमा, विमल र रमिला प्रमुख पात्रका रुपमा छन् । सौतेनी आमा असत पात्र हुन् भने विमल र रमिता सत पात्र हुन् । रमेश बहादुर सौतेनी आमाका छोराछोरी सहायक पात्र हुन् विमल र रमिलाको आमा, ज्योतिषी गौण पात्रका रुपमा आएका छन् ।

**ग. परिवेश**

लोककथामा स्थानीय परिवेश आएको छ । आन्तरिक परिवेशका रुपमा विमल र रमिलाका मनमा उठेका भावहरु रहेका छन् । बाह्य परिवेशको रुपमा घर परिवार, जंगलका साथै भारत पनि आएको छ ।

**घ. उद्देश्य**

गलत कार्यको फल राम्रो हुदैन । दुःखी मानिसलाई साथ दिने मानिस पनि हुन्छन्  भन्ने सन्देश प्रदान गर्नु यस लोककथाको उद्देश्य रहेको छ ।

**ङ. भाषा**

यस लोककथामा कथ्य भाषाको प्रयोग गरिएको छ । यहाँ स्थानीय बझाडी भाषाको प्रयोग गरिएको छ । स्थानीय बझाडी भाषीका खड्याई, दुला आदि शब्दहरू कथामा प्रस्तुत गरिएको छ ।

**च. शैली**

यस लोककथामा वर्णनात्मक शैली अपनाइएको छ । विभिन्न समयमा आउने संवादले कथालाई रोचक बनाएको छ ।

**छ. निष्कर्ष**

यो लाककथामा सामाजिक स्रोतबाट आएको  छ । कथामा सौतेनी आमाले छोराछोरीलाई दुःख दिए पनि उनीहरु समस्याबाट मुक्त हुन्छन् ।

**६. उद्देश्य**

नजिकको नातेदार हुँदैमा आफ्नो हुँदैन, अरू पनि सहयोगी हुन्छन् भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य हो ।

## ४.२.२५. मान्छे राक्षसको कब्जामा लोककथाको विश्लेषण

यो लोककथा बझाडको राक्षस सम्बन्धी कथा हो । मानिस र राक्षसको सङ्घर्ष यस लोककथामा आएको पाइन्छ ।

### क. कथानक

यो अति प्राकृतिक स्रोतबाट लिइएको कथा हो । मानवीय र राक्षसी शक्तिबिच भएको द्वन्द्वमा मानविय शक्तिको विजय कथामा वर्णित छ । कथाको आदि भागमा एक परिवारमा दुई भाई हुन्छन् । मंसिरका महिना खेती पाती गरेर घर फर्कन्छन् । हलो बाँध्ने डोरी नल्याएकोमा दाइले भाईलाई ल्याउन पठाउँछ । भाइ राक्षसको कब्जामा पर्छ । राती भाइ नआउदा चिन्तित भएर भाइको खोजीमा लाग्दछ ।

मध्य भागमा राक्षसले नदी तर्दै उकालोमा लग्छ । उकालोमा लग्न नसकेपछि रूखमा बाँधेर तल फाल्दा तलबाट ऊ भाग्छ तापनि डोरीले तानेर उसलाई घर ल्याइन्छ । घर ल्याएर बुढी आमा र छोरीलाई हेर्न लगाउँछ । मासु ल्याएर उसलाई पनि खानेकी भनी सोध्दछ ।

कथाको अन्त्य भागमा तेस्रो दिन राक्षस बाहिर गएका बेला बुढी आमा र छोरीले हेर्न नसक्दा ऊ भाग्न सफल हुन्छ । घर पुग्दा सबै छक्क पर्छन् । गाउँले हात हतियार सहित बस्छन् । धेरै मानिस देखेपछि राक्षस भाग्छ तर उसकी छोरी भाग्दिन । त्यो मानिसले आफ्ना घरका मान्छेलाई यथार्थ कुरा बताउँछ । राती त्यो मानिस मर्छ । राक्षस्नी ढुङ्गामा परिणत हुन्छे ।

### ख. पात्र/चरित्र

यस लोककथामा राक्षस र थुनामा पर्ने मानिस(भाइ) प्रमुख पात्र हुन । राक्षस असत पात्र ( खलनायक) हो भने थुनामा पर्ने मानिस सत पात्र हो । दाइ, राक्षसको आमा, राक्षसको छोरी सहायक पात्र हुन् । दाइ सत्पात्र हो भने राक्षसको आमा र राक्षसको छोरी असत पात्र हुन् गाउलेहरु असत पात्रका रुपमा आएका छन् ।

### ग. परिवेश

लोककथामा स्थानीय पहाडी परिवेश आएको छ । थुनिनुपर्दा मानिसको मनस्थिति र अन्त्यमा मानिसको घेराबन्दीमा परेर भाग्नुपर्दा राक्षसको मनस्थिति आन्तरिक परिवेशका रुपमा आएको छ । भने कथामा आएको गाउघर, राक्षसको घर बाह्य परिवेशको रुपमा आएको छ ।

### घ. उद्देश्य

साहस गर्ने हो भने जस्तासुकै विपत्तिबाट पनि बच्न सकिन्छ भन्ने सन्देश दिनु यस लोककथाको उद्देश्य रहेको पाइन्छ ।

**ङ. भाषा**

यस लोककथामा कथ्य भाषाको प्रयोग छ । स्थानीय बझाङी भाषिकामा बुने, अरी, हलौणो, गाड, लणो आदिको प्रयोग पाइन्छ ।

**च. शैली**

यस लोककथामा वर्णनात्मक शैली अपनाइएको छ । विभिन्न समयमा आउने संवादले कथालाई रोचक बनाएको छ ।

**छ. निष्कर्ष**

यो अति प्राकृतिक स्रोतमा आधारित कथा हो । बलवान राक्षसबाट ज्यान जोगाउन पुगेको मानिसको संघर्ष कथामा रोचक ढंगले आएको छ ।

## ४.२.२६. धामीले राक्षसको भूत (पाठो) खाए लोककथाको विश्लेषण

यो लोककथा बझाङी समाजमा प्रसिद्ध लोककथा मध्ये एक हो । यस लोककथामा दैवी शक्तिका सामु राक्षस डराएको घटना पाइन्छ ।

**क. कथानक**

लोककथा अति प्राकृतिक स्रोतमा आधारित लोककथा हो । यसमा सिद्धि प्राप्त भएको छ । यो कथा संयोगान्त कथा हो । लोककथाको आदि भागमा एक जना शक्तिशाली धामी आएको छ । धामीको घर नजिक जग्गा भएको पाइन्छ । विभिन्न रूख, झारपात रहेको हुन्छ । त्यहाँ भएका ढुङ्गा हटाएर खेतीयोग्य जमिन बनाएको हुन्छ ।

कथाको मध्य भागमा जमिन नजिक एक पाठो पनि आइरहने हुन्छ । धामीले समाउँदा त्यो पाठो भाग्दछ । धामीको सपनामा राक्षस आएर जग्गा बनाउँदा आफूलाई डर लागेको र एक पाठो दिएको कुरा गर्छ ।

अन्त्य भागमा जग्गामा रहेका झारपातमा आगो लगाउँदा कपडामा कालो खरानी लाग्दछ । सफा गर्न धारामा जाँदा उसलाई चिसो लाग्छ । चिसो भगाउन ओडारमा गएर ऊ पल्टन्छ । धामीमा देवताको बास भएकोले राक्षस गर्जेर कराउने गर्छ । आवाज सुन्दा धामी छक्क पर्छ । ढुंगा फाल्दा त्यहाँ पाठी आउँछ । पाठोलाई उसले घर ल्याउँछ । राक्षस सपनामा आएर आफू र आफ्ना परिवार ओडारमा बस्न नसक्ने भयौं । पाठो दिइसकेको छु भनेर भन्दछ । सपनामा

उसले अर्को पाठो पनि माग्दछ । दिने बचन दिन्छ । ढुंगा फालेर जग्गालाई राम्रो बनाइन्छ । फेरी अर्को पाठो आउँछ । धेरै प्रयास पछि पाठो समाउन सफल हुन्छ र घर फर्कन्छ ।

**ख. पात्र/ चरित्र**

यस लोककथामा राक्षस र धामी प्रमुख पात्रका रुपमा आएका छन् । राक्षस असत पात्र हो भने धामी सत पात्र हो । कथामा सहायक पात्रका रुपमा पाठो आएको छ । पाडो मानवेत्तर पात्रको रूपमा आएको छ ।

**ग. परिवेश**

यस लोककथामा स्थानीय पहाडी परिवेश आएको छ । धामीको नजिक हुदा राक्षसमा आएको त्रास कथामा आन्तरिक परिवेशका रुपमा आएको छ भने गाउघर, राक्षसको निवास बाह्य परिवेशको रुपमा आएको छ ।

**घ. उद्देश्य**

केही पाउनका लागि केही गुमाउनु पर्छ भने सन्देश दिनु यस लोककथाको उद्देश्य रहेको पाइन्छ ।

**ङ. भाषा**

यस लोककथामा कथ्य भाषको प्रयोग गरिएको पाइन्छ । स्थानीय बझाडी भाषिकामा धामी, जग्गा, ओढार, लालावाला आदि शब्दहरूको प्रयोग पाइन्छ ।

**च. शैली**

यस लोककथामा वर्णनात्मक शैली अपनाइएको छ । संवादको कारण कथा रोचक भएको पाइन्छ ।

**छ. निष्कर्ष**

यो मानवीय र दानवी शक्ति बिचको द्वन्द्वको कथा हो । यस लोककथामा दैवी शक्ति प्राप्त मानिसका सामु राक्षस हारेको छ । कथामा राक्षसको भयलाई राम्ररी देखाइएको छ ।

### ४.२.२७. नझाने गाउँको बाटो नसोध्नु, लोककथाको विश्लेषण

यो लोककथा बझाङमा धेरै पहिलेदेखि चल्दै आएको पाइन्छ । यसमा सामाजिक र पुराकथात्मक प्रवृत्ति पाइन्छ ।

**क. कथानक**

नझाने गाउँको बाटो नसोध्नु लोककथा सामाजिक स्रोतबाट लिइएको कथा हो । यसमा मृत्युको रहस्य पत्ता लगाउने मानिसको कथा रहेको छ । यो वियोगान्त कथा हो । कथाको आदि भागमा एउटा गाउँमा महामारी फैलिन्छ । धेरै मानिस मरेर उनीहरूको विचल्ली हुन्छ । एकजना अरू भन्दा विपरित काम गर्ने मानिस हुन्छ । अरूले देवताको पूजा गरेको बेला उसले कालको पूजा गर्दछ । काल खुशी भएर उसलाई वर माग्न भन्छ । तिम्रो अदृश्यता देखेर सबै छक्क छन् । अब म के उत्तर दिउँ भनेर त्यो मानिसले भनेपछि मलाई तिमीले मात्र देख्नेछौ, यो रहस्य भंग गरेमा तिम्रो मृत्यु हुने छ भनेर उत्तर दिन्छ । ससुरा बिमारी भएपछि त्यो मानिस श्रीमती लिएर ससुराल जान्छ ।

कथाको मध्य चरणमा त्यो मानिस श्रीमती सहित जाँदा बाटामा दमाई बस्ती पर्ने रहेछ । दमाई मर्न लागेको देखेर ऊ रून थाल्छ । ससुरालीमा जाँदा मर्न लागेका ससुरालाई कालले राम्ररी खान नदिने, चाडपर्व मनाउन नदिने र नातेदार कसैलाई नचिन्ने भएकोले छिटो मर भन्छ । त्यो देखेर त्यो मानिस (ज्वाँई) हाँस्छ ।

कथाको अन्तिम चरणमा श्रीमतीले श्रीमान्लाई दमाई मर्दा रोएको र ससुरा मर्दा हाँसेको कारण सोध्छे । उसले बताउन चाहँदैन । श्रीमतीले धेरैकर गरेपछि पहिले चिता बनाउन अनि भन्छु भन्छ । उसले श्रीमतीलाई बताउँदै जान्छ । चिताबाट भालु निस्केर जामुनको रूखमा चढ्छ । भाले भालु पाकेका जामुन आफू खान लाग्यो र श्रीमतीलाई पनि दिन थाल्यो । श्रीमती नअघाएकोले भालु हाँगा भाँची तल खस्यो । पोथी भालु (श्रीमती) लाई पिट्न थाल्यो । पोथी भालु रून थाल्यो । त्यसपछि भालु दम्पत्ति जंगल र मानव दम्पत्ति घरतिर लागे ।

**ख. पात्र /चरित्र**

यस लोककथामा मान्छे, उसकी श्रीमती र काल प्रमुख पात्रका रुपमा रहेका छन् । मान्छे सत पात्र हो । मान्छेको श्रीमती र काल असत पात्र हुन् । कथामा प्रसङ्गवश आएका भालु, पोथी भालु, काल सहायक चरित्र हुन् । मर्न लागेको दमाई र ससुरा गौण चरित्रका रुपमा रहेका छन् ।

**ग. परिवेश**

कथामा स्थानीय परिवेश आएको छ । आन्तरिक परिवेशका रुपमा मान्छेको मनस्थिति आएको छ । बाह्य परिवेशका रुपमा गाउघर, ससुराली मसानघाट आएको छ ।

**घ. उद्देश्य**

गोप्य रहस्य जतिसुकै नजिकको मानिसलाई पनि भन्नु हुदैन । भक्ति गर्दा अवश्य फल मिल्छ भन्ने सन्देश प्रदान गर्नु लोककथाको उद्देश्य रहेका छ ।

**ङ. भाषा**

लोककथामा कथ्य भाषाको प्रयोग गरिएको पाइन्छ । स्थानीय बझाङी भाषिकामा नझाने, सौरासी आदि कथामा प्रस्तुत गरिएको छ ।

**च. शैली**

नझाने गाउको बाटो नसोध्नु भन्ने लोककथामा वर्णनात्मक शैली अपनाइएको छ । कतै-कतै आएको संवादले कथालाई रोचक बनाएको छ ।

**छ. निष्कर्ष**

यो लोककथा सामाजिक स्रोतबाट लिइएको हो । सामाजिक स्रोत भए पनि अति मावत्तेत्तर पात्रको प्रसङ्ग पनि कथामा आएको छ । कथा मनोरञ्जक एवं रोचक छ ।

# पाँचौ अध्याय

## उपसंहार

### ५.१ शोध निष्कर्ष

यस शोधकार्यमा बझाङ जिल्लामा प्रचलित लोककथाहरूको अध्ययन गरिएको छ । बझाङ जिल्लाका लोक साहित्य विषयक विभिन्न शोधहरू भए तापनि लोककथा बारेमा छुट्टै अध्ययन नभएकोले यो शोध गरिएको हो ।

यस शोधपत्रको पहिलो अध्यायमा शोध परिचय प्रस्तुत गरिएको छ । हालसम्म भएका कार्यको लेखाजोखा र अगामी कार्यको दिशानिर्देश गर्ने काम यस अध्यायले गरेको छ ।

दोस्रो अध्यायमा लोककथाको सिद्धान्त प्रस्तुत गरिएको छ । लोककथा सम्बन्धमा स्वदेश र विदेशी विद्धानहरूमा दृष्टिकोण, मान्यतालाई प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा बझाङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन गरिएको छ । बझाङी भाषामा प्रस्तुत यी लोककथाहरू मानव विषयक धार्मिक विषयक, साहस र बहादुरी विषयक, दैवी विषयक, पशुपंक्षी विषयक, सांस्कृतिक विषयक र अर्ती उपदेश विषयक रहेका छन् । मानव, अतिमानव, पशुपंक्षी र देवी देवताका कथा यी लोककथारूमा आएको पाइन्छ ।

चोथौ अध्यायमा बझाङ जिल्लामा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण गरिएको छ । लोककथाहरूलाई विद्वानरूले निर्धारण गरेका मान्यताका आधारमा वर्गीकरण गरिएको छ ।

वर्गीकरण गरिएका लोककथालाई विधा सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । बझाङ जिल्लाका लोककथामा निम्न विशेषता रहेको पाइन्छ ।

(क) बझाङ जिल्लाका लोककथामा स्थानीय परिवेश, संस्कृति र स्थानीय देवताका कथा पाइन्छन् । स्थानीय देवताको उत्पत्ति, विकास र स्थापनाका साथै समाजमा तिनको स्थान पनि देखाइएको छ । जस्तै : लागा देवताको बात, जालपादेवीको बात, सूर्मादेवीको बात, देवताको बरदानबाट छोरा पाए ।

(ख) मानिसको स्वभाव र प्रकृतिसँग सम्बन्धित लोककथाहरू धेरै प्रचलित छन् । समाजमा हुने घटना, मानिसहरूका सुख-दुःख, द्वन्द्व-भिन्नता, प्रेम-विछोडका घटनाहरू यी लोककथामा आएको पाइन्छ । यस्ता लोककथामा सत्यको विजय, लामो चुल्ठीको बात, बाहुनले पाएको न्याय, झुठो गर्दा दुःख पाउनु आदि हुन् ।

(ग) बझाङी समाजमा पशुपक्षी र उनीहरूको शीलस्वभावका बारेमा पनि लोककथा निर्माण गरिएको पाइन्छ । सुगा चणाको बात, कुकुर-बिल्लाको बात, माल-बाखाको कथा यस्ता खाले लोककथा हुन् ।

(घ) विभिन्न वीर र साहसी मानिसहरूका कथा पनि बझाडी समाजमा छन् । आफ्नो वीरताले समाजमा स्थान बनाउन सफल पात्रहरूका कथा समाजले रूचिपूर्वक सुन्दै सुनाउँदै आएको पाइन्छ ।

(ङ) धार्मिक आस्था प्रकट गर्ने र अर्ती-उपदेश दिने खालका कथाहरू पनि पाइन्छन् । यस्ता कथाहरूमा पाले पुण्य मारे पाप, नझाने गाउँको बाटो नसोध्नु, कसाइ र शिक्षक रहेका छन् । यी कथामा सामाजिक एवम् नैतिक आदर्शको प्रधानता पाइन्छ ।

(च) इतिहास र संस्कृतिसँग सम्बन्धित लोककथा पनि बझाङमा पाइन्छन् । राजकुमारीको भ्यागुतोसँग विवाह, एक राजा सात रानी जस्ता लोककथाहरूमा इतिहास र संस्कृतिका प्रसङ्ग आएको पाइन्छ ।

(छ) अतिमानवीय पात्रका चरित्रसँग सम्बन्धित लोककथाहरू पनि प्रचलित पाइन्छन् । जस्तै धामीले राक्षसको भूत खाए, नौमुखे राक्षस, मान्छे राक्षसको कब्जामा

बभ्फाङ जिल्लामा प्रचलित लोककथामा सामान्य मानिसदेखि लिएर देवी देवता, भुतप्रेत, पशुपंक्षीका लोककथाको प्रचलन रहेको पाइन्छ ।

## ५.२ सम्भावित शोध शीर्षकहरू

(क) बभ्फाङ जिल्लामा प्रचलित लोककथाको समाज शास्त्रीय अध्ययन ।

(ख) बभ्फाङ जिल्लामा प्रचलित लोककथाको लोकतात्विक अध्ययन ।

(ग) बभ्फाङ जिल्लामा प्रचलित लोककथाको संरचनात्मक अध्ययन ।

(घ) नेपाली र बभ्फाङी लोककथाको तुलनात्मक अध्ययन ।

# परिशिष्ट एक
# कथा वाचकको परिचय

| क्रम संख्या | कथाको नाम | वाचकको नाम | ठेगाना | उमेर | शिक्षा | लिङ्ग |
|---|---|---|---|---|---|---|
| १ | लागा देवताको बात | हर्क ब. बम्म | सुवेडा | ८४ | अशिक्षित | पुरूष |
| २ | राँगो र दलवीरया | राम ब. ऐडी | सुनिकोट | ५३ | अशिक्षित | पुरूष |
| ३ | नौमुखे राक्षस | गौरीशंकर जोशी | तालकोट | ३८ | एम. एड. | पुरूष |
| ४ | भाग्यमानी भाइबैनी | रमेश उपाध्याय | मेलबिसौना | ३६ | एम. ए | पुरूष |
| ५ | नभ्फाने गाउँको बाटो नसोध्नु | धनभक्त जोशी | भाप्रिकोट | ८५ | अशिक्षित | पुरूष |
| ६ | जलपादेवीको बात | शिखण्डी जोशी | रिठापाटा | ५४ | एस.एल.सी. | पुरूष |
| ७ | सुगा चणाको बात | प्रसाद पुरी | कोटदेवल | ५५ | एस.एल.सी. | पुरूष |
| ८ | सत्यको विजय | नन्दराज देवान जोशी | सुवेडा | ४५ | आइ. ए. | पुरूष |
| ९ | लामो चुल्ठोको बात | शोभाकान्त उपाध्यया | भातेखोला | ३० | बि.एड. | पुरूष |
| १० | बाहुनले पाएको न्याय | रामप्रसाद उपाध्याय | पौवागढी | ४० | एम.ए. | पुरूष |
| ११ | कसाई र शिक्षक | जन्मजय जोशी | हेमन्तवाडा | ४२ | बि.एड. | पुरूष |
| १२ | राजकुमारीको भ्यागुतोसँग विवाह | हर्कदेव जोशी | हेमन्तवाडा | ३६ | सा.ले.. | पुरूष |
| १३ | सिलिङ्ग्या डालीको बात | मनिराम कोइराला | सेलाखेत | ६० | सा.ले. | पुरूष |
| १४ | भ्फुठो गर्दा दुःख पाउनु | प्रसाद पुरी | कोटदेवल | ५५ | एस.एल.सी. | पुरूष |
| १५ | कुकुर बिल्लाको बात | जयलाल खडका | साँइलाबगर | ५६ | सा.ले. | पुरूष |
| १६ | बाबु चेलाको बात | जयबहादुर डाउका | डाउगाउँ | ३६ | सा.ले. | पुरूष |
| १७ | धर्म राख्यो भने भेट हुन्छ | विष्णु कुँवर | खेइरा | ५६ | सा.ले. | पुरूष |
| १८ | पाले पुण्य मारे पाप | हरि बम्म | चैनपुर | ५८ | सा.ले. | पुरूष |
| १९ | दिदी नहुँदा भाइको बिचल्ली | धर्मराज जैसी | धामीलेक | ५५ | सा.ले. | पुरूष |
| २० | सुर्मादेवीको बात | धनभक्त जोशी | चैनपुर | ८५ | सा.ले. | पुरूष |
| २१ | गरीबलाई दुःख | ध्वजवीर सार्की | डाँडागाउँ | ६५ | सा.ले. | पुरूष |
| २२ | बुद्धिमान बुढाबुढी | रामबहादुर बम्म | सुनिकोट | ६५ | सा.ले. | पुरूष |
| २३ | एक राजा सात रानी | काशी जोशी | धमेना | ७० | सा.ले. | पुरूष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | देवताको वरदानबाट छोरा पाए | हर्क ब. बम | सुबेडा | ७५ | सा.ले. | पुरूष |
| २५ | मान्छे राक्षसको कब्जामा | ध्वजराज जोशी | काप्रिकोट | ५६ | एस. एल.सी. | पुरूष |
| २६ | माल बाखाको कथा | जन्मजय जोशी | पँडेस | ४१ | बि.ए. | पुरूष |
| २७ | धामीले राक्षसको भूत खाए | करन खडका | साँइलाबगर | ५८ | सा.ले. | पुरूष |

# सन्दर्भ कृति सूची

ओझा, देवीप्रसाद, **सुदूर पश्चिमाञ्चलमा साहित्य र साहित्यकारहरू,** कञ्चनपुर : सु.प.सा.स., २०६० ।

उपाध्याय, कृष्णदेव, **लोकसाहित्य की भूमिका,** इलाहाबाद : साहित्य भवन, इं. १९७७ ।

गिरी, जीवेन्द्र देव, **नेपाली लोकसाहित्य अवलोकन** काठमाडौं : एकता प्रकाशन, २०५७ ।

जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति,** काठमाडौ : रत्न पुस्तक भण्डार, २०१४ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**,काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०४०, ।

दिवस, तुलसी, **नेपाली लोककथाः केही अध्ययन,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३३ ।

.............. **विश्वका लोककथा,** भूमिका, ( काठमाडौ साझा प्रकाशन, २०२६)

पराजुली, कृष्णप्रसाद **नेपाली लोकगीतको आलोक,** काठमाडौं, वीणा प्रकाशन, २०५७ ।

.......... **नेपाली लोकसाहित्यको आलोक,** काठमाडौं : वीणा प्रकाशन २०६६, ।

पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी, **नेपाली लोक साहित्यको रूपरेखा**, काठमाडौं : साझा प्रकाशन, २०६८ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौ : एकता प्रकाशन, २०५८ ।

भट्ट, पुष्कर राज, **सुदूर पश्चिममा मातृभाषा साहित्य,** काभ्रे : जनमत प्रकाशन, २०६५ ।

भट्टराई, ज्ञानेश्वर, **बृहत ज्ञानकोश,** काठमाडौं : आषिश पुस्तक भण्डार, २०६५ ।

यात्री, यज्ञ राज र अन्य, **साहित्यकार परिचय कोश,** कैलाली :सु.प. साहित्य समाज, २०६० ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोक साहित्य,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

त्रिपाठी, वासुदेव, **विचरण,** काठमाडौं : भानु प्रकाशन, २०२८ ।

**शोधपत्रहरू**

उपाध्याय, राम प्रसाद “बझाडी देउणा गीतको अध्ययन” अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग, २०५७ ।

गिरी, धन “बझाडी गाउँखाने कथाको अध्ययन” अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६५ ।

जोशी, हित राज “बझाडी संस्कृतिमा भुओगीतको अध्ययन” अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६१ ।

दहनी, विष्णु बहादुर “बझाङ जिल्लाको बाह्रमासे गीतको अध्ययन” अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६५ ।

दौल्याल, विष्णु बहादुर "बभ्फाङ थली नौबिसमा प्रचलित माङ्गलहरूको अध्ययन" अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६५ ।

सविना ज्ञवाली "गुल्मी जिल्लाका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण" अप्रकाशित स्नात्तकोत्तर शोधपत्र त्रि.वि. ने. के. वि. २०६१ पृ.९६ ।

सोती, विश्व राज "बभ्फाङी माँगलहरूको अध्ययन" अप्रकाशित स्नात्तकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६२ ।